# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

आर्थिक वर्ष २०८१/०८२ वार्षिक प्रतिवेदन
प्रतिलिपि अधिकार © राष्ट्रिय योजना आयोग

प्रकाशक
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
टेलिफोन नं. ९७७-१-४२११००४, ४२१११३२
www.npc.gov.np

# भूमिका

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा २३ को उपदफा (१) मा भएको व्यवस्था अनुसार यस आयोगले सम्पादन गरेको प्रमुख कार्यहरु तथा हासिल गरेका उपलब्धिहरू समावेश गरी नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

राष्ट्रिय योजना आयोगले आवधिक योजना तर्जुमा र कार्यान्वयन सहजीकरण, मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम तयारी, विकास व्यवस्थापनको वर्तमान अवस्था, प्रमुख मुद्दा र राष्ट्रिय योजना आयोगको चुनौती, विकास प्रक्रियामा अनुभूत गरिएका समस्या एवम् व्यवधानको सहजीकरण सम्बन्धमा गरिएको तहगत समन्वय, विभिन्न कार्यक्रम/आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यमा आधारित पृष्ठपोषण र राष्ट्रिय नीतिहरुमा आवश्यक राय/सुझाव उपलब्ध गराउने जस्ता प्रमुख विषयलाई आधार लिई आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

अन्त्यमा, यस वार्षिक प्रतिवेदन तयारी कार्यमा संलग्न भई महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने आयोगको अनुगमन तथा मूल्याङ्कन महाशाखा लगायत सबै महाशाखा/शाखा प्रमुखहरु एवम् सबै कर्मचारीलाई राष्ट्रिय योजना आयोग विशेष धन्यवाद ज्ञापन गर्दछ।

असोज २०८२

राष्ट्रिय योजना आयोग

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः २०८२/८३

चलानी नं. ६२

मितिः २०८२/०६/२८

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौं।

विषयः आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको।

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा २३ को व्यवस्था अनुसार यस आयोगले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेको प्रमुख काम तथा हासिल गरेका उपलब्धिहरू समावेश गरी तयार गरिएको वार्षिक प्रतिवेदन मिति २०८२।०६।०५ गतेको निर्णयानुसार प्रस्तुत गरिएको व्यहोरा सादर अनुरोध गर्दछु।

२०८२।६।२८
.....................
(गोकर्णमणि दुवाडी)
सदस्य सचिव

# विषयसूची


| | | |
|---|---|---|
| परिच्छेद - १ | | |
| प्रारम्भिक | | १ |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ राष्ट्रिय योजना आयोगको परिचय | १ |
| | १.३ राष्ट्रिय योजना आयोगको ऐतिहासिक विकासक्रम | २ |
| | १.४ राष्ट्रिय योजना आयोगको गठन | ४ |
| | १.५ राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार | ५ |
| | १.६ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था | ११ |
| परिच्छेद - २ | | |
| राष्ट्रिय योजना आयोगबाट सम्पादित प्रमुख कार्यहरु | | १३ |
| | २.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा अन्तर्गत | १३ |
| | २.२ अनुगमन तथा मूल्याङ्कन | १७ |
| | २.३. तहगत समन्वय एवं सहकार्यात्मक संघीयता सुदृढीकरण | २१ |
| | २.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण | २३ |
| | २.५ आयोगबाट सम्पादित अन्य कार्यहरु | २४ |
| परिच्छेद - ३ | | |
| नेपालमा विकास व्यवस्थापनको वर्तमान अवस्था, प्रमुख मुद्दा र राष्ट्रिय योजना आयोगका चुनौती र सुधारहरू | | ३२ |
| | ३.१ विद्यमान अवस्था | ३२ |
| | ३.२. विकास व्यवस्थापन सम्बन्धी समस्या | ३२ |
| | ३.३. विकास प्रक्रियाका मूलभूत सवाल तथा चुनौतीहरू | ३५ |
| | ३.४. विकास व्यवस्थापनको सुधारको लागि राष्ट्रिय योजना आयोगले गरेका प्रयासहरू | ३७ |
| | ३.५. राष्ट्रिय योजना आयोगले सामना गरेका चुनौतीहरु | ३८ |
| | ३.६. राष्ट्रिय योजना आयोगले आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरु | ३९ |
| | ३.७. योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरु | ४० |

| | |
|---|---|
| अनुसूची - १ | ४२ |
| राष्ट्रिय योजना आयोगको स्वरूप | ४२ |
| अनुसूची - २ | ४२ |
| राष्ट्रिय योजना आयोगका वर्तमान पदाधिकारीज्यूहरू तथा कर्मचारीहरूको  विवरण | ४२ |
| अनुसूची - ३ | ५१ |
| राष्ट्रिय विकास समस्या समाधान समितिको स्वरूप | ५१ |
| अनुसूची - ४ | ५२ |
| ५३ औं राष्ट्रिय विकास समस्या समाधान समितिमा गरिएका निर्णयहरूको कार्यान्वयनको स्थिति | ५२ |
| अनुसूची - ५ | ७० |
| राष्ट्रिय विकास समस्या समाधान समितिको ५४ औं बैठक निर्णयहरु | ७० |
| अनुसूची - ६ | ७४ |
| राष्ट्रिय योजना आयोगको बैठकका निर्णयहरू | ७४ |
| अनुसूची - ७ | ११२ |
| सोहौं योजनाको परिमाणात्मक लक्ष्य, उपलब्धी | ११२ |
| अनुसूची - ८ | ११६ |
| मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८१/८२-२०८३/८४) | ११६ |
| अनुसूची - ९ | १३५ |
| आर्थिक वर्ष २०८२/८३ को विकास कार्यक्रम तथा बजेटको बाँडफाँट | १३५ |

# परिच्छेद - एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

संविधानले मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने परिकल्पना गरेको छ। यस परिकल्पनालाई मूर्तरूप दिन क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकास गर्न विकासको आवधिक योजना, दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने मार्गचित्र तय गरेको छ। यही मार्गचित्रमा अग्रसर हुन नेपालको समग्र विकासको खाका कोर्ने दीर्घकालीन सोंच सहितको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक हुन्छ। यस परिदृष्यमा राष्ट्रिय योजना आयोगको आवश्यकता र औचित्य महशुस गरी आयोगको स्थापना र कार्यसञ्चालनमा आएको हो।

राष्ट्रिय योजना आयोगको प्रमुख कार्यक्षेत्र र जिम्मेवारीका आयामहरूमा तथ्यपरक योजना तथा दीर्घकालीन सोंच तर्जुमा गर्ने, अध्ययन अनुसन्धान र अन्वेषण, अनुगमन तथा मूल्याङ्कन र तहगत समन्वय रहेका छन्। यी आयामहरू भित्र तथ्यपरक क्षेत्रगत नीति एवम् रणनीतिहरू तयार गरी विकासका कार्यक्रमलाई लक्षित दिशामा निर्देशित गर्ने, यस सम्बन्धमा तहगत समन्वय गर्ने, राष्ट्रिय गौरव, रुपान्तरणकारी एवं ठूला आयोजनाहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यमा आधारित पृष्ठपोषण उपलब्ध गराउने, विकास प्रक्रियामा अनुभूत गरिएका वा सम्भावित समस्या एवम् व्यवधानको सहजीकरण गर्ने र नेपाल सरकारको विकास सल्लाहकारको भूमिका निर्वाह गर्ने प्रमुख जिम्मेवारी राष्ट्रिय योजना आयोगले पूरा गर्दै आएको छ। आयोगले दीर्घकालीन सोचसहितको कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत तथा कार्यक्रम कार्यान्वयनमा देखापर्ने जटिलताको प्रभावकारी समन्वय, सरलीकरण, स्रोतको आँकलन, पहिचान र प्राथमिकीकरणका आधारमा न्यायोचित वितरण, वित्तीय सङ्घीयताको कार्यान्वयन र मध्यमकालीन खर्च संरचनाको सुदृढीकरण, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास र तथ्याङ्क प्रणालीलाई वैज्ञानिक, भरपर्दो र पहुँच योग्य बनाउने दायित्वलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ।

## १.२ राष्ट्रिय योजना आयोगको परिचय

राष्ट्रिय योजना आयोग राष्ट्रिय विकास परिषद् अन्तर्गत रहेको देशको विकास योजना तर्जुमा गर्ने तथा नीति तर्जुमामा सरकारलाई सल्लाह दिने प्रमुख निकाय हो। यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनको लागि केन्द्रीय निकायको रूपमा कार्य गर्दछ। यसैगरी यस

आयोगले देशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ ।

आयोगको वर्तमान संगठन संरचना र यसका विभिन्न कार्यहरू आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ मा व्यवस्था गरिएको छ। नेपाल सरकारको मुख्य सचिव र अर्थ सचिव आयोगको पदेन सदस्यको रूपमा रहने व्यवस्था छ। आयोगका सदस्य सचिवले आयोगको प्रशासकीय प्रमुखको रूपमा समेत कार्य गर्ने व्यवस्था रहेको छ।

## १.३ राष्ट्रिय योजना आयोगको ऐतिहासिक विकासक्रम

योजनावद्ध विकास प्रक्रियाको प्रारम्भसँगै वि.सं.२०१३ मा प्रथमपटक योजना आयोगको नामबाट प्रधानमन्त्रीको अध्यक्षतामा योजना निर्माण गर्ने निकाय गठन भएको थियो। यसलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ अनुसार त्यही वर्ष योजना मण्डलको स्थापना भएको थियो।

योजना तर्जुमा गर्ने जिम्मेवारी बाहेक योजना मण्डललाई विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो । वि.सं.२०१७ मा बहुदलीय व्यवस्थालाई अन्त्य गरिएसँगै तत्कालीन राजा श्री ५ महेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा राष्ट्रिय योजना परिषद् (National Planning Council) को स्थापना भएको र परिषद्को निर्णय मन्त्रिपरिषद्को निर्णय बराबरको मान्यता दिई परिषद्लाई आर्थिक योजना तथा नीति निर्माणको लागि अधिकार प्राप्त निकायको रूपमा स्वीकार गरिएको थियो । प्रारम्भमा परिषद्लाई सहयोग पुऱ्याउन छुट्टै एउटा सचिवालयको स्थापना भएको थियो। यद्यपि, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भए पश्चात सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक सहायता सम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद् अन्तर्गत ल्याइएको थियो।

वि.सं. २०२० मा राष्ट्रिय विकास परिषद् विघटन भयो र केन्द्रीय रूपमा योजना निर्माण गर्ने निकाय मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने गरी साविककै नाम दिई अर्को परिषद गठन गरियो। मन्त्रिपरिषद्का सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुने गरी आर्थिक विकास (Economic affairs) मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो।

वि.सं. २०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयलाई दिइयो। मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्लाई प्रतिस्थापन गरी प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोग बनाई यसलाई सघाउन छुट्टै सचिवालय स्थापना गरियो। वि.सं. २०२९ मा तयार गरिएको एउटा बृहत अध्ययनको

प्रतिवेदनबाट प्रस्ताव गरे अनुसार केन्द्रीय योजना निर्माण सम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी पुनर्गठन गरियो।

वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरूपमा सामान्य परिवर्तन गरियो। वि.सं. २०४८ मा पनि राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको थियो। पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको ५ जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था गरियो। मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा समावेश गरियो।वि.सं. २०६२/६३ को पश्चातको अन्तरिम संविधान जारी भएसँगै तत्कालीन सरकारले आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश,२०६७ जारी गऱ्यो । वि.सं. २०७२ असोज ३ गते नेपालको संविधान जारी भए पश्चात मिति २०७४ साल फाल्गुण २८ गतेको नेपाल सरकारको निर्णयबाट राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ लागू भई राष्ट्रिय योजना आयोगको पुनर्गठन गरिएको छ। हाल राष्ट्रिय योजना आयोग सोही गठन आदेशमार्फत कार्यसञ्चालनमा रहेको छ। यसको ऐतिहासिक विकासक्रमलाई चित्र नं १ मा प्रस्तुत गरिएको छः-

**चित्र नं १: राष्ट्रिय योजना आयोगको ऐतिहासिक विकासक्रम**



वर्तमान अवस्थामा आयोगको भूमिका र कार्य जिम्मेवारीहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा समेत उल्लेख छ । राष्ट्रिय योजना आयोगको गठन तथा कार्यसञ्चालन आदेश, २०७४ मा आयोगको काम, कर्तव्य, अधिकार र जिम्मेवारी स्पष्ट रूपमा व्यवस्था गरिएको छ । आयोगको सांगठानिक संरचनामा ६ वटा महाशाखाहरू रहेका छन्। आर्थिक व्यवस्थापन, दिगो विकास तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा, पूर्वाधार तथा उत्पादन महाशाखा, अनुगमन तथा मूल्याङ्कन महाशाखा, अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा, प्रशासन महाशाखा र सामाजिक विकास महाशाखा रहेका छन्। विभिन्न महाशाखा अन्तर्गत अनुसूची-२ मा आयोगमा कार्यरत कर्मचारीहरूको सूची समावेश गरिएको छ।

राष्ट्रिय योजना आयोगको विकासक्रम, आयोगको काम, कर्तव्य र अधिकार, संस्थागत तथा कार्यगत व्यवस्था, गत आर्थिक वर्षमा सम्पादित प्रमुख कार्य तथा उपलब्धीहरू, आयोगको काम कारबाहीमा देखापरेका समस्या तथा चुनौतीहरू र आयोगको भावी कार्यदिशा समेटेर राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा २३ (१) को व्यवस्था अनुसार प्रतिवेदन तयार गरिएको छ। आयोगको कार्य जिम्मेवारी भित्र रही गतवर्ष राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्था (अनुसूची-४ र ५), आयोगबाट भएका आन्तरिक मूल्याङ्कनका निचोड, आयोगले तर्जुमा तथा प्रकाशन गरेका विकास कार्यक्रम तथा आयोजना सम्बन्धी मापदण्ड र मार्गदर्शन, विनियोजित बजेट र खर्चको अवस्था र आयोगको पूर्ण र नियमित बैठकबाट भएका निर्णयहरू तथा आयोगबाट भएका मुख्य अध्ययनका निचोडहरूलाई प्रतिवेदनमा समावेश गरिएको छ ।

## १.४ राष्ट्रिय योजना आयोगको गठन

### १.४.१ आयोग गठनको आधार

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/११/२८ को बैठकले राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत गरे बमोजिम अनुसूची १ मा राष्ट्रिय योजना आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू सम्मिलित समितिको संरचना समावेश गरिएको छ।

आयोगका उपाध्यक्ष र सदस्यहरूले आयोगको पूर्णकालीन पदाधिकारीको रूपमा कार्य गर्ने ब्यवस्था रहेको छ। आयोगका सदस्यको नियुक्ति गर्दा देहाय बमोजिमको विषय क्षेत्रको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था रहेको छ।

(क) आर्थिक विकास,

(ख) सामाजिक विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा,

(घ) अन्य प्राकृतिक स्रोत र मानवस्रोत व्यवस्थापन र

(ङ) सुशासन तथा व्यवस्थापन।

माथि उल्लेख गरिएको विषय/क्षेत्र आयोगको कार्यक्षेत्र पनि हुन्।

### १.४.२ आयोगको संगठन संरचनाः

प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय योजना आयोगको हालको संगठन संरचनामा पूर्णकालीन उपाध्यक्ष, एक जना महिला सहित बढीमा ७ जना सदस्यहरू र एक जना सदस्य-सचिव तथा नेपाल सरकारका मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यको रूपमा रहने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/१/११ को बैठकले माथि उल्लिखित व्यवस्था अनुसार गठन गरेको आयोगको स्वरूप अनुसूची -१ मा संलग्न छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/२/१३ मा स्वीकृत आयोगको वर्तमान संगठन संरचना अनुसार गठन आदेशको दफा १७ को व्यवस्था अनुरूप आयोगको प्रशासनिक नेतृत्व नेपाल सरकारको निजामती सेवाको विशिष्ट श्रेणीको सचिवले गर्ने रहेको छ। आयोगका प्रशासकीय प्रमुखको रूपमा रहने सचिवले आयोगको सदस्य सचिवको समेत कार्य सम्पादन गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.५ राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार

### १.५.१ राष्ट्रिय योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ मा उल्लेख गरिए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्ः-

**(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमाः**

१. मुलुकको समग्र समृद्धिकालागि दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

२. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

३. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा सङ्घीयस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी सहमति दिने,

४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

५. राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने,

६. अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,
७. अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,
८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,
९. अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र संप्रेषण गर्ने, गराउने ।

**(ख) अनुगमन तथा मूल्याङ्कन :**

१. मुलुकको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,
२. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,
३. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने/ गराउने।

**(ग) तहगत समन्वय :**

संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण :**

१. कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रियस्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने।
२. प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अध्ययन तथा अनुसन्धानमा प्रोत्साहन तथा सहजीकरण गर्ने ।
३. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र

व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

## १.५.१ अन्य कानुनमा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः-

### (क) आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६

**ऐनको दफा ६ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेः**

- राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नु पर्ने,
- राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाई लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने ।

**ऐनको दफा ७ बमोजिम स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नु पर्नेः**

- राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्ने,
- राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने,
- स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नु पर्ने,
- स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नु पर्ने,
- स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्ने।

**ऐनको दफा ८ बमोजिम बजेट सीमा र मार्गदर्शन पठाउने दायित्व योजना आयोगको रहेकोः**

- स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका र राष्ट्रिय गौरवका आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकम समेत उल्लेख गरी

आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन प्रत्येक आर्थिक वर्षको फाल्गुन सात गतेभित्र अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने।

- यसरी आयोगबाट प्राप्त विवरणको आधारमा आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन अर्थ मन्त्रालयले चालु आर्थिक वर्षको फागुन १५ गते भित्र सम्बन्धित मन्त्रालय, आयोग वा केन्द्रीय निकायमा पठाउनुपर्ने व्यवस्था सो दफामा रहेको छ।
- प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी फागुन मसान्तभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था समेत रहेको छ।

## ऐनको दफा ९ बमोजिम बजेट प्रस्तावमा छलफल गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेः

- लेखा उत्तरदायी अधिकृतले बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्ने,
- राष्ट्रिय योजना आयोगले प्राप्त प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि, सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन नर्म्स, ड्इङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सोको प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्ने ।

## (ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा २२ अनुसार राजश्व र व्ययको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

## (ग) अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०

- यस ऐनको दफा ८ को उपदफा १ अनुसार आयोगले योजनाको मूल्याङ्कनको लागि मापदण्ड निर्धारण गर्नेछ। यसरी आयोगबाट निर्धारण गरिएका मापदण्ड सार्वजनिक निकाय ,साझेदार लगायत सम्बन्धित सबै पक्षले पालना गर्नु पर्ने प्रावधान रहेको छ। अनुगमन तथा मूल्याङ्कनको विषयमा

आयोगले सम्बन्धित निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित निकाय वा पदाधिकारीको कर्तव्य हुनेगरी आयोगलाई अधिकार दिइएको छ।

- ऐनको दफा १० मा योजना आयोगले देहायका योजनाको आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछः-
  - नेपाल सरकारका आवधिक योजना, गुरु योजना, वार्षिक योजना,
  - राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, रूपान्तरणकारी आयोजना, नेपाल सरकारले तोकेका महत्त्वपूर्ण आयोजना,
  - वैदेशिक सहायतामा सञ्चालित आयोजना र
  - अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी प्रचलित कानून बमोजिम प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइएको अनुदानबाट सञ्चालित आयोजना।

आयोगले छ महिनामा एक पटक देहायका आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछः

- राष्ट्रिय गौरवका आयोजना,
- राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना,
- रूपान्तरणकारी आयोजना,
- नेपाल सरकारले तोकेको महत्त्वपूर्ण आयोजना र
- वैदेशिक सहायतामा सञ्चालित आयोजना।

दफा २८ मा विद्युतीय प्रणालीको प्रयोग सम्बन्धमा आयोगले अनुगमन वा मूल्याङ्कन सम्बन्धी कार्यलाई व्यवस्थित र छिटो छरितो बनाउन विद्युतीय माध्यमबाट व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्जालीकरण (नेटवर्किङ) गर्नेछ। त्यस्तो प्रणालीमा सबै सार्वजनिक निकायहरू आबद्ध हुनेछन् र सोको प्रयोग सम्बन्धी आयोगले जारी गरेका निर्देशनहरू पालना गर्ने विषय उल्लेख भएको छ।

## (घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

### नियमावलीको नियम ११ बमोजिम मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया र समयसीमाः

राष्ट्रिय योजना आयोगले ऐनको दफा ६ बमोजिम मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व हुनेगरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी माघ मसान्तभित्र तयार गर्नुपर्ने।

१. केन्द्रीय निकायले उपनियम १ बमोजिमको मध्यमकालीन खर्च संरचनाको खाकाको आधारमा देहायको विवरण समावेश गरी मध्यमकालीन खर्च संरचना तयार गरी फागुन मसान्तभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्नेछः

- आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल,
- तीन आर्थिक वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक बजेट,
- गत आर्थिक वर्षको यथार्थ खर्च र चालू आर्थिक वर्षको विनियोजन सहितको बजेट खाका,
- तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल, असर र प्रभावसहितको नतिजा खाका

**नियमावलीको नियम १२ बमोजिम राष्ट्रिय स्रोत अनुमान समितिको गठनः**

अर्थतन्त्रको आर्थिक परिसूचकहरूको विश्लेषण गरी समष्टिगत आर्थिक संरचना तयारी, आगामी तीन आर्थिक वर्षको बजेटको कुल सीमा प्रक्षेपण, खर्च तथा स्रोत सहितको मध्यमकालीन खर्च संरचना सीमा निर्धारण र बजेटको कार्यान्वयन स्थितिको समीक्षा गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपण गर्न आर्थिक कार्यविधि तथा वित्तीय व्यवस्थापन ऐन, २०७६ को दफा ७(२) र नियमावली, २०७७ को नियम १२ देहाय बमोजिमको राष्ट्रिय स्रोत अनुमान समिति रहने व्यवस्था रहेको छ । सो समितिमा अर्थ मन्त्रालयका राजस्व सचिव र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिवलाई समेत विशेष आमन्त्रण गर्ने गरिएको छ ।

| | |
|---|---|
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | संयोजक |
| सदस्य (आर्थिक व्यवस्थापन क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग | सदस्य |
| गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| सदस्य-सचिव, राष्ट्रिय योजना आयोग | सदस्य-सचिव |

नियमावलीको नियम १३ मा राष्ट्रिय स्रोत अनुमान समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ।

## १.६ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था

### १.६.१ राष्ट्रिय विकास परिषद्:

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ७ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास परिषद् रहने व्यवस्था छ। उक्त परिषद्मा नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सरकारका

मुख्यमन्त्रीहरू, सङ्घीय संसदका समितिका सभापतिहरू, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रदेश सरकारका योजना हेर्ने मन्त्रालय वा निकायका प्रमुख सदस्यका रूपमा र जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रतिनिधिहरू, कानून बमोजिम स्थापना भएका विभिन्न संघ संस्थाका प्रतिनिधिहरू र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको विशेषज्ञ एवम् विज्ञहरूको प्रतिनिधित्व रहने गरी नेपाल सरकारबाट मनोनित पच्चीस जना सदस्य रहने व्यवस्था छ। दीर्घकालीन वा आवधिक विकास नीति वा योजना तर्जुमा गर्ने समयमा आयोगले तयार गरेको खाकामा सरोकारवाला सबै पक्षको छलफलका लागि परिषद्को बैठक बस्ने गरेको छ। यस परिषद्मा छलफल गरिसकेपछि मात्र परिषद्को निर्देशन अनुसार दीर्घकालीन विकास नीति वा आवधिक योजना नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्तुत गर्ने व्यवस्था रहेको छ।

### १.६.२ राष्ट्रिय विकास समस्या समाधान समिति:

विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न र तिनको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयको काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रूपमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०४९/०४/८ को निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समिति रहने संस्थागत व्यवस्था गरिए देखि हालसम्म यस समितिले परिवर्तित संरचना अनुसार नै कार्य गर्दै आएको छ। अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० मा सम्माननीय प्रधानमन्त्री तथा आयोगका अध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति रहने कानुनी प्रावधान छ। विशेषगरी यसले विभिन्न मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन स्थितिको समीक्षा गर्ने, मन्त्रालयस्तरको विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने, कार्यक्रम/आयोजनाको कार्यान्वयन तहमा भएका अन्तर मन्त्रालय समन्वय सम्बन्धी विषय, नीतिगत एवम् कानुनी विषयवस्तुहरूका सम्बन्धमा देखिएका समस्याहरूको समाधान गर्ने, कार्यक्रम/आयोजनाको कार्यान्वयनमा देखिने गरेका एकै प्रकृतिका समस्याको स्थायी समाधानका लागि अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गराउने र प्राप्त सुझावका आधारमा नीतिगत निर्णय लिने, मन्त्रालयस्तरीय समस्या समाधान समिति र प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकी पेश हुन आएका वा अन्तर प्रदेश प्रकृतिका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने वा निर्देशन दिने र संघ, प्रदेश र स्थानीय तहमा गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यको समन्वय गर्ने र सो सम्बन्धी आवश्यक निर्देशन दिने कार्य गर्दछ ।

उल्लेखित कार्यका लागि अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० अनुसार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक प्रत्येक चौमासिक अवधिमा एक पटक बस्ने व्यवस्था छ। त्यसैगरी, मन्त्रालयस्तरबाट समाधान हुन नसकी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट समाधान

गर्नुपर्ने प्रकृतिका समस्याहरूको बारेमा छलफल र विश्लेषण गरी समाधानका लागि उपयुक्त सुझाव तयार गर्न, समस्याग्रस्त र विशेषरूपमा अनुगमन गर्नुपर्ने कार्यक्रम तथा आयोजनाहरूको पहिचान गरी तिनीहरूको कार्यान्वयनका लागि आवश्यक निर्देशन दिन, अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित विषयमा आवश्यक समन्वय र निर्देशन दिन राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमिति रहने व्यवस्था छ। सो उपसमितिको बैठक राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक बस्नुपूर्व बस्ने गर्दछ। प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय विकास समस्या समाधान समितिको ५३ र ५४ औं बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्था अनुसूची ४ र ५ मा उल्लेख गरिएको छ।

### १.६.३. राष्ट्रिय स्रोत अनुमान समिति:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ (२) मा राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने जसले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि सङ्घ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। समितिले स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको वार्षिक र चालू आर्थिक वर्षको ६ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षहरूमा उपलब्ध हुन सक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋण लगायतका सङ्घीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नु पर्ने र स्रोतको अनुमान भएपछि चालू वर्षको मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नु पर्दछ।

केन्द्रीयस्तरमा अनुगमन एवम् अन्तर मन्त्रालय तथा निकायगत समन्वय गरी गरिबीको अवस्थाका बारेमा गरिने सर्वेक्षण, तथ्यांक संकलन र विश्लेषण तथा राष्ट्रिय स्तरको प्रतिवेदन तयारी सम्बन्धमा आवश्यक मार्गदर्शन दिन, प्रत्येक आर्थिक वर्षमा राष्ट्रिय योजना आयोग र मन्त्रालयहरूबाट प्रभाव मूल्याङ्कन गरिने संभाव्य नीति, कार्यक्रम तथा आयोजनाहरूको सिफारिस गर्ने व्यवस्था छ। आयोगको गठन आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकारका क्षेत्रभित्र रही माथि उल्लिखित संस्थागत तथा कार्यगत व्यवस्थाका अतिरिक्त आयोगले आफ्नो कार्य क्षेत्रभित्र पर्ने जिम्मेवारीहरू तथा नेपाल सरकारको निर्णयद्वारा आफूलाई सुम्पने कार्यजिम्मेवारी सम्पादन गर्ने क्रममा आयोगको बैठकबाट निर्णय गरी कार्य सम्पादन गर्दै आएको छ। आर्थिक वर्ष २०८१/८२ को अवधिमा बसेको आयोगको बैठकले गरेका निर्णयहरू अनुसूची-७ मा प्रस्तुत गरिएका छन्।

# परिच्छेद - २
## राष्ट्रिय योजना आयोगबाट सम्पादित प्रमुख कार्यहरुः

आर्थिक वर्ष २०८१/८२ को अविधमा आयोगबाट सम्पादित मुख्य मुख्य कार्यहरू र सोबाट हासिल गरेका उपलब्धिलाई समावेश गरी यस परिच्छेदमा उल्लेख गरिएको छ। गठन आदेश अनुसार आयोगको कार्यक्षेत्र चारवटा विषयक्षेत्रसँग सम्बन्धित छन् :

(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा,

(ख) अनुगमन तथा मूल्याङ्कन,

(ग) तहगत समन्वय र

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण।

यस अवधिमा आयोगबाट सम्पादित कार्यहरू र उपलब्धीहरू निम्नानुसार छन :-

### २.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा अन्तर्गत

### १. आर्थिक वर्ष २०८१/८२ मा स्रोत अनुमान, बजेट सीमा निर्धारण तथा मार्गदर्शन बमोजिम सम्पादन भएका कार्यहरूः

- राष्ट्रिय योजना आयोगका सदस्य-सचिवको संयोजकत्वमा रहेको राष्ट्रिय स्रोत अनुमान प्राविधिक समितिले अर्थतन्त्रको प्रवृत्ति वर्तमान अवस्था र भावी परिदृश्य सहित आगामी ३ वर्षको लागि खर्चको आवश्यकता तथा स्रोत अनुमान सम्बन्धमा विस्तृत अध्ययन विश्लेषण गरी सोको प्रतिवेदन राष्ट्रिय स्रोत अनुमान समिति समक्ष प्रस्तुत गरेको।
- राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको संयोजकत्वमा रहेको राष्ट्रिय स्रोत अनुमान समितिले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ बमोजिम आगामी तीन वर्षको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण माघ मसान्तभित्र निर्धारण गरी सोको प्रतिवेदन फागुन ४ गते माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यू समक्ष पेश गरेको।
- ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम आर्थिक वर्ष २०८२/८३ को आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन फागुन ४ गते माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यू समक्ष देहायको विषय समावेश गरी प्रतिवेदन पेश गरेको
  - ✓ त्रिवर्षीय स्रोत अनुमान तथा बजेट सीमा
  - ✓ राष्ट्रिय गौरवका आयोजनाको विश्लेषण, प्राथमिकीकरण एवम् स्रोत सहमति र सिर्जित दायित्वको अवस्था
  - ✓ कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन

- आ.व. २०८२/८३ को बजेटको नीतिगत तथा कार्यक्रमगत छलफल (ऐ. ऐनको दफा ९ बमोजिम) गरी उपदफा (३) बमोजिमको प्रतिवेदन माननीय अर्थमन्त्रीज्यू समक्ष पेश गरेको।
- राष्ट्रिय योजना आयोगमा वि.सं. २०८१ चैत्र १६ गतेदेखि २३ गतेसम्म विषय क्षेत्र हेर्नुहुने आयोगका माननीय उपाध्यक्ष, माननीय सदस्य वा सदस्य सचिवको संयोजकत्वमा छलफल भएको। छलफलमा सम्बन्धित मन्त्रालय वा निकायका सचिव, सहसचिव, विभागीय प्रमुख र शाखा प्रमुखको साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रतिनिधिहरूको उपस्थिति रहेको ।
- समन्वय गर्नुपर्ने प्रमुख मन्त्रालय तथा निकायका प्रतिनिधिको उपस्थितिमा सम्बन्धित विषय क्षेत्रका कार्यक्रम तथा आयोजना कार्यान्वयनबाट सिर्जना हुने समन्वयात्मक अतिरिक्त लाभ (Synergy) तथा विरोधाभाष (Trade-off) सम्बन्धमा छलफल भएको। छलफलका प्रमुख विषयः
  - कार्यक्रम तथा बजेट सम्बन्धी छलफलका आधार
  - स्रोत तथा बजेटका सीमा
  - नीतिगत विषय
  - कार्यक्रमगत विषय
  - नीतिगत तथा कार्यक्रमगत छलफलमा उठेका समग्र सवाल
  - मन्त्रालय तथा निकायगत छलफलको सारांश तथा सुझाव
  - छलफलको समग्र निष्कर्ष
- १६ औं योजनाको प्रभावकारी कार्यान्वयनका लागि तहगत एवम् निकायगत जिम्मेवारी, समन्वयात्मक अतिरिक्त लाभ एवम् विरोधाभाषका क्षेत्र तालिका (Synergy and Trade-off Matrix) तथा नतिजा सूचकसहित कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार गरिएको।
- प्रमुख आर्थिक सूचकहरूको उत्पादन, व्याख्या र प्रयोग गर्न आवश्यक विषयवस्तु समेटिएको साविकको प्रमुख आर्थिक सूचक प्रयोग विधि पुनरावलोकन गरी नयाँ "प्रमुख आर्थिक सूचकको प्रयोग विधि" पुस्तक प्रकाशन गरिएको।
- सन् २०२६ मा नेपालको अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा हुने स्तरोन्नतिलाई सहज, दिगो र अपरिवर्तनीय बनाउने उद्देश्यका साथ "सहज स्तरोन्नति रणनीति (Smooth Transition Strategy)" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको। सो रणनीति कार्यान्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगका सचिवको अध्यक्षतामा गठित सङ्घीय तह अनुगमन

समितिको बैठक बसी सरोकारवाला मन्त्रालयहरूसँग छलफल गरिएको। STS सम्बन्धी विषयक्षेत्रगत कार्ययोजना तर्जुमा गरिएको।

- राष्ट्रिय मानव विकास प्रतिवेदन तयारी सम्बन्धी अवधारणा पत्र (Concept Note) तर्जुमा गरी निर्देशक समितिबाट स्वीकृत गरिएको। प्रतिवेदन तयारीका लागि सरोकारवालाहरूसँग राय परामर्श गर्ने सम्बन्धी कार्य अघि बढाइएको।
- आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा कार्यको सिलसिलामा मिति २०८२/०२/०५ गते विभिन्न समसामयिक नीति सवालहरूमा पूर्व अर्थमन्त्रीज्यूहरू तथा आयोगका पूर्व उपाध्यक्षज्यूहरूको उपस्थितिमा "नीति संवाद कार्यक्रम" सम्पन्न गरिएको।
- सोह्रौं योजना कार्यान्वयन गर्न विषय क्षेत्रगत अन्तरआवद्धता Forward and backward Linkages कायम हुनेगरी कार्यक्रम/परियोजनाबीच रहने संयुक्त सकारात्मक प्रभाव (Synergy) वा एक-आपसमा सिर्जना हुनसक्ने सम्भावित विरोधाभाष (Trade-off) पहिचान गरी राष्ट्रिय योजना आयोगको समन्वयमा सम्बन्धित मन्त्रालय तथा निकायहरूले निर्धारित समयभित्र विषय क्षेत्रगत कार्यान्वयन योजना तर्जुमा गर्ने सम्बन्धमा आयोगका उपाध्यक्ष मा.प्रा.डा. शिवराज अधिकारीज्यूको अध्यक्षतामा मिति २०८१/०६/२१ गते अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको।
- संरचनात्मक रूपान्तरणका क्षेत्रहरूमा आधारित रहेर तर्जुमा गरिएको सोह्रौं योजनाका विषयक्षेत्रगत परिच्छेदहरूलाई विभिन्न निजी/सहकारी/गैरसरकारी क्षेत्रका संस्थाहरूसँगको प्रभावकारी समन्वय र सहकार्यमा कार्यान्वयनमा लैजाने प्रयोजनार्थ दृढ प्रतिवद्धताको सुनिश्चितता तथा विज्ञताको आदानप्रदान गर्ने उद्देश्यले मिति २०८१/०६/२१ गते आयोगका उपाध्यक्ष मा.प्रा.डा. शिवराज अधिकारीज्यूको अध्यक्षतामा निजी/सहकारी/ गैरसरकारी संस्थाका प्रतिनिधि/पदाधिकारीसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको।
- संरचनात्मक रूपान्तरणका क्षेत्रहरूमा आधारित रहेर तर्जुमा गरिएको सोह्रौं योजनाका विषयक्षेत्रगत परिच्छेदहरूलाई विषयगत मन्त्रालय/निकाय तथा प्रदेश र स्थानीय सरकारसँगको प्रभावकारी समन्वय र सहकार्यमा कार्यान्वयनमा लैजाने सम्बन्धमा मिति २०८१/०६/१३ गते आयोगका उपाध्यक्ष मा.प्रा.डा. शिवराज अधिकारीज्यूको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षज्यूहरू तथा आयोगका पदाधिकारी/कर्मचारीसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको।
- गृह मन्त्रालय, रक्षा मन्त्रालय तथा संवैधानिक निकायहरूको मध्यमकालीन खर्च संरचना, नीति तथा वार्षिक विकास कार्यक्रम र बजेट तर्जुमा गर्ने कार्यमा समन्वय गरिएको।

- नेपाल सरकारका तर्फबाट सन् २०२१ को वृद्धिका लागि पोषण सम्मेलन (Nutrition for Growth- N4G Summit, २०२१) मा गरिएका प्रतिवद्धताहरूको प्रगति प्रतिवेदन र सन् २०२५ देखि सन् २०३० सम्मका लागि N4G Summit, २०२५ मा गरिने प्रतिवद्धताहरू सङ्घीय विषयगत मन्त्रालयहरू, प्रदेश सरकार, प्रदेश नीति/योजना आयोग तथा अन्य सरोकारवाला निकायहरूको सहभागितामा तयार गरी उक्त सम्मेलनमा प्रस्तुत गरिएको।
- आ.व. २०८२/८३ को लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको त्रिवर्षीय मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमामा समन्वय/सहजीकरण गरिएको।
- राष्ट्रिय जनसङ्ख्या नीति,२०८२ को मस्यौदा आयोगको बैठकमा प्रस्तुती भई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आवश्यक राय सुझाव उपलब्ध गराइएको।
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट राय सुझावका लागि प्राप्त राष्ट्रिय परिवार योजनाको कार्ययोजना (२०२४-२०३०) को मस्यौदामा आयोगको राय सुझाव उपलब्ध गराइएको।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त मानव बेचविखन विरूद्धको राष्ट्रिय नीति, २०८१ को मस्यौदामा आयोगको राय सुझाव उपलब्ध गराइएको।
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मन्त्रिस्तरीय विकास समस्या समाधान समिति (MDAC) र राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठक सम्बन्धमा सहजीकरण गरिएको।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय/अन्य निकायबाट राय सहमतिका लागि प्राप्त पोषण तथा स्वाथ्य विषयक्षेत्रसँग सम्बन्धित परियोजना प्रस्तावमा आयोगको राय, सहमति एवम् सुझाव उपलब्ध गराइएको।
- खाद्य प्रणाली रुपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८६/८७) नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृतीको लागि अगाडी बढाई मिति २०८२/२/१२ मा स्वीकृत भएको।
- मध्यमकालीन खर्च संरचना २०८२/८३ -२०८४/८५ र वार्षिक बजेट २०८२/८३ छलफल प्रतिवेदन तयारीमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय र सहजीकरण।
- सोह्रौ योजनाको कार्यान्वयन कार्ययोजना तयारीमा सङ्घीय मन्त्रालयसँग सम्बन्धित विषयक्षेत्रसँग सम्बन्धित कार्ययोजना तयारीमा आवश्यक समन्वय गरिएको।
- विकास गतिविधिमा अन्तरसम्बन्धित रूपमा रहेको "सोह्रौं योजना र हरित तथा जलवायुमैत्री विकास" विषयमा नेपाल सरकारका सचिवज्यूहरू बीच छलफल आयोजना गरी यस विषयमा

उच्च प्रशासनिक तहमा  समान बुझाई विकास भई सचिवस्तरीय छलफलको निष्कर्ष सहित सात (७) बुँदे घोषणापत्र समेत जारी भएको।

## २.२ अनुगमन तथा मूल्याङ्कन :

### १. आन्तरिक मूल्याङ्कनतर्फ

विभिन्न विषयगत क्षेत्र समेटी निम्न तीनवटा आयोजना/कार्यक्रमको आन्तरिक मूल्याङ्कनका सम्पन्न भएको छः

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सञ्चालित राष्ट्रिय योजना आयोगको वार्षिक कार्यक्रममा परेको विद्यालय दिवा खाजा कार्यक्रमको आन्तरिक मूल्याङ्कन कार्य सम्पन्न गरिएको
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष अन्तर्गत सञ्चालित युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमको  आन्तरिक मूल्याङ्कन कार्य सम्पन्न गरिएको।
- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालित तराई मधेश समृद्धि कार्यक्रमको आन्तरिक मूल्याङ्कन कार्य सम्पन्न गरिएको।

### २. राष्ट्रिय गौरवका आयोजनातर्फः

- आयोगका तत्कालीन सचिव श्री मधुकुमार मरासिनी लगायतको टोलीद्वारा निर्माणाधिन तथा निर्माण सम्पन्न भएका सिँचाई सम्बद्ध राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू सुनकोशी मरिन डाईभर्शन बहुउद्देश्यीय आयोजना (सर्लाही) नविनतम यान्त्रिक सिँचाई आयोजना (सर्लाही, रौतहट) नारायणी नदी व्यवस्थापन आयोजना (चितवन) र चितवन भूमिगत संयोजनात्मक जलसिँचाई आयोजना, भरतपुर (चितवन) को स्थलगत अनुगमन गरी सुधारको सुझाव सहित प्रतिवेदन गरिएको,
- आयोगका तत्कालीन सचिव श्री मधुकुमार मरासिनी लगायतको टोलीद्वारा ठुला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८० बमोजिम राष्ट्रिय गौरवका आयोजना अन्तर्गत कालीगण्डकी कोरिडोर आयोजना अन्तर्गत मालढुङ्गा-बेनी खण्डको स्थलगत अनुगमन गरिएको।

### ३. ठूला आयोजनातर्फः

- आयोगका माननीय सदस्य प्रा. डा. आर. पी. विच्छा लगायतको टोलीद्वारा कोशी प्रदेश र मधेश प्रदेशमा स्वास्थ्य तथा पोषण लगायतका विषयको अनुगमन,
- आयोगका माननीय सदस्य मा. डा. जय बहादुर टण्डन लगायतको टोलीद्वारा युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमको आन्तरिक मूल्याङ्कनको स्थलगत भ्रमण,

- माननीय सदस्य डा. रमेश प्रसाद सिंह द्वारा मधेस प्रदेश अन्तर्गत जनकपुरमा आयोजनाहरूको अनुगमन तथा निरीक्षण
    - दुधमती कोरिडोर सम्बन्धी निर्माण कार्य
    - संभावित जग्गा विकास कार्यक्रम,
    - धनुषाधाम- जनकपुरधाम जलेश्वरधाम कोरिडोर,
    - अन्य पुर्वाधार निर्माणका कार्यको अनुगमन तथा निरीक्षण सम्पन्न भएको।
- आयोगका सह सचिव श्री राजेश गौतम सहितको टोलीले आन्तरिक मूल्याङ्कनका क्रममा गुल्मी र रूपन्देही जिल्लामा युवा स्वरोजगार कोष कार्यक्रम सञ्चालन गर्ने सहकारी संघ सस्थाको स्थलगत अनुगमन गरिएको।

**४. सङ्घीय समपूरक र विशेष अनुदानबाट सञ्चालित आयोजना तथा अन्य कार्यक्रमहरूतर्फः**

- कोशी प्रदेशका विभिन्न छ वटा स्थानीय तहका समपूरक तथा विशेष अनुदान मार्फत संचालित (८ वटा)
    - बरबोटे कट्टेबुङ छिरुवा सडक स्तरोन्नति कार्य सूर्योदय नगरपालिका वडा नं ९, ३ र ४ इलाम (सङ्घीय समपुरक)
    - मिल गोलाइ बिणापानी सडक इलाम न.पा. इलाम (सङ्घीय समपुरक)
    - फोहरमैला व्यवस्थापन केन्द्र इलाम न.पा. इलाम (सङ्घीय विशेष)
    - चापगैरी छाँगे आलुबारी अधिकारीबास विखेभञ्ज्याङ्ग सडक निर्माण सन्दकपुर गा.पा. इलाम (सङ्घीय समपुरक)
    - पौवा भन्ज्याङ चमेना गृह निर्माण फिदिम न.पा. पाँचथर (सङ्घीय विशेष)
    - गढी मन्दीर वेफेयर सिढि मार्ग र रेलीङ निर्माण फिदिम न.पा. पाँचथर (सङ्घीय विशेष)
    - दाँगपा स्वास्थ्य चौकी भवन निर्माणा लालीगुँरास न.पा. तेह्रथुम (सङ्घीय विशेष)
    - तिङ्गला दुग्ध प्रशोधन केन्द्र सोलुदुधकुण्ड न.पा. सोलुखुम्बु (सङ्घीय विशेष)

  आयोजना वा कार्यक्रमको स्थलगत अनुगमन गरिएको,
- सङ्घीय विशेष अनुदान अन्तर्गतबाट भक्तपुर नगरपालिकामा सञ्चालित ख्वप ईन्जिनियरिङ्ग कलेजको ब्लक बि भवन निर्माण आयोजनाको अनुगमन गरिएको, (सङ्घीय विशेष)
- सङ्घीय विशेष अनुदान अन्तर्गतबाट ललितपुर जिल्लाको गोदावरी नगरपालिकामा सञ्चालित लेले खानेपानी आयोजना (महादेव खोला डयाम) को स्थलगत अनुगमन गरिएको, (सङ्घीय विशेष)

- सङ्घीय विशेष अनुदान अन्तर्गतबाट काठमाण्डौ जिल्लाको चन्द्रागिरी नगरपालिकामा सञ्चालित डौडाली खोलामा बग्ने पानी र बर्षातको पानी समेतलाई ट्याङ्की निर्माण, संकलन र प्रशोधन गरी वितरण गर्ने खानेपानी  आयोजनाको स्थलगत अनुगमन गरिएको(सङ्घीय विशेष)
- मधेस प्रदेश अन्तर्गत सप्तरी, सर्लाही, महोत्तरी र रौतहट जिल्लाका
  - नजरपुरदेखि डुमरिया निजानन्धामदेखि दक्षिण र सिन्दुरेधारी खड्क बहादुर कार्कीको घर जाने सडक, चन्द्रपुर नगरपालिका, रौतहट सङ्घीय (सङ्घीय समपुरक)
  - १५ शैयाको अस्पताल निर्माण, चन्द्रपुर नगरपालिका, रौतहट (सङ्घीय समपुरक)
  - सित भण्डार निर्माण, कञ्चनरूप नगरपालिका, सप्तरी (सङ्घीय विशेष)
  - कञ्चनरूप नगरपालिका, ७ र ८ जोड्ने बन्द्रा खोला पुल निर्माण, कञ्चनरूप नगरपालिका, सप्तरी सङ्घीय मल्टिप्रपोज डेभलोपमेन्ट अफ पौडा खोला, डेभलोपमेन्ट अफ रिजरभोर एण्ड मास्टर प्लान अफ पिकनिक स्पोट, कञ्चनरूप नगरपालिका, सप्तरी (सङ्घीय विशेष)
  - गरिव तथा सिमान्तकृत बस्तिहरूमा शुद्ध खानेपानी विस्तार कार्यक्रम, बहरथवा नगरपालिका, सर्लाही (सङ्घीय विशेष)
  - गरिव दलित आवास आयोजना, बरहथवा नगरपालिका, सर्लाही
  - औरही न.पा. अन्तर्गतका  विपन्न दलित परिवारका घरधुरीहरुलाई आवासको लागि भवन निर्माण (दलित आवास कार्यक्रम) औरही नगरपालिका महोत्तरी
  - सुविधा सहितको एकीकृत दलितबस्ति निर्माण, बम्हपुरी गा.पा.-६ सर्लाही, आयोजनाको स्थलगत अनुगमन गरिएको
- फोहोरमैला संकलन केन्द्र तथा व्यवस्थापन केन्द्र आयोजना, गुलरीया नगरपालिका-६ र ८ को स्थलगत अनुगमन गरिएको (सङ्घीय विशेष)
- समुपरक/विशेष अनुदानबाट सञ्चालित (गैंडाकोट नगरपालिका नवलपुर, बर्दघाट सुस्ता पुर्व)
  - गैडाकोट नगरपालिका वडा नं १ को वडा कार्यालय भवन निर्माण, गैंडाकोट नगरपालिका नवलपुर (सङ्घीय समपुरक अनुदान)
  - जय श्री खोला तट बन्धन वडा-४,७,८ र ९ गैंडाकोट नगरपालिका नवलपुर (सङ्घीय विशेष) आयोजनाको स्थलगत अनुगमन गरिएको
- समुपरक अनुदान अन्तर्गत (बर्दिबास न.पा., महोत्तरी र मिथीला न.पा., धनुषा)
  - चेरु जोरबाटो देखि पञ्चधुरा मा.वि. सम्मको सडक निर्माण/बर्दिबास नगरपालिका, महोत्तरी (सङ्घीय समपुरक)

- महेन्द्र बहुमखी कलेज निर्माण कार्य धनुषा जिल्लाको मिथिला न.पा. वडा-६ (सङ्घीय समपुरक)
- बार्दिवास ह्याट बजार, बर्दिवास नगरपालिका-१ मा निर्माणाधिन आयोजना (सङ्घीय समपुरक)। आयोजनाको स्थलगत अनुगमन गरिएको।

- बागमती गाउँपालिकामा रहेका समपूरक र विशेष अनुदानतर्फका
    - सातकन्या-बुलाकी चौर राडर खानेपानी आयोजना, बागमती गाउँपालिका-३ ललितपूरको आयोजना/कार्यक्रम अनुगमन गरिएको।
- लुम्बिनी प्रदेशका स्थानीय तहहरूमा समपूरक र विशेष अनुदानबाट सञ्चालित (नवलपरासी बर्दघाट सुस्ता पश्चिम, रूपन्देही र कपिलवस्तु)।
    - सिसौडाँडादेखि रन्यौरा हुदै लेडुवा कुस्मा सडक कालोपत्रे, सैनामैना नगरपालिका, रूपन्देही (सङ्घीय समपुरक)
    - देवगाँव महुवारी सडक निर्माण, रामग्राम नगरपालिका, नवलपरासी सुस्ता पश्चिम (सङ्घीय समपुरक)
    - विठुवा स्वास्थ्य चौकी अधुरो भवन निर्माण, वर्थिङ्ग सेन्टर समेत-४ नं वडा मधुनगरा, शुद्धोधन गा.पा. कपिलवस्तु (सङ्घीय विशेष) आयोजनाको स्थलगत अनुगमन गरिएको
- दोलखाको भीमेश्वर नगरपालिकाको समपूरक अनुदानतर्फ ध्यावावेशी सेरा निगाले बाघखोर सडक (सङ्घीय समपुरक) आयोजनाको स्थलगत अनुगमन गरिएको
- बाग्मती प्रदेश रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिकामा समपूरक र विशेष अनुदानबाट सञ्चालित
    - धुन्चे खोदोल सडक, गोसाकुण्ड गा.पा.-६ रसुवा
    - धुन्चे नागुङ खानेपानी आयोजना, गोसाकुण्ड गा.पा.-६ रसुवा, आयोजनाको स्थलगत अनुगमन गरिएको।
- कर्णाली प्रदेश हुम्ला जिल्लाका स्थानीय तहमा सञ्चालित विशेष र समपुरक अनुदानबाट सञ्चालित
    - रडीफुङ्देखि कोङ गुम्बासम्म मोटरबाटो निर्माण, नाम्खा गाउँपालिका, हुम्ला (सङ्घीय समपुरक)
    - कोल्डस्टोर भवन निर्माण, नाम्खा-४, नाम्खा गाउँपालिका, हुम्ला ( सङ्घीय समपुरक)
    - ग्यागरु सिँचाई आयोजना, सिमकोट गाँउपालिका, हुम्ला ( सङ्घीय विशेष)

- स्याडा वडा भवन निर्माण, सिमकोट गाउपालिका, हुम्ला (सङ्घीय समपुरक) आयोजनाको स्थलगत अनुगमन गरिएको।

- लुम्बिनी प्रदेश, दाङ जिल्लाका विभिन्न स्थानीय तहका समपुरक तथा विशेष अनुदानबाट सञ्चालित
  - श्री मा.वि मौरीघाटको भौतिक पूर्वाधार निर्माण, देउखुरी, दाङ्ग
  - रासि प्राविधिक शिक्षालयमा भौतिक पूर्वाधार निर्माण, दाङ्ग आयोजनाको स्थलगत अनुगमन गरिएको।
- म्याग्दी र मुस्ताङ जिल्लामा विशेष र समपूरक अनुदानबाट सञ्चालित
  - बेनी अर्थुङ्गे तारीपानी पाखापानी सडक (सङ्घीय समपुरक)
  - Upgrading of Nyanol-Bharcha-Dhuk- ward no-1 office of Nechung Ring Road, लोमान्थाङ्ग गा.पा. मुस्ताङ्ग (सङ्घीय समपुरक) आयोजनाको स्थलगत अनुगमन गरिएको।
- विशेष तथा समपूरक योजना अनुगमन, सुनसरी र उदयपुर जिल्ला अन्तर्गतका
  - शाहीखोला पुल निर्माण- त्रियुगा उदयपुर
  - लक्ष्मीपुर मा. वि. भवन निर्माण - त्रियुगा उदयपुर
  - रामधुनी मन्दिर पर्यटकीय क्षेत्र निर्माण आयोजना, रामधुनी सुनसरीको स्थलगत अनुगमन गरिएको।
- समपुरक तथा विशेष अनुदान अन्तर्गत सुदुर पश्चिम प्रदेशमा सञ्चालित देहायका आयोजनाको स्थलगत अनुगमन गरिएको।
  - कैलाली जिल्लाको बास्कोटा- बसन्तपुर रिँङ्गरोड कालोपत्रे, गोदावरी नगरपालिका-३
  - बृहत खानेपानी आयोजना, गोदावरी नगरपालिका-१०
  - घोडाघोडी बहुमुखी क्याम्पसको शैक्षिक भवन निर्माण, घोडाघोडी नगरपालिका
  - घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण योजना, घोडाघोडी नगरपालिका,

## २.३. तहगत समन्वय एवं सहकार्यात्मक सङ्घीयता सुदृढीकरण

- बहुक्षेत्रीय पोषण योजना तेस्रोको प्रभावकारी कार्यान्वयन सम्बन्धमा प्रदेश नीति/योजना आयोग तथा उक्त आयोगको उपाध्यक्षको अध्यक्षतामा रहेको प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिसँग आवश्यक समन्वय, सहजिकरण गरिएको।
- बहुक्षेत्रीय पोषण योजना तेस्रो लगायतका विषयमा प्रदेशस्तरीय (लुम्बिनी, कोशी, सुदुरपश्चिम, कर्णाली) अन्तरक्रिया कार्यक्रम गरिएको।

- सोह्रौं योजना, मध्यमकालीन खर्च संरचना (MTEF), समपुरक तथा विशेष अनुदान, आयोजना बैंक, दिगो विकास लक्ष्य तथा अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति समेतका विषयहरू समेटी प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि एवम् कर्मचारीहरूसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम कोशी प्रदेशको विराटनगर, कर्णाली प्रदेशको सुर्खेत र सुदुरपश्चिम प्रदेशको धनगढीमा सम्पन्न गरिएको ।
- समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधिको व्यवस्थाबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट प्रत्येक आ.व. मा सङ्घीय समपूरक तथा विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरूको लागि आवश्यक विवरण तयार गरी फागुन मसान्तभित्र विद्युतीय (अनलाइन) प्रणालीमार्फत प्रस्ताव पेश गर्न गोरखापत्र तथा वेवसाईटमा विस्तृत सूचना प्रकाशन गरी प्रस्ताव प्राप्त गरेको,
- सङ्घीय समपूरक तथा विशेष अनुदानमार्फत सञ्चालन हुने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने विद्युतीय प्रणाली (www.csgrants.gov.np) को कार्यविधि अनुसार अद्यावधिक कार्य, CS Grants Portal सुधार तथा अपग्रेड गरिएको,देशका सबै ७५३ स्थानीय तह तथा सातै प्रदेशमा सञ्चालनमा रहेको समपूरक तथा विशेष अनुदान सम्बन्धमा समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधिमा व्यवस्था भएको System का सम्बन्धमा zoom मिटिङ मार्फत अभिमुखीकरण कार्य,
- सङ्घीय समपूरक तथा विशेष अनुदान कार्यान्वयन गर्नका लागि प्रयोग भएको सूचना व्यवस्थापन प्रणाली (www.csgrants.gov.np) मा प्रदेश तथा स्थानीय तहबाट प्रस्ताव पेश गर्दा आएका समस्या तत्क्षण समाधान गर्न सरलीकरण बनाउन Anydesk सफ्टवेयर मार्फत सहजीकरण तथा समन्वयको सुरुवात गरिएको ।
- आयोगबाट सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, कोशी प्रदेशमा गरिएको १६औं योजना तथा बजेट निर्माणसँग सम्बन्धित विषय समेटी प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी लक्षित आयोजना गरिएको प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको सहजीकरण र समपूरक तथा विशेष अनुदान सम्बन्धी विषयमा जानकारी तथा प्रणाली सम्बन्धी अभिमुखीकरण गरिएको।
- सङ्घीय मन्त्रालयहरू तथा मन्त्रालय अन्तर्गतका विभाग र कार्यालयहरूसँग सम्बन्धित नीतिगत व्यवस्था, योजना, बजेट, मध्यमकालीन खर्च संरचनाको विषयमा निरन्तर समन्वय गरिएको।
- प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिको प्रभावकारी कार्यान्वयन र प्रगति २०८८-२०७७ , समीक्षा सम्बन्धमा राष्ट्रिय निर्देशक समितिको बैठक बसी निकायगत तथा तहगत समन्वय र सहकार्यलाई अगाडि बढाइएको।

## २.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण :

- विकास पत्रिका वर्ष ४१, अंक १ (२०८१ पौष), अकं २ (२०८२ जेष्ठ) छपाइ कार्य सम्पन्न भएको।
- राष्ट्रिय गौरवका आयोजना, सडक यातायात, ऊर्जा, सिँचाइ, शहरी विकास, स्थानीय पूर्वाधार, स्वास्थ्य लगायतका क्षेत्रका क्रमागत कार्यक्रम तथा आयोजनाको गहन विश्लेषण गरी ती कार्यक्रमको पुनःप्राथमिकीकरण सम्बन्धी कार्य गरेको ।
- नेपालमा आम नागरिकले उपभोग गर्ने दैनिक खानाको लागत (मूल्य) तथा सोको कार्यक्षमताको विश्लेषण र विभिन्न क्षेत्रगत विषयका विद्यमान कार्यक्रममा पर्नसक्ने सकरात्मक लाभ तथा विरोधाभाष लगायतका विषय समेटिएको (Cost and Affordability Analysis of the Diet २०२५) कार्यको तथ्याङ्क संकलन एवम् विश्लेषण भई प्रारम्भिक नतिजा उपर प्रदेशस्तरीय अन्तरक्रिया गरिएको।
- सङ्घीय समपूरक तथा विशेष अनुदान सम्बन्धी विद्यमान व्यवस्थाका सम्बन्धमा अध्ययन विश्लेषण गरी समसामयिक परिमार्जनका लागि प्रतिवेदन पेश गर्न यस आयोगका माननीय सदस्य गंगादत्त अवस्थीज्यूको संयोजकत्वमा सङ्घीय समपूरक तथा विशेष अनुदान सम्बन्धी अध्ययन समिति गठन भई अध्ययन प्रतिवेदन आयोगमा पेश गरिएको ।
- स्थानीय तह एवम् प्रदेशको वित्तीय क्षमता अनुसार समपुरक अनुदानमा लगानीको हिस्सा वित्तीय क्षमतामैत्री हुने गरी र सामाजिक-आर्थिक समता अभिवृद्धिमा योगदान दिनेगरी आयोगले गरेको अध्ययनका आधारमा १. आन्तरिक राजस्व सङ्कलन सूचकाङ्क, २. समृद्धिको अवस्था, ३. उद्योगधन्दा एकाग्रता सूचकाङ्क, ४.आर्थिक सामाजिक र पूर्वधार अवस्थासहित आन्तरिक राजस्व परिचालन सूचकाङ्कका आधारमा प्रदेश तथा स्थानीय तहको आन्तरिक राजस्व सम्भावित सूचकाङ्क तयार गरी नेपाल सरकारले उपलब्ध गराउन सक्ने लागत साझेदारी अनुपात निर्धारण गरी सात प्रदेश र ७५३ स्थानीय तहलाई सात भागमा विभाजन गरिएको वर्गीकरण सहितको व्यवस्था रहेको समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ नेपाल सरकारबाट मिति २०८१/१०/१० मा स्वीकृत भई आ.व. २०८२/८३ को अनुदान रकम विनियोजन सिफारिस गरिएको।
- प्रदेश वा स्थानीय तहबाट सञ्चालन भएका आयोजना/कार्यक्रमहरूलाई सन्तुलित विकास गर्न कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकासमा योगदान दिनेगरी नेपाल जनसङ्ख्या तथा आवास गणनाको तथ्याङ्कका आधारमा घरेलु सम्पत्ति, सेवाहरू र आवास गुणस्तर लगायतका १७ वटा कारक तत्वहरू समेटी तयार गरेको सम्पति

सूचकाङ्कका आधारमा अति गरिबी, गरिबी, मध्यम, धनी, अति धनीलाई पञ्चांशमा विभाजन गर्दै अति गरिबी र गरिबीलाई मात्र समावेश गरी आर्थिक -सामाजिक विकासमा बञ्चितीकरणको सूचकाङ्कका आधारमा सात प्रदेश र ७५३ स्थानीय तहलाई स्तरीकरण सहितको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ नेपाल सरकारबाट मिति २०८१/१०/१० मा स्वीकृत भई आ.व. २०८२/८३ को अनुदान रकम विनियोजन सिफारिस गरिएको ।

- समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को मस्यौदा तथा पहिलो संशोधन, २०८२ सम्बन्धमा आयोगबाट राय सुझाव पठाइएको।
- आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणको लागि विद्यमान व्यवस्थामा परिमार्जन गरी प्रभावकारी र कार्यान्वयन योग्य बनाउने उद्देश्यले आयोगबाट अध्ययन गर्न समिति गठन भई प्रतिवेदन पेश भएको।

## २.५ आयोगबाट सम्पादित अन्य कार्यहरुः

- सन् २०२५ अप्रिल २१ देखि २५ सम्म थाइल्याण्डको बैंककमा सम्पन्न भएको एसिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक आयोग (UNESCAP) को ८१ औं सत्रमा नेपालको तर्फबाट परराष्ट्र मन्त्री माननीय डा. आरजु राणा देउवाज्यूले नेतृत्व गर्नुभएको प्रतिनिधिमण्डलमा राष्ट्रिय योजना आयोगबाट समेत सहभागिता भएको।
- संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक आयोग (UNESCAP) सँगको सहकार्यमा अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति सम्बन्धी उच्चस्तरीय अन्तर्राष्ट्रिय कार्यशाला "National Scoping Workshop on LDC Graduation: Nepal's Smooth Transition Strategy – Challenges and Way-forward" सम्पन्न गरिएको।
- UNESCAP सँगको सहकार्यमा झापाको कांकडभिट्टामा उपक्षेत्रीय व्यापार तथा पारवहन अन्तरआबद्धता (Sub-regional Trade and Transport Connectivity) सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- सोह्रौ योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट, आयोजना बैंक, अनुगमन तथा मुल्याङ्कन, विशेष र समपूरक अनुदान सम्बन्धी प्रदेश र स्थानीय तहसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- समपुरक तथा विशेष अनुदान अन्तर्गतका माग आयोजना र कार्यक्रमको Initial Screening गरिएको।

- आयोगमा पोषण तथा स्वास्थ्य विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यको अध्यक्षतामा रहेको राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समिति/आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा रहेको उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट पोषण विषयक्षेत्रमा भएको लगानी तथा खर्चको अवस्था बिश्लेषण, Nutrition Code तर्जुमा, पोषणको एकीकृत व्यवस्थापन सूचना प्रणाली स्थापना लगायत विषयमा निर्णय भएको।
- राष्ट्रिय विकास समस्या समाधान समितिको ५३ औं बैठक २०८१ साल कार्तिक ३० गते तथा ५४ औं बैठक २०८२ साल असार २७ गतेमा सम्पन्न भएको,
- आ.व. २०८२/८३ मा सङ्घीय समपूरक तथा विशेष अनुदान मार्फत कार्यान्वयन हुन माग र सिफारिश भएका आयोजना वा कार्यक्रमको प्रारम्भिक छनोट, संग्रहित प्रतिवेदन तयारी, छनोट सूचि, प्रस्तुतिकरण, संक्षेप प्रतिवेदन निर्माण, वेबसाईटमा प्रकाशन साथै आयोजना छनोट समितिका लागि बैठक व्यवस्थापन लगायतका सचिवलायको कार्य सम्पादन भएको।
- www.csgrants.gov.np मा प्राप्त हुन आएका आयोजना/कार्यक्रम सम्बन्धी प्रस्ताव तथा संलग्न कागजातहरूको अध्ययन गरी राष्ट्रिय श्रोत अनुमान समितिबाट प्राप्त बजेट सीमा भित्र रही आयोजना/कार्यक्रम सिफारिस गर्न आयोगका माननीय सदस्यको संयोजकत्वमा गठित समितिले कार्यविधिमा तोकिएको छनोटको आधार एवं मापदण्ड अनुसार मूल्याङ्कन गरी प्रतिवेदन आयोग समक्ष पेश भई आयोगबाट आ.व. २०८२/८३ का लागि प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना वा कार्याक्रमका लागि बजेट रकम सहित अर्थ मन्त्रालयमा सिफारिस गरिएको।
- आ.व. २०८२/८३ का लागि प्रदेश तर्फ समपूरक अनुदानमा क्रमागत २३ र नयाँ ४६ गरी जम्मा ६९ आयोजना कार्यक्रम, स्थानीयतर्फ समपूरक अनुदानमा क्रमागत २२७ र नयाँ ६७८ गरी जम्मा ९०५ आयोजना कार्यक्रम तथा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ दफा १९ को विशेष व्यवस्था अनुसार स्थानीय तहबाट माग भएका समपूरक अनुदान तर्फ ८ अधुरा आयोजना सहित कूल ९८२ आयोजना/कार्यक्रमका लागि रु.१३ अर्ब ३४ करोड ५२ लाख विनियोजन सिफारिस गरिएको ।
- आ.व. २०८२/८३ का लागि प्रदेश तर्फ विशेष अनुदानमा क्रमागत १८ र नयाँ ४१ गरि जम्मा ५९ आयोजना कार्यक्रम, स्थानीतर्फ, विशेष अनुदान तर्फ क्रमागत १८३ र नयाँ ५९९ गरी जम्मा ७८२ आयोजना कार्यक्रम तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १८ को विशेष व्यवस्था अनुसार स्थानीय तहबाट माग भएका विशेष अनुदान तर्फ ३० सहित कूल ८७१ आयोजना/कार्यक्रमका लागि रु १३ अर्ब ४ करोड १९ लाख विनियोजन सिफारिस गरिएको।

- संयुक्त राष्ट्रसङ्घीय Global Accelerator on Jobs and Social Protection for Just Transition कार्यक्रममा नेपाल अग्रणी देश (Pathfinder Country) को रूपमा सहभागी भईअग्रणी देशको रूपमा संयुक्त राष्ट्रसंघ मार्फत प्राप्त हुने प्राविधिक सहयोग मार्फत नेपालको रोजगारी र सामाजिक संरक्षणको क्षेत्रमा काम गर्नको लागि तयार गरिने मार्गचित्र (Roadmap) तयारीका लागि विभिन्न बैठक छलफल र कार्यशाला सम्पन्न गरिएको।
- अनौपचारिक तथा स्याहार अर्थतन्त्र अन्तर्गत Global Alliance for Care मा सहभागिताको लागि अन्तर सम्बन्धित मन्त्रालय तथा निकायसँग राय माग गरिएको।
- राष्ट्रिय निर्धारित योगदान (NDC 3.0) मस्यौदा सुदृढीकरण भई राष्ट्रिय निर्धारित योगदान (NDC ३.०) पुस्तक सगरमाथा संवादमा अनावरणमा सहयोग पुगेको ।
- सन् २०२५ को फेब्रुअरी २५-२८ मा थाइल्याण्डको बैंककमा आयोजित एशिया प्यासिफिक फोरम अन सस्टेनेबल डेभलपमेन्टमा उपाध्यक्षज्यूको नेतृत्वको प्रतिनिधिमण्डलले सहभागिता जनाएको ।
- आगामी तीन आर्थिक वर्ष (२०८२/८३-२०८४/८५) को मध्यमकालीन खर्च संरचना तथा आ.व. २०८२/८३ को बजेट तर्जुमा सम्बन्धमा सबै सङ्घीय मन्त्रालयको नीतिगत तथा कार्यक्रमगत छलफल सहजीकरण गरिएको ।
- सोह्रौं योजनाको सबै परिच्छेदहरू अन्तर्गतको कार्यान्वयन कार्ययोजना तयार गर्न सबै मन्त्रालयसँग समन्वय गरिएको ।
- राष्ट्रिय विकास समस्या समाधान समितिको ५३ बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायहरूसँग समन्वय गरिएको।

## २.५.१ मध्यमकालीन खर्च संरचना

आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता, विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्त्वपूर्ण औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ। सोह्रौं योजना तथा अर्थतन्त्रका आन्तरिक तथा वाह्य क्षेत्रको विद्यमान अवस्थाको आधारमा मध्यमकालीन खर्च संरचना (आ.व.२०८२/८३-२०८४/८५) तर्जुमा भएको छ। सोको तयारी गर्नका लागि सम्पन्न भएका मुख्य कार्यहरू निम्नानुसार रहेका छन्।

- मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत नतिजा सूचकका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय प्रक्षेपण गरिएको।

- आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचना (आ.व. २०८२/८३-२०८४/८५) तयारीका सम्बन्धमा मिति २०८१/१२/१३ र १४ गते मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी विषयक्षेत्रगत मन्त्रालय/निकाय/आयोगको क्षमता अभिवृद्धि लक्षित कार्यशाला सम्पन्न गरियो वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि मन्त्रालय एवं महाशाखा तथा शाखामा समन्वय।
- अर्थ मन्त्रालयसँग सम्बन्धित विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको विविध विषयमा छलफल, बैठक तथा समन्वय।
- मध्यमकालीन खर्च संरचनाको पुस्तिका तयारीको लागि प्राप्त विषय क्षेत्रगत मस्यौदा एकीकरण र समष्टिगत विवरणसँग तादम्यता सम्बन्धी कार्य ।
- क्रमागत आयोजनाहरू (राष्ट्रिय गौरवका आयोजना, सडक पूर्वाधार क्षेत्रका आयोजना, खानेपानी तथा सरसफाई क्षेत्र अन्तर्गतका कार्यक्रम तथा आयोजना, शहरी विकास तथा स्थानीय पूर्वाधार क्षेत्र अन्तर्गतका आयोजना, स्वास्थ्य तथा जनसंख्या क्षेत्र अन्तर्गतका आयोजना, कृषि तथा पशुपक्षी विकास क्षेत्र अन्तर्गतका आयोजना र वन तथा वातावरण क्षेत्र अन्तर्गतका आयोजना) को विश्लेषण तथा पुनः प्राथमिकीकरण सम्बन्धी गहन अध्ययन गरी समावेश गरिएको।
- हाल व्यवस्थापन सूचना प्रणाली तयार गरी अनलाईनमार्फत मन्त्रालय/ निकायहरूबाट मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्राप्त गरी आयोगले आवश्यक परिमार्जनसहित एकीकृत दस्तावेज तयार गरिएको।
- मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत नतिजा सूचकका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय प्रक्षेपण गरिएको।
- आयोगले मध्यमकालीन खर्च संरचना तथा बजेट तर्जुमा लगायतका विषयमा माननीय मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरूसँग ४ पटक उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको।
- मध्यमकालीन वित्त खाका, बजेट खाका र नतिजा खाका सहितको आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) तर्जुमा गरी प्रकाशन गरेको।

### २.५.२ दिगो विकासका लक्ष्य प्राप्त गर्ने सम्बन्धमा निम्नानुसारका कार्यहरू भएकाः

- समसामयिक परिवेश अनुकुल दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति पुनरावलोकन गरी दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत

अनुमान तथा वित्तीय रणनीति (SDGs Needs Assessment, Costing and Financing Strategy) को अद्यावधिक प्रतिवेदन स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।

### २.५.३ राय/सुझाव तथा सहमति प्रदान गरिएको मस्यौदाका विषयहरुः

- लगानी बोर्डको कार्यालयबाट प्राप्त जग्गा प्राप्ति कोष सञ्चालन निर्देशिका, २०८१
- पर्यटन नीति, २०८१
- राष्ट्रिय संस्कृति नीति, २०८१
- निकासी पैठारी सम्बन्धी कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक
- वाणिज्य नीति २०८१,
- राष्ट्रिय आपूर्ति नीति २०८१,
- राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति, २०८१
- राष्ट्रिय जनसंख्या नीति, २०८२
- मानव बेचविखन विरुद्धको राष्ट्रिय नीति, २०८१
- राष्ट्रिय युवा नीति, २०८१
- राष्ट्रिय खेलकुद नीति, २०८२
- सम्भाव्यता न्यून परिपूरक कोष स्थापना र सञ्चालन कार्यविधि, २०८१
- विकास सहायता परिचालन तत्परता मूल्याङ्कन चेकलिष्ट, २०८१
- सार्वजनिक निजी साझेदारी नीति, २०८१
- ई-गभर्नेन्स ब्लु प्रिन्टको
- तेश्रो राष्ट्रिय निर्धारित योगदान (NDC३.०)
- राष्ट्रिय परिवार योजनाको कार्ययोजना (२०२४-२०३०)
- आयोजनाको बहुवर्षीय खरिदको लागि स्रोत सहमति प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०८२
- श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त आप्रवासन नीति

### २.५.४ बहुबर्षीय ठेक्का सहमति प्रदान गरिएको आयोजना/कार्यक्रमहरूः

- राष्ट्रिय परिचय व्यवस्थापन तथा सूचना प्रणालीको मर्मत सम्भार
- विद्युतीय राहदानी खरिद
- मदन भण्डारी राजमार्ग अन्तर्गत घोराही-तुल्सीपुर (२१.५८ कि.मि) सडक खण्डलाई ४ लेन विस्तार तथा स्तरोन्नति
- नवलपुर सदरमुकाममा सङ्घीय सरकारी कार्यालय भवन निर्माण एवम् सम्बन्धित अन्य पूर्वाधार निर्माण

- उच्च सरकारी वकील कार्यालय पाटन ललितपुरको नयाँ कार्यालय भवन निर्माण
- बाल सुधार गृह भवन निर्माण कार्य
- रिडी– भेडुवा– तम्घास सडक खण्ड गुल्मी (१४.६८ कि.मि.)
- तुलसीपुर-घोराही सडक खण्ड
- झण्डा– सर्दुखोला सडक खण्ड सुनसरी (७.५९ कि.मि.)
- हुलाकी राजमार्ग पुलहरू मात्र
- कान्ति राजमार्ग अन्तर्गत विभिन्न चेनेजको कालोपत्रे तथा स्तरोन्नति (४ कि.मि.)
- डुम्रे-बेसिशहर-चामे मनाङ सडक स्तरोन्नति
- कालीगण्डकी कोरिडोरको फलेवास-अर्मादी सडक खण्ड स्तरोन्नति
- बेनीघाट-आरुघाट-लार्के भञ्याङ सडक कालोपत्रे तथा स्तरोन्नति
- तमोर कोरिडोरको थिवा-ओलाङचुङगोला सडक खण्ड स्तरोन्नति
- तमोर कोरिडोरको चतरा-मुलघाट सडक स्तरोन्नति
- खुटिया-दिपायल-चैनपुर-उरैभञ्जयाङ सडक खण्ड स्तरोन्नति
- राप्ती लोकमार्गको हर्नेटी-राम्री सडक खण्ड दाङ्ग र सल्यान (१२.८ कि.मि.)
- घर्तिगाँउ-दुईखोली सडक खण्ड स्तरोन्नति, रोल्पा
- सेती राजमार्ग टिकापुर लोडे चैनपुर ताक्लाकोट सडक खण्ड स्तरोन्नति
- सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजना अन्तर्गत फल्लेघर-देउराली-टोरपाटन सडक खण्ड बागलुङ्ग
- सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजना अन्तर्गत अर्खबाङ-गंगरे टोरपाटन सडक खण्ड, गुल्मी
- सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजना अन्तर्गत पटौती-बलेबाङ सडक खण्ड, अर्घाखाँची
- हिल्सा सिमिकोट सडकको तुमकोट-इलिङ्ग र हेप्का- सिमिकोट सडक खण्ड हुम्ला
- कर्णाली कोरिडोर अन्तर्गत खुलालु-सलिसल्ला सडक खण्ड स्तरोन्नति
- कम्पोनेन्ट नं. ८४८ बबई नदी पुल गुलरिय न.पा. वडा नं. ४ र बारबर्दिया न.पा. वडा नं. ११ जोड्ने पुल बर्दिया
- तल्लुबगर त्रिपुराकोट चुगाड सडक खण्ड ४२ कि.मि. स्तरोन्नति
- विशेष भवन निर्माण आयोजना अन्तर्गत श्रीमहल भवनको पूननिर्माण गर्ने कार्य
- भवन निर्माण संहिता सरकारी भवन निर्माणको नवलपुर नमूना सदरमुकाम सरकारी भवन निर्माण गर्ने

- तोपगाछी खानेपानी आयोजना, कमल गा.पा झापा
- आदर्श साईलीगाड बृहत् खानेपानी आयोजना, डोटी
- सुरुङ्ग खानेपानी आयोजना, कन्काई न.पा झापा
- भैमाल गोठाटार सहलगानी खानेपानी तथा सरसफाई आयोजना, काठमाडौं
- लम्कीचुहा सहलगानी खानेपानी तथा सरसफाई आयोजना, कैलाली
- पथरी खानेपानी आयोजना, पथरी शनिश्चरे न.पा मोरङ्ग
- निजगढ खानेपानी आयोजना, बारा
- शहीदभूमि बृहत् खानेपानी आयोजना, धनकुटा
- खाँदबारी ढल निर्माण तथा प्रशोधन आयोजना, सङ्खुवासभा
- मकवानपुर, पर्सा र तनहुँ जिल्लाको सबै भाग तथा चितवन र नवलपरासी(पूर्व) को केही भाग गरी करिब ४ हजार वर्ग कि.मि LiDAR प्रविधिबाट सर्वेक्षण गर्ने।

## २ ५.५.राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गरिएको विवरणः

- कराटापुर भैंसे, तल्लो हेम्जा सडकखण्ड निर्माण सम्बन्धी
- सेलेघाट-रामेछाप-साँघुटार सडक स्तरोन्नति
- रोल्पा जिल्लामा पर्ने मदन भण्डारी राजमार्ग (NHO9) को लिवांग- घर्तीगाँउ (२४ कि.मि) र घर्तीगाँउ पातिहाल्ने (३८ कि.मि) सडक खण्ड
- पथरी शनिश्चरे नगरपालिका, मोरङको प्रशासनिक भवन निर्माणको लागि ०.४ हेक्टर राष्ट्रिय वनक्षेत्रको जग्गा भोगाधिकार
- एकीकृत फोहरमैला प्रशोधन केन्द्रको लागि ३.५ हेक्टर वनक्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्ने
- गुर्भाकोट नगरपालिका वडा नं ३ स्थित श्री कालिका मा.वि नादे धारापानी, सुर्खेतमा भवन निर्माणको लागि ६ रोपनी जग्गा भोगाधिकार
- कालिकोट जिल्ला महावै गाँउपालिका वडा नं ७ स्थित कोटखौलमा प्रशासकीय भवन निर्माणको लाग ०.६६१३ हेक्टर जग्गा भोगाधिकार
- रेसुङ्गा नगरपालिका अन्तर्गतको शिवशक्ति सामुदायिक वन र रेसुङ्गा सामुदायिक वन क्षेत्र भित्र साहसिक खेल जिपलाइन तथा स्काई साक्लिङ्ग निर्माण
- बर्दघाट नगरपालिकाको लागि सेनेटरी ल्याण्ड फिल साइट निर्माण
- एकिकृत वैज्ञानिक फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण
- वागमती प्रदेश सरकारको प्रशासनिक भवन तथा आवास निर्माण

- मदन भण्डारी लोकमार्ग अन्तर्गत बड्डिचौर-बिम्रेनी-बाबियाचौर-विद्यापुर सडक खण्ड (१३.१ कि.मि.)
- मदन भण्डारी राजमार्ग आयोजना, अन्तर्गत पातिहाल्ने बागचौर सडक खण्ड
- मदन भन्डारी राजमार्ग आयोजना अन्तर्गत झण्डा चोक सर्दुखोला सडक खण्ड -(बाग खोला र बगुवा खोलासमेत)
- भेरी पम्पिङ्ग उप आयोजनाको पहुँचमार्ग निर्माण।

# परिच्छेद - ३
# नेपालमा विकास व्यवस्थापनको वर्तमान अवस्था, प्रमुख मुद्दा र राष्ट्रिय योजना आयोगका चुनौती र सुधारहरू

## ३.१ विद्यमान अवस्था

विकास व्यवस्थापनका लागि व्यवस्थित योजना, बजेट तर्जुमा र कार्यान्वयन गर्न शुरु गरेको करिब सात दशक नाघी सकेको छ। हालसम्म १५ वटा आवधिक योजना तर्जुमा भई कार्यान्वयन भइसकेका छन भने सोह्रौं आवधिक योजना (आ.व.२०८१/८२-२०८५/८६) कार्यान्वयन अवस्थामा रहेको छ। विकास व्यवस्थापनका लागि अन्य विभिन्न नीतिगत, कानुनी र संस्थागत प्रयास भएका छन्। विकास योजनाका लक्ष्य, उद्देश्य र रणनीतिलाई वार्षिक बजेटमार्फत कार्यान्वयन सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने गरिएको छ। मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तर्जुमा एवं कार्यान्वयनलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ व्यवस्था बमोजिम तर्जुमा गरी कार्यान्वयन भइरहेको छ। सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्यहरूलाई योजना तथा वार्षिक बजेटमार्फत आन्तरिकीकरण गर्न नीतिगत, कानुनी र संरचनागत प्रयासहरू गरिएको छ। सङ्घीयता कार्यान्वयनको लागि स्रोत र साधनको संघ, प्रदेश र स्थानीय तहमा प्रवाह र परिचालनको लागि आवश्यक कानुनी व्यवस्थाहरू मिलाईएको छ। राष्ट्रिय योजना आयोगबाट जारी गरिएका आवधिक योजनाको नियमित अनुगमन, मूल्याङ्कन, अध्ययन र विश्लेषण गर्ने कार्य निरन्तर गरिरहेको छ। संविधानमा व्यवस्था गरिएको क्षेत्राधिकारको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोत साधनका साथै कानुनी व्यवस्थाहरू क्रमशः मिलाइएको छ।

विकास प्रयासका फलस्वरूप मुलुकमा सूचना प्रविधि, सडक, सिँचाई जस्ता पूर्वाधारहरूको विकास एवं विस्तार, आर्थिक तथा सामाजिक परिसूचकहरूमा उल्लेख्य सुधार,साधन र स्रोतको बाडफाँट तुलनात्मक रूपमा न्यायोचित हुदै गएको र सेवा प्रवाहमा नागरिकको पहुँच बढ्दै गएको देखिन्छ। तथापि विकास व्यवस्थापनमा नागरिकले अपेक्षा गरेअनुरूप सफलता हासिल हुन सकेको छैन। मुलुकको अर्थतन्त्रको आकार, सामाजिक-आर्थिक अवस्था, पूर्वाधारहरूको अवस्थामा अपेक्षित सुधार ल्याउन आगामी दिनमा थप क्रियाशील हुनुपर्ने देखिन्छ।

## ३.२. विकास व्यवस्थापन सम्बन्धी समस्या

विकास व्यवस्थापन सम्बन्धी प्रमुख मुद्दाहरूलाई विकास/आयोजना व्यवस्थापनका विभिन्न चरणहरूमा रहेको भिन्नाभिन्नै मुद्दाहरूमा वर्गीकरण गरेर हेर्न सकिन्छः

**योजना तर्जुमा चरणमा देखिएका प्रमुख मुद्दाहरूः**

- गुरुयोजना, आवधिक योजना र दिगो विकास लक्ष्यहरूबीच तादम्यता कायम गर्न नसक्नु,
- आवधिक योजना तर्जुमा गर्दा योजनाको ढाँचामा फेरबदल भइरहनु,
- योजनाहरू तर्जुमा गर्दा लक्ष्य हासिल गर्न नसक्ने गरी अपेक्षित उपलब्धीहरू राखिने तर कार्यान्वयनमा तदरुकता नदेखाउने प्रवृत्ति हुनु,
- संघ, प्रदेश तथा स्थानीय तहका योजना तर्जुमा प्रक्रियामा पर्याप्त समन्वय हुन नसक्नु,
- राष्ट्रिय योजना आयोग र प्रादेशिक योजना आयोगहरू बीचमा प्रभावकारी समन्वय नहुनु,
- योजना तर्जुमा चरणमा सम्बन्धित निकायले जिम्मेवारी महशुस नगर्नु।

**आयोजना तयारी चरणमा देखिएका प्रमुख मुद्दाहरूः**

- पूर्व/सम्भाव्यता अध्ययन (Pre/ Feasibility Study) गर्दा आर्थिक, सामाजिक, भौतिक पक्षहरूको राम्रो अध्ययन नहुनु,
- विस्तृत सम्भाव्यता अध्ययन(Detailed Project Report) दस्तावेजमा अति महत्वपूर्ण विषय समावेश हुन नसक्नु र तयारीमा ढिलाई हुनु,
- जग्गा प्राप्तिमा कानूनी, प्रक्रियागत र व्यवहारिक जटिलता हुनु,
- मुआब्जाको दर रेट फरक फरक हुँदा कानून कार्यन्वयनमा जटिलता उत्पन्न हुनु,
- अव्यवस्थित रूपमा भू-उपयोग हुनु।

**आयोजना छनौट चरणमा देखिएका प्रमुख मुद्दाहरूः**

- मध्यमकालीन खर्च संरचना र आयोजना बैंकको अवधारणा बमोजिम अनिवार्य रूपमा कार्यान्वयन गर्न नसक्नु,
- प्रदेश र स्थानीय तहहरूमा आयोजना बैंकलाई संस्थागत गर्न नसक्नु,
- आयोजनाको प्राथमिकीकरणलाई यथार्थपरक बनाउन नसक्नु,
- आयोजनाको पूर्व तयारीको कागजातहरू बिना नै आयोजनाको नाम मात्र राखेर सिस्टममा प्रविष्टि गर्ने प्रवृति रहनु,
- रुग्ण आयोजनाहरूको कार्यान्वियनको खाका बनाई कार्यान्वयन गर्न नसक्नु,
- निर्णय प्रक्रियामा ढिलाई हुनु,
- संघ, प्रदेश र स्थानीय तहमा योजनाहरू छनौट गर्दा दोहोरोपना हुनु,
- राष्ट्रिय गौरवका आयोजनाको घोषणा/छनौट मापदण्ड बिना नै भइरहनु।

### श्रोत जुटाउने चरणमा देखिएका प्रमुख मुद्दाहरूः

- आयोजनाहरूमा पर्याप्त बजेटको व्यवस्था नहुनु,
- आयोजनाहरू सम्पन्न नभई वर्षेनी नयाँ आयोजना थपिदा कार्यान्वयनमा रहेका आयोजनाका लागि पर्याप्त बजेट विनियोजन हुन नसक्नु,
- श्रोत व्यवस्थापनको बैकल्पिक तरिकाहरू  र मोडलहरूको कुशल रूपमा प्रयोगमा ल्याउन नसक्नु, जस्तैः प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment-FDI), सार्वजनिक निजी साझेदारी (Public Private Partnership- PPP), मिश्रित वित्त (Blended Finance), जलवायु वित्त (Climate Finance), प्रत्यक्ष आन्तरिक लगानी (Domestic Direct Investment-DDI), Zero Carbon Budget, Green Bonds, तथा  Engineering, Procurement, Constructing and Financing Contract (EPCF) model आदि ।
- आयोजनामा स्रोत विनियोजन हुँदा दोहोरोपना, तेहेरोपना हुनु र सहभागिताको अवधारणाको पालना नहुनु,
- आयोजना परियोजना छनौट गर्दा/आकस्मिक कोष (contingency reserve) को व्यवस्था गर्न नसक्नु ।

### कार्यान्वयन चरणमा देखिएका प्रमुख मुद्दाहरूः

- प्राविधिक तथा दक्ष जनशक्तिको समुचित व्यवस्थापन हुन नसक्नु,
- राष्ट्रिय राजमार्गहरूको रेखांकन र सडक सीमा निर्धारणमा अन्यौलता भई निर्माण कार्यमा अवरोध पुग्नु,
- निर्माण सामाग्रीको अपर्याप्तता हुनु,
- सार्वजनिक खरिद सम्बन्धी प्रावधानहरू जटिल हुनु। विशेष प्रकृतिका आयोजना निर्माण सम्बन्धमा यी कानूनहरूमा अस्पष्टता रहनु,
- कतिपय आयोजनाहरूको चरणबद्ध सम्बन्ध (logical relationship), जरुरी तथा समानान्तर (Critical and Parallel) क्रियाकलापहरू छुट्याई व्यवस्थापन गर्न नसकेको कारण आयोजना सम्पन्न हुने मितिमा ढिलाई हुनु। जस्तैः कुनै राजमार्ग सडक आयोजना सम्पन्न/गर्न पहिला त्यस राजमार्गभित्र पर्ने कुनै पुलको निर्माण सम्पन्न गर्नुपर्ने हुन्छ।
- राज्यका निकायहरूबीच प्रभावकारी समन्वयको कमि हुनु,
- कार्यान्वयन कार्ययोजना समयसारिणी अनुरूप कार्य सम्पन्न गर्न नसक्नु,

**अनुगमन तथा मूल्याङ्कन चरणमा देखिएका प्रमुख  मुद्दाहरूः**

- स्थलगत अनुगमन पूर्व डेस्क समीक्षा नहुने/ विना कुनै तयारी स्थलगत  अनुगमन हुनु,
- सूचकका आधारमा अनुगमन गर्ने प्रणालीको विकास हुन नसक्नु,
- अनुगमनमा विषय वस्तु बुझेको प्राविधिक जनशक्तिको परिचालन नहुनु /नगरिनु,
- अनुगमन प्रतिवेदनमा सुझाइएको विषय कार्यान्वयन नहुनु/नगर्नु,
- आयोजना कार्यान्वयन/कार्यसम्पादनको अनुगमनमा संयुक्त अनुगमन समितिको व्यवस्था प्रभावकारी कार्यान्वयन नहुनु,
- राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिबाट भएका निर्णयहरूको कार्यान्वयन न्यून रहनु,
- निर्णय हुने तर कार्यान्वयन नहुने र निर्णयकर्ता निर्णय कार्यान्वयन गराउनको लागि प्रतिबद्ध नरहनु,
- तथ्यांङ्क तथा प्राप्त सूचना विश्लेषणमा आधारित प्रतिवेदनको तयारी नहुनु,
- आयोजना सम्पन्न मूल्याङ्कन (Post-project evaluation)  हरू नहुने/भएपनि गुणस्तरीय नहुने,
- अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० का प्रावधानहरूको कार्यान्वयनको शुरुवात नगरिनु।

## ३.३. विकास प्रक्रियाका मूलभूत सवाल तथा चुनौतीहरू

माथि उल्लिखित विकास व्यवस्थापनका विभिन्न चरणमा देखा परेका समस्याका साथै सम्पूर्ण विकास प्रक्रियामा नै देखिएका मूलभूत सवाल तथा चुनौतीहरूलाई सोह्रौं योजनाको दस्तावेजले देहाय बमोजिम पहिचान गरेको छः

- निरन्तरको न्यून आर्थिक वृद्धि, अर्थतन्त्रमा संरचनागत समस्या, उत्पादनमूलक उद्योग क्षेत्रको सङ्कुचन र द्वितीय क्षेत्रको घट्दो योगदान; प्राथमिक र द्वितीय क्षेत्रको दरिलो आधार बिनाको तृतीय क्षेत्रको विस्तार,
- न्यून उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत तथा कमजोर प्रतिस्पर्धी क्षमता; कृषि प्रतिको बढ्दो विकर्षण र आधारभूत खाद्य पदार्थमा समेत परनिर्भरता,
- उपभोगमुखी आयात तथा न्यून निर्यात क्षमता र उच्च व्यापार घाटा,
- आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन,
- सामाजिक सुरक्षाका छरिएका कार्यक्रम, बढ्दो दायित्व, कमजोर व्यवस्थापन र न्यून सुरक्षा अनुभूति,

- उत्पादन प्रणालीसँग नजोडिएको शिक्षा प्रणाली; उच्च शिक्षामा गुणस्तर तथा समयनिष्ठताको समस्या; कमजोर मानव स्रोत व्यवस्थापन,
- आधारभूत स्वास्थ्य सेवामा समेत आम नागरिकको न्यून पहुँच भएको कमजोर सार्वजनिक स्वास्थ्य प्रणाली,
- पूर्वाधारहरूको आवश्यकता र आपूर्ति बीचको बेमेल, दिगो पूर्वाधार विकासका आयामहरूको कमजोर व्यवस्थापन एवम् निर्मित भौतिक पूर्वाधारको न्यून गुणस्तर,
- भरपर्दो एवम् सुरक्षित र धान्न सकिने आधुनिक सूचना प्रविधिको प्रयोगमा न्यूनता र बढ्दो सुरक्षा चुनौती,
- शहरी पूर्वाधार तथा सेवा सुविधाको माग र आपूर्ति बीचमा फराकिलो खाडल एवम् अव्यवस्थित शहरीकरण, प्रभावकारी हुन नसकेको एकीकृत वस्ति विकास तथा स्थानान्तरण कार्यक्रम,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायमा हिंसाको स्वरूप परिवर्तन, आर्थिक-सामाजिक-सांस्कृतिक विभेद र परम्परागत सोचको निरन्तरता,
- विकासको प्रक्रियामा विभिन्न क्षेत्र, समुदाय र वर्गको समावेशीकरण गराउन यससँग सम्बन्धित नीति, अभ्यास र नतिजा बीचको खाडल,
- कमजोर तहगत अन्तरसम्बन्ध, सबल सङ्घीय शासन प्रणालीमार्फत समावेशी, समन्यायिक एवम् सन्तुलित प्रादेशिक विकास हासिल गर्ने दिशामा न्यून प्रगति,
- सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमता बीचको खाडल; आयातमा आधारित राजस्वको ठूलो हिस्सा; अनिश्चयपूर्ण सार्वजनिक वित्त प्रणालीसँगै वित्तीय सङ्घीयता कार्यान्वयनमा चुनौती,
- न्यून पुँजीगत विनियोजन तथा न्यून खर्च क्षमता; पूर्वाधारजन्य परियोजना निर्माणको अनियन्त्रित लागत तथा विलम्ब; लागतको तुलनामा न्यून प्रतिफल,
- सीमित व्यक्ति र उद्यमीबीच वित्तीय स्रोतसाधनको परिचालन; परिचालित वित्तीय स्रोतसाधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसकेको,
- बजार प्रतिस्पर्धाको कमजोर अवस्था; अनौपचारिक कारोबार र राजस्व एवम् पुँजी चुहावटमा वृद्धि; तरलता, मूल्य र आपूर्तिमा अस्वभाविक उतारचढाव-;
- सार्वजनिक सेवा प्रवाहको गुणस्तर र सुरक्षा व्यवस्थाप्रति नागरिकको गुनासो; भ्रष्टाचार नियन्त्रण, सामाजिक न्यायको प्रत्याभूति र शीघ्र न्याय निरूपण गर्ने चुनौती,
- वातावरणमाथि उच्च दवाव; जलवायु परिवर्तनका असर न्यूनीकरण एवम् उत्थानशील विकास र हरीत अर्थतन्त्र अवलम्बन गर्ने चुनौती,

- विकासशील मुलुकमा स्तरोन्नतिबाट सिर्जना हुने उपलब्धिसँगै आइपर्ने चुनौतीको व्यवस्थापन; दिगो विकास लक्ष्यका लागि आवश्यक स्रोत व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयन।

## ३.४. विकास व्यवस्थापनको सुधारको लागि राष्ट्रिय योजना आयोगले गरेका प्रयासहरूः

विकास व्यवस्थापनमा लामो समयदेखि विभिन्न अवरोधहरू देखा परेका छन्। यी अवरोधहरू हटाएर विकास व्यवस्थापनलाई सरलीकृत गर्न राष्ट्रिय योजना आयोगबाट गरिएका प्रयासहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छः

- सोह्रौं योजनाको कार्यान्वयन कार्ययोजना तयारीमा सङ्घीय मन्त्रालयसँग सम्बन्धित विषयक्षेत्रसँग सम्बन्धित कार्ययोजना तयार गरिएको ।
- सोह्रौं योजनालाई कार्यान्वयनयोग्य, यथार्थपरक र नतिजामुलक बनाउने प्रयास गरिनुको साथै आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गरिएको छ जसले गर्दा स्रोत साधनको सुनिश्चितता भएको,
- संघबाट सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना सहित रुपान्तरणकारी आयोजना र प्राथमिकताप्राप्त आयोजनाहरूको विवरण, लागत, समय सहितको वार्षिक विकास कार्यक्रम तयार गरिएको,
- चालु आर्थिक वर्षको यथार्थ विनियोजन तथा बाँकी दुई वर्षको खर्च प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार भएको हुँदा आगामी बजेट विनियोजन र स्रोतको सुनिश्चितता गर्नुपर्ने क्षेत्रमा आधार तयार भएको,
- विभिन्न मन्त्रालयसँग र प्रदेशस्तरमा समन्वय छलफल तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने क्रम निरन्तर रहेकोले अन्तर मन्त्रालय तथा अन्तर प्रदेश समन्वय कायम गर्नमा योगदान पुगेको,
- विभिन्न विषयगत मन्त्रालय तथा निकायका क्षेत्रगत नीतिहरूमा आयोगको महाशाखा प्रमुख, आयोगका सदस्य तथा साप्ताहिक बैठक जस्ता विभिन्न तहमा छलफल भई राय सुझाव उपलब्ध गराएबाट कार्यान्वयनयोग्य नीति तर्जुमामा सहयोग पुगेको,
- अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० तर्जुमा भई कार्यान्वयनमा आएको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कन विधिलाई थप व्यवस्थित बनाउन यस ऐनको कार्यविधि तर्जुमा भई स्वीकृतिको क्रममा रहेको,
- आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० र ठूला आयोजना सञ्चालन तथा सहजीकरण निर्देशिका, २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याएको,

- राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको स्थापना भई आयोजनाहरूको प्रविष्टि भैरहेको हुँदा आयोजनाहरूको वर्तमान अवस्थाको विश्लेषण गर्न सहज हुने तथा भविष्यमा आवश्यक पर्ने आयोजनाहरूको पहिचान र छनौट गर्न सहयोग पुग्ने अपेक्षा गरिएको।

## ३.५ राष्ट्रिय योजना आयोगले सामना गरेका चुनौतीहरुः

विकास व्यवस्थापनको विभिन्न चरणमा देखिएका समस्याहरू समाधान गर्न राष्ट्रिय योजना आयोगले सामाना गरेको चुनौतीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आफ्नो कार्यक्षेत्र भित्रका कतिपय समस्या समाधानका विषयहरूमा पहिचान गरेका उपायहरू आयोगबाट प्रभावकारी ढङ्गमा समयमै कार्यान्वयनमा ल्याउनु कठिन हुनु,
- आयोगले संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्नु पर्ने दायित्व अनुरूप कार्य गर्दै आइरहेको परिप्रेक्ष्यमा आयोगको क्षेत्राधिकार भित्रको जिम्मेवारी प्रभावकारी सम्पादन गर्न आयोगको समयानुकूल र उपयुक्त सांगठनिक एवम् व्यवस्थापकीय पुनःसंरचना गरी आयोगलाई स्थायी, दक्ष र विशिष्टीकृत संस्था बनाउनु,
- आयोगको संरचनालाई निश्चित पदावधिको लागि स्थायी बनाउनु,
- आयोगको कार्य नीति, योजना तथा कार्यक्रमको विश्लेषण तथा तर्जुमा र अनुगमन, मूल्याङ्कन एवम् अध्ययन लगायतका प्रशासनिक भन्दा बढी बौद्धिक र अनुसन्धानात्मक प्रकृतिको भएको हुँदा कर्मचारीको बारम्बार हुने फेरबदलले कर्मचारीको विषय विशेषज्ञता विकास हुन सकिरहेको छैन। विषय विज्ञता विकासका लागी आर्थिक योजना तथा तथ्याङ्क सेवा समूह अन्तर्गत राष्ट्रसेवक कर्मचारीहरूलाई ल्याई आयोगको क्षमता अभिवृद्धि गर्नु र विशिष्टीकृत संस्थाको रूपमा विकास गर्नु,
- आयोगको आफ्नै कार्यालय भवन नभएकोले स्थान अभावको कारण प्रभावकारी कार्यसञ्चालनको लागि समस्या परेको साथै आयोगका महत्वपूर्ण दस्तावेजहरूको स्थायी रूपले व्यवस्थापन गर्न गाह्रो परेको हुँदा कार्यालयको आफ्नै भवनको व्यवस्था गर्नु,
- अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० लाई प्रभावकारी कार्यान्वयन गर्नु,
- अनुगमन र मूल्याङ्कन क्षेत्रमा सबै मन्त्रालय एवं निकायहरूको यस आयोगलाई एक विशिष्ट संस्थाका रूपमा लिई निरन्तर समन्वय गर्नु,
- राष्ट्रिय प्रतिवेदन प्रणालीमा संघ, प्रदेश र स्थानीयतहलाई समेटी एकीकृत रूपमा कार्यान्वयन गर्नु।

## ३.६ राष्ट्रिय योजना आयोगले आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरुः

राष्ट्रिय योजना आयोगले आफ्नो कार्य सञ्चालनका समयमा विभिन्न चुनौतीहरू सामाना गर्दै आएकोले आगामी दिनमा देहाय बमोजिमका विषय/क्षेत्रमा क्रियाशिल हुनुपर्ने देखिन्छः

- राष्ट्रिय योजना आयोग गठन आदेशको मर्म अनुसार प्रादेशिक योजना आयोगहरूका बीचमा समन्वय र सहजीकरण गर्ने र तीनै तहका योजना तथा कार्यक्रमहरूका बीचमा सामञ्जस्यता कायम राख्दै बृहत्तर राष्ट्रिय हितमा एकीकृत गरी विकासका प्रयासहरूलाई समन्वय गर्न,
- वार्षिक कार्यक्रमको छनौट गर्दा आवधिक योजनासँग सामान्जस्यता कायम राख्दै त्यस्ता कार्यक्रमको छनौटको आवश्यकता र औचित्यताको विश्लेषण गरेर मात्र बजेटमा समावेश गरी वित्तीय अनुशासन कायम गर्न/ गराउन,
- सन् २०३० सम्ममा उच्च मध्यम आय भएको मुलुकको स्तरमा पुग्न दीर्घकालीन सोच, नीति, योजना र कार्यक्रमलाई सबै तह र क्षेत्रमा सामञ्जस्यता र एकरूपता ल्याई कार्यान्वयनमा केन्द्रित गर्न,
- सन् २०१६ देखि अंगीकार गरिएको दिगो विकासका लक्ष्यहरूलाई राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्ने प्रयास गरिएको भएतापनि दिगो विकासको लक्ष्य (SDGs) का सूचकहरूलाई प्रदेश तथा स्थानीय तहसम्म स्थानीयकरण गर्नुका साथै तिनको प्रगति स्थितिको प्रतिवेदन तथा समीक्षा गर्नुका साथै दिगो विकास लक्ष्यको पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने थप लगानी जुटाउन र परिचालन गर्न,
- देशको सामाजिक आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने आयोजना र परियोजनाहरू छनौट गरी लगानीको सुनिश्चितता प्रदान गर्नु पर्ने आवश्यकता छ भने सार्वजनिक निजी साझेदारी, प्रत्यक्ष वैदेशिक लगानी, विकास सहायता लगायतका आन्तरिक र बाह्य श्रोतहरूको समेत पहिचान गरी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने लगानीयोग्य परियोजना सहितको लगानी ढाँचा तयार गर्न,
- आयोजना बैंकको माध्यमबाट आयोजना व्यवस्थापन, सञ्चालन र अनुगमन तथा मूल्याङ्कनको संस्थागत प्रणाली विकास गर्नु र आयोजना तथा कार्यक्रमको वस्तुनिष्ठ सूचकहरूको आधारमा नियमित र समयसारिणी सहितको अनुगमन तथा निरीक्षण प्रणालीको विकास गरी हरेक निकायद्वारा गरिने अनुगमनबीच एकरूपता कायम गर्न,
- संघ - प्रदेश र संघ - प्रदेश - स्थानीय तहको योजनागत समन्वयलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश र स्थानीय तहहरूलाई योजना तथा कार्यक्रम तर्जुमाको साथै कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यमा दक्षता अभिवृद्धि गरी सशक्तीकरण गर्न,

- अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकतामा राखी नीति पृष्ठपोषणको रूपमा अघि बढाउन,
- प्रदेश र स्थानीय तहमा विकास सहायता परिचालनको सहजीकरण तथा नियमन गर्न संवाद, समन्वय र सहकार्य वृद्धि गर्न,
- राष्ट्रिय योजना आयोगको संयोजकत्वमा प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने गरी छनौट भई विशेष तथा समपुरक अनुदान विनियोजन भएका आयोजना/कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि पर्याप्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली विकास गर्न,
- सबै स्थानीय तहहरूमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने/गराउने कार्य तथा संघ, प्रदेश र स्थानीय तहको परियोजना बाँडफाँट व्यवस्थित गर्न,
- बहुबर्षीय र ठूला प्रकृतिका आयोजनाहरूको निश्चित अवधिपश्चात् आन्तरिक मूल्याङ्कन एवं प्रभाव मूल्याङ्कनका माध्यमबाट पृष्ठपोषण लिने संस्कृति विकास गर्न।

## ३.७ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरुः

विकास व्यवस्थापनलाई व्यवस्थित बनाउन महत्वपूर्ण चरणको रूपमा रहेको योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

- आवधिक योजनालाई छरितो र कार्यान्वयनयोग्य बनाउने,
- आवधिक योजना अनुरूप प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमको छनौट गर्ने प्रणाली विकास गर्ने,
- सोह्रौं योजना कार्यान्वयनको लागि संवैधानिक, विषयगत मन्त्रालयहरू र अन्य निकायहरू, विकासका अन्य सरोकारपक्षहरूको स्पष्ट जिम्मेवारी सहित कार्ययोजना बनाउने,
- मध्यमकालीन खर्च संरचनामा स्वचालित प्रणाली विकास गरी आवधिक योजना र बजेट बीचको आधार सम्बन्ध बलियो पार्ने,
- मध्यमकालीन खर्च संरचना र आयोजना बैंकलाई कडाईका साथ कार्यान्वयन गर्ने साथै यिनीहरूको स्थानीयकरण समेत गर्ने र तीन तहबीचको आयोजना वर्गीकरणको मापदण्डलाई पूर्णरूपमा कार्यान्वयन गर्ने,
- आयोजना छनौट र बजेट विनियोजन गर्दा प्रादेशिक सन्तुलन मिलाउने। बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्डलाई समयानुकुल परिमार्जन गर्दै लैजाने,
- ठेक्का व्यवस्थापनमा सुधार गर्ने र निर्माण व्यवसायीको नियमनलाई प्रभावकारी बनाउने,
- प्राविधिक जनशक्तिको प्रर्याप्त व्यवस्था गर्ने र प्राविधिक जनशक्तिलाई स्रोत साधनको कमी हुन नदिन आयोजनामा खटिने कर्मचारीको स्थायित्वमा ध्यान दिने,

- राष्ट्रिय गौरवका आयोजना छनौट सञ्चालन तथा व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड बनाई लागू गर्ने,
- आर्थिक-सामाजिक रुपान्तरण गर्ने प्रकृतिका वृहत आयोजनाको लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने,
- पूर्व तयारी सम्पन्न भई आयोजना बैंकमा समावेश आयोजनालाई मात्र बजेट विनियोजन गर्ने,
- रुग्ण आयोजनाहरूको व्यवस्थापन गर्ने,
- आयोजनाको संख्या वर्षेनी थप नगरी कार्यान्वयनका क्रममा रहेका आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गरी छिटो प्रतिफल प्राप्त हुनेगरी लगानी सुनिश्चित गर्ने,
- राष्ट्रिय विकास समस्या समाधान समितिबाट भएका निर्णयहरू तत्काल कार्यान्वयन हुने वातावरण बनाउन समन्वय गर्ने,
- आयोजनामा गरिने प्राविधिक परीक्षणलाई थप सुदृढ बनाउने,
- नतिजा सूचकलाई नियमित समीक्षा गर्दै लैजाने। स्रोत र साधनको प्राथमिकीरणका आधारहरू स्पष्ट गर्ने,
- सङ्घीय तथा प्रदेशका विकास योजना कार्यान्वयनको समस्या समाधानको लागि नियमित बैठक गरी समाधानका उपाय खोज्ने,
- नीति तथा कार्यक्रमहरूको नियमित मूल्याङ्कन गर्ने र परिणाम/असर मूल्याङ्कन गरेर मात्र उक्त कार्यक्रमलाई निरन्तरता दिने। आन्तरिक मूल्याङ्कन र तेस्रो पक्ष मूल्याङ्कनमार्फत आयोजना/कार्यक्रमको औचित्यता जाँच गर्ने,

# अनुसूचीहरू

# अनुसूची - १

## राष्ट्रिय योजना आयोगको स्वरूप

**राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८० को दफा ३ बमोजिम आयोगको स्वरूप**

| | | |
|---|---|---|
| (क) | सम्माननीय प्रधानमन्त्री | - अध्यक्ष |
| (ख) | नेपाल सरकारबाट नियुक्त एक जना | - उपाध्यक्ष |
| (ग) | नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा ७ जना | - सदस्य |
| (घ) | मुख्य सचिव, नेपाल सरकार | - सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (च) | सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य-सचिव |

# अनुसूची - २

## राष्ट्रिय योजना आयोगका पदाधिकारी तथा कर्मचारीहरूको विवरण

**तालिका २.१ः आयोगका पदाधिकारीहरूको विवरण (२०८२ असार मसान्तसम्म)**

| पद | नामथर |
|---|---|
| उपाध्यक्ष | प्रा.डा.शिवराज अधिकारी |
| सदस्य | प्रा.डा.आर.पि. बिच्छा |
| सदस्य | डा. रमेश प्रसाद सिह |
| सदस्य | डा.प्रकाश कुमार श्रेष्ठ |
| सदस्य | श्री गीता पौडयाल अधिकारी |
| सदस्य | डा.जयबहादुर टण्डन |
| सदस्य | श्री गंगादत्त अवस्थी |

## तालिका २.२: आयोगमा कार्यरत कर्मचारीहरूको विवरण (२०८२ असार मसान्तसम्म)

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| **सह सचिव** | **खोमराज कोइराला** | **आर्थिक व्यवस्थापन महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | | आर्थिक व्यवस्थापन, विज्ञान शाखा |
| योजना अधिकृत | श्री सुवाष लिम्बु | आर्थिक व्यवस्थापन, शिक्षा तथा विज्ञान शाखा |
| योजना अधिकृत | श्री निरञ्जन पाख्रिन | आर्थिक व्यवस्थापन, शिक्षा तथा विज्ञान शाखा |
| कार्यक्रम निर्देशक | डा.चक्रपाणी आचार्य | समष्टिगत आर्थिक क्षेत्र तथा आर्थिक विश्लेषण शाखा |
| योजना अधिकृत | श्री नवराज पराजुली | समष्टिगत आर्थिक क्षेत्र तथा आर्थिक विश्लेषण शाखा |
| निर्देशक | श्री यदुनाथ आचार्य | तथ्याङ्क शाखा |
| योजना अधिकृत | श्री पुष्पा घिमिरे | तथ्याङ्क शाखा |
| कार्यक्रम निर्देशक | श्री अनिता पौडेल | दिगो विकास तथा अन्तर्रराष्टिरया सम्बन्ध शाखा |
| योजना अधिकृत | श्री सन्तोष शर्मा | अध्ययन विदा |
| योजना अधिकृत | श्री सुरज अर्याल | वैदेशिक समन्वय शाखा |
| कार्यक्रम निर्देशक | श्री लक्ष्मी घिमिरे | शिक्षा, गृह, रक्षा, विपद् व्यवस्थापन आयोजना बैंक र संवैधानिक निकाय/आयोग शाखा |
| योजना अधिकृत | श्री कुलचन्द्र पराजुली | अध्ययन विदा |
| योजना अधिकृत | श्री सन्तोष नेपाली | गृह, रक्षा, विपद् व्यवस्थापन आयोजना बैंक र संवैधानिक निकाय/आयोग शाखा |
| योजना अधिकृत | श्री शेखर रत्न शाक्य | गृह, रक्षा, विपद् व्यवस्थापन आयोजना बैंक र संवैधानिक निकाय/आयोग शाखा |
| योजना अधिकृत | श्री सुरेन श्रेष्ठ | गृह, रक्षा, विपद् व्यवस्थापन आयोजना बैंक र संवैधानिक निकाय/आयोग शाखा |
| **सह सचिव** | **श्री अर्जुन भण्डारी** | **पूर्वाधार महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | श्री दुर्गा वन्जाडे | उर्जा, जलश्रोत र सिंचाई, सूचना तथा सञ्चार, कानून न्याय तथा संसदीय मामिला |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| योजना अधिकृत | श्री अमृता पन्थी | उर्जा, जलश्रोत र सिंचाई, सूचना तथा सञ्चार, कानून न्याय तथा संसदीय मामिला |
| योजना अधिकृत | श्री कृणानन्द सिंह | उर्जा, जलश्रोत र सिंचाई, सूचना तथा सञ्चार, कानून न्याय तथा संसदीय मामिला |
| कार्यक्रम निर्देशक | श्री राजेश बाबु घिमिरे | भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास, सार्वजनिक निजी साझेदारी शाखा |
| योजना अधिकृत | श्री प्रमिला गौतम | भौतिक पूर्वाधार तथा यतायात, शहरी विकास,सार्वजनिक निजी साझेदारी, दिगो विकास लक्ष्य ९ र ११ को समन्वय शाखा |
| योजना अधिकृत | श्री गोविन्द प्रसाद आचार्य | भौतिक पूर्वाधार तथा यतायात, शहरी विकास,सार्वजनिक निजी साझेदारी, |
| सह सचिव | श्री राजन पौडेल | उत्पादन तथा श्रम सम्बन्ध महाशाखा प्रमुख |
| कार्यक्रम निर्देशक | श्री रामहरि पाण्डे | श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति र वन तथा वातावरण शाखा |
| योजना अधिकृत | श्री रञ्जना न्यौपाने | श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति र वन तथा वातावरण शाखा |
| योजना अधिकृत | श्री विकास विक्रम शाह | श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति र वन तथा वातावरण शाखा |
| योजना अधिकृत | श्री रोशन अधिकारी | श्रम तथा रोजगार, उद्योग, वाणिज्य तथा आपूर्ति र वन तथा वातावरण शाखा |
| सह सचिव | श्री राजेश गौतम | अनुसन्धान अन्वेषण तथा तहगत समन्वय महाशाखा प्रमुख |
| कार्यक्रम निर्देशक | श्री केशवराज सुवेदी | कृषि तथा पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी र यूवा तथा खेलकुद |
| योजना अधिकृत | श्री शम्शेर बहादुर राई | कृषि तथा पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी र यूवा तथा खेलकुद |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| योजना अधिकृत | श्री रजनी ठाकुर | कृषि तथा पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी र यूवा तथा खेलकुद |
| योजना अधिकृत | श्री चन्द्र प्रकाश बस्नेत | कृषि तथा पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी र यूवा तथा खेलकुद |
| कार्यक्रम निर्देशक | श्री अनुनय बाँस्तोला | अध्ययन अनुसन्धान तथा तहगत समन्वय र खानेपानी शाखा |
| योजना अधिकृत | श्री प्रमिला के.सी | अध्ययन अनुसन्धान तथा तहगत समन्वय र खानेपानी शाखा |
| योजना अधिकृत | | अध्ययन अनुसन्धान तथा तहगत समन्वय र खानेपानी शाखा |
| **सह सचिव** | **श्री नव राज ढुंगाना** | **अनुगमन तथा मुल्यांकन महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | श्री गोकुल खड्का | अनुगमन मूल्याङ्कन, नतिजा व्यवस्थापन र प्रतिवेदन, पर्यटन, राष्ट्रिय गौरवका आयोजना, रा.वि.स.स. ,म.वि.स.स. |
| कार्यक्रम निर्देशक | श्री कृष्ण व्यान्जु- | राष्ट्रिय विकास समस्या समाधान समन्वय शाखा/मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति समन्वय शाखा |
| योजना अधिकृत | श्री देवराज भण्डारी | अनुगमन मूल्याङ्कन, नतिजा व्यवस्थापन र प्रतिवेदन, पर्यटन, राष्ट्रिय गौरवका आयोजना, रा.वि.स.स. ,म.वि.स.स. |
| तथ्याङ्क अधिकृत | श्री रमा भण्डारी गौतम | अनुगमन मूल्याङ्कन, नतिजा व्यवस्थापन र प्रतिवेदन, राष्ट्रिय गौरवका आयोजना |
| योजना अधिकृत | श्री उत्तम खतिवडा | अनुगमन मूल्याङ्कन, नतिजा व्यवस्थापन र प्रतिवेदन, पर्यटन, राष्ट्रिय गौरवका आयोजना, रा.वि.स.स. ,म.वि.स.स. |
| **सह सचिव** | **श्री हेमराज सुवेदी** | **सामाजिक विकास महाशाखा** |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| कार्यक्रम निर्देशक | श्री शिवरञ्जन पौड्याल | स्वास्थ्य तथा जनसंख्या, महिला बालबालिका समपूरक र विशेष अनुदान |
| योजना अधिकृत | श्री रोशनी कार्की | स्वास्थ्य तथा जनसंख्या, महिला बालबालिका समपूरक र विशेष अनुदान |
| योजना अधिकृत | श्री शारदा ज्ञवाली | स्वास्थ्य तथा जनसंख्या, महिला बालबालिका समपूरक शाखा र विशेष अनुदान |
| योजना अधिकृत | श्री रमेश विश्वकर्मा सुनार | स्वास्थ्य तथा जनसंख्या, महिला बालबालिका समपूरक र विशेष अनुदान |
| योजना अधिकृत | श्री रमेश पराजुली | समपूरक र विशेष अनुदान |
| योजना अधिकृत | श्री सरिता अधिकारी | स्वास्थ्य तथा जनसंख्या, महिला बालबालिका समपूरक र विशेष अनुदान |
| **सह सचिव** | **श्री हरिशरण पुडासैनी** | **प्रशासन महाशाखा प्रमुख,शिक्षा विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद दिगो विकास लक्ष्य ४ को समन्वय संस्थागत सुशासन र समन्वय, कर्णाली प्रदेशको तहगत समन्वय** |
| उपसचिव (लेखा) | श्री उदय राज भट्टराई | आर्थिक प्रशासन शाखा |
| लेखा अधिकृत | श्री दयाराम काफ्ले | आर्थिक प्रशासन शाखा |
| लेखापाल | श्री सूर्य प्रकाश आचार्य | आर्थिक प्रशासन शाखा |
| कम्प्युटर अपरेटर | श्री रमेश तिमिल्सिना | आर्थिक प्रशासन शाखा |
| कार्यक्रम निर्देशक | डा.दिवाकर लुईटेल | प्रधानमन्त्री कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |
| योजना अधिकृत | श्री अरुण तिमल्सिना | मा. उपाध्यक्षज्यूको कार्यकक्षमा |
| योजना अधिकृत | श्री प्रतिमा न्यौपाने | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा |
| योजना अधिकृत | | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| योजना अधिकृत | श्री इन्द्र बहादुर क्षेत्री | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा |
| कानुन अधिकृत | श्री कुमार रिजाल | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा |
| कम्प्युटर अधिकृत | श्री मन्दिरा नापित गुरुङ्ग | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(आइटि युनिट) |
| पुस्तकालय अधिकृत | श्री सम्झना घिमिरे | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(पुस्तकालय) |
| योजना अधिकृत | श्री अमृता पन्थी | |
| योजना अधिकृत | श्री सुनिता पराजुली | |
| नायब सुब्बा | श्री भुवन न्यौपाने | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा |
| कम्प्युटर अपरेटर | श्री उमा सिग्देल | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा |
| कम्प्युटर अपरेटर | श्री योगेश थापा | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(आइटि युनिट) |
| कम्प्युटर अपरेटर | श्री बिजय सिंह थापा | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(आइटि युनिट) |
| नायव सुब्बा | श्री प्रिति सापकोटा | दर्ता चलानी |
| ना. सु. (टा.) | श्री केदार तण्डुकार | दर्ता चलानी |
| नायव सुब्बा | श्री ठाकुर प्रसाद वाग्ले | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा स्टोर |
| नायब सुब्बा | श्री नवराज पराजुली | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा स्टोर |
| कम्प्युटर अपरेटर | श्री संझना पुडासैनी | श्रीमान् सचिवज्यूको सचिवालयमा |
| कम्प्युटर अपरेटर | श्री अन्जना अधिकारी | मा सदस्य श्री गिता पौड्याल अधिकारीज्यूको सचिवालयमा |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| नायव सुब्बा | श्री डिल्लीराज खड्का | मा सदस्य रमेश प्रसाद सिंहज्यूको सचिवालयमा |
| नायव सुब्बा | श्री प्रियंका राई | मा.सदस्य प्रकाश कुमार श्रेष्ठज्यूको सचिवालय |
| नायव सुव्वा | श्री सम्झना लुईटेल | सहसचिव श्री खोमराज कोइरालाज्यूको सचिवालयमा |
| नायव सुव्वा | श्री शिशिर कुमार राई | सहसचिव श्री हेमराज सुवेदीज्यूको सचिवालयमा |
| नायव सुव्वा | श्री कृष्ण प्रसाद पोखरेल | |
| नायव सुव्वा | श्री गोविन्द राज जोशी | मा.सदस्य प्रा.डा.आर पि बिछाज्यूको सचिवालय |
| नायव सुव्वा | श्री सुस्मा लुईटेल | सहसचिव श्री हरिशरण पुडासैनीज्यूको सचिवालय |
| नायव सुव्वा | श्री पर्शुराम घिमिरे | सहसचिव श्री अर्जुन भण्डारीज्यूको सचिवालय |
| नायव सुब्बा | श्री सविना गुरागाई | सहसचिव श्री राजेश गौतमज्यूको सचिवालय |
| नायब सुब्बा | श्री तेजनाथ ढकाल | माननीय उपाध्यक्षज्यूको सचिवालय |
| नायब सुब्बा | श्री बबिता महतो | सहसचिव श्री सचिवालय |
| नायब सुब्बा | श्री रेखा भण्डारी | |
| नायब सुब्बा | श्री रसिला आचार्य | मा. सदस्य श्री गंगादत्त अवस्थीज्यूको सचिवालयमा |
| नायब सुब्बा | श्री बिमला घिमिरे पौडेल | माननीय डा. श्री जयबहादुर टण्डनज्यूको सचिवालयमा |
| नायब सुब्बा | श्री सोविता पराजुली | सहसचिव |
| ह.स.चा. | दिपक कार्की | आर्थिक प्रशासन शाखा |
| ह.स.चा. | सुरज महर्जन | माननीय सदस्य रमेश प्रसाद सिंह |
| ह.स.चा. | अनिल चित्रकार | सहसिचव नव राज ढुंगाना |
| ह.स.चा. | राजु स्याङतान | सचिवज्यूको |
| ह.स.चा. | राम कुमार रायमाझी | माननीय सदस्य गंगादत्त अवस्थि |
| ह.स.चा. | रामेश्वर महर्जन | सहसचिव श्री राजेश गौतमज्यूको |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| ह.स.चा. | डम्बर भुल | उपाध्यक्षज्यूको |
| ह.स.चा. | सुरेश श्रेष्ठ | माननीय सदस्य डा. जय बहादु टण्डन |
| ह.स.चा. | सजन लामा स्याङतान | कार्यक्रम निर्देशक दिबाकर लुइटेल |
| ह.स.चा. | रामहरी गिरी | सहसचिव श्री हेमराज सुवेदीज्यूको |
| ह.स.चा. | भीम बहादुर पौडेल | माननिय सदस्य डा. आर.पि.विच्छा |
| ह.स.चा. | कुल प्रसाद ढकाल | स्टाफ बस |
| ह.स.चा. | हेराकाजी महर्जन | सहसचिव श्री हरिशरण पुडासैनीज्यूको |
| ह.स.चा. | बलराम गोसाई | कार्यक्रम निर्देशक दुर्गा वन्जाडे |
| ह.स.चा. | श्याम कार्की | माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठ |
| ह.स.चा. | बलराम सिंखडा | माननीय सदस्य श्री गिता कुमारी पौडयाल |
| ह.स.चा. | श्रीराम कोजु | सहसचिव श्री राजन पौडेल |
| का.स. | सेते तामाङ | आर्थिक प्रशासन शाखा |
| का.स. | दिपक कार्की | स्टोर |
| का.स. | शान्ता महर्जन | आर्थिक व्यवस्थापन शाखा |
| का.स. | डोर बहादुर कार्की | माननीय सदस्य प्रा.डा.आर.पि. बिच्छा |
| का.स. | गोपाल अर्याल | माननीय सदस्य डा. जयबहादुर टण्डन |
| का.स. | कमल बहादुर दराई | आन्तरिक प्रशासन शाखा |
| का.स. | बिमला जि. सि. | माननीयसदस्य श्री गंगादत्त अवस्थि |
| का.स. | शर्मिला चित्रकार | अनुगमन शाखा |
| का.स. | रमा पाण्डे | सहसचिव श्री राजन पौडेल |
| का.स. | अञ्जु खड्का | अनुगमन तथा मुल्यांकन महाशाखा |
| का.स. | गोपाल धिमाल | माननीय सदस्य श्री प्रकाश कुमार श्रेष्ठ |
| का.स. | सानु नारायण मानन्धर | उपाध्यक्षज्यूको |
| का.स. | रिम्की तामाङ्ग | सहसचिव खोमराज कोइराला |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| का.स. | प्रकाश थापा | दर्ता चलानी |
| का.स. | शान्ता रिजाल | माननिय सदस्य श्री गिता कुमारी पौड्याल |
| का.स. | राधिका कोइराला | आन्तरिक प्रशासन शाखा |
| का.स. | सीता भट्टराई | माननिय सदस्य डा. रमेश प्रसाद सिंह |
| का.स. | गौरी तामाङ्ग | बगैचा |
| का.स. | कविता महर्जन | सचिवज्यू |
| का.स. | बिन्दु श्रेष्ठ | सहसचिव अर्जुन भण्डारी |
| झाडु बडारु | भरत पोडे | सरसफाई |
| इलेक्ट्रिसियन | जितेन्द्र महर्जन | इलेक्ट्रिसियन |
| स.ह चालक | विकास कर्मचार्य | सहचालक |
| झाडु बडारु | भर्सा पोडे | सरसफाई |
| झाडु बडारु | प्रमिला पोडे | सरसफाई |

# अनुसूची - ३

## राष्ट्रिय विकास समस्या समाधान समितिको स्वरूप

## (अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० अनुसार)

| | | |
|---|---|---|
| (क) | सम्माननीय प्रधानमन्त्री | अध्यक्ष |
| (ख) | नेपाल सरकारका मन्त्रीहरू | सदस्य |
| (ग) | प्रदेशका मुख्य मन्त्रीहरू | सदस्य |
| (घ) | आयोगको उपाध्यक्ष | सदस्य |
| (ङ) | आयोगका सदस्यहरू | सदस्य |
| (च) | नेपाल सरकारको मुख्य सचिव | सदस्य |
| (छ) | सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | सदस्य |
| (ज) | आयोगको सचिव | सदस्य-सचिव |

समितिको बैठकमा प्रत्येक चौमासिक अवधिमा कम्तिमा एक पटक बस्नेछ। समितिको बैठकमा आवश्यकता अनुसार सङ्घ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिने। समितिको बैठक तथा निर्णय सम्बन्धि कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुने।

# अनुसूची - ४

## ५३ औं राष्ट्रिय विकास समस्या समाधान समितिमा गरिएका निर्णयहरूको कार्यान्वयनको स्थिति

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १. | सार्वजनिक प्रशासनलाई कम खर्चिलो, ठीक आकारको, जवाफदेही र सक्षम बनाउन र नियुक्ति, सरुवा, बढुवा, पदस्थापना, अधिकार प्रत्यायोजन, कार्यसम्पादन मूल्याङ्कन, अध्ययन तालिम लगायत समग्र बृत्ति विकास चक्रका प्रणालीमा गर्नुपर्ने सुधारका विषयहरू पहिचान गरी शासकीय प्रणाली सुधारको सिफारिशका लागि उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक प्रकृया अगाडि बढाउने। | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।**<br>• नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०१/०८ को बैठकबाट उच्चस्तरीय शासकीय सुधार आयोग गठन भएको। |
| २ | वन नियमावली, २०७९ को दफा ८८ (च) मा प्रदेश सरकारबाट निर्माण हुने पचास करोडसम्म र स्थानीय तहबाट निर्माण हुने पन्ध्र करोडसम्म लागत रहेका पूर्वाधार विकास योजनामा वन क्षेत्रको जग्गा प्रयोग गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश सरकारको निकायबाट प्रादेशिक प्राथमिकता प्राप्त आयोजना तोक्न प्रदेश सरकार जिम्मेवार हुने व्यवस्था गरी कार्यान्वयनका लागि मापदण्ड र आधारसहित राष्ट्रिय योजना आयोग लगायत सरोकारवालासँग छलफल गरी तीन महिनाभित्र वन तथा वातावरण मन्त्रालयले मौजुदा वन नियमावली संशोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव पेश गर्ने। | **वन तथा वातावरण मन्त्रालय।**<br>• केही नेपाल ऐन संशोधन विधेयकमा समावेस भएको र प्रतिनिधि सभाबाट पारित भएको। |
| ३ | निजी क्षेत्रको लगानीबाट कार्यान्वयन हुने आयोजनाहरूको हकमा वन क्षेत्रको जग्गा उपयोगका लागि राष्ट्रिय योजना आयोगको सिफारिश आवश्यक नपर्ने व्यवस्थाका लागि वन तथा | **वन तथा वातावरण मन्त्रालय।** |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | वातावरण मन्त्रालयले र आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० मा भएको सम्बन्धित प्रावधानमा संशोधनका लागि राष्ट्रिय योजना आयोगले प्रक्रिया अगाडि बढाउने। | • केही नेपाल ऐन संशोधन विधेयकमा यस सम्बन्धी व्यवस्था प्रस्ताव गरिएको। |
| ४ | सार्वजनिक खरिद प्रयोजनको लागि आवश्यक पर्ने जिल्ला दररेट वस्तुपरक, बैज्ञानिक र विश्वासिलो बनाउन शहरी विकास मन्त्रालयको संयोजनमा गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायत सम्बन्धित निकायसँगको समन्वयमा तीन महिनाभित्र स्तरीकृत ढाँचा (Standard Framework) तयार गरी जारी गर्ने। | **शहरी विकास मन्त्रालय।**<br>• समिति गठन भई सम्बन्धित मन्त्रालय/निकायहरूसँग समन्वय गरी Standard Framework तयार गर्ने कार्य भइरहेको। |
| ५ | मोरङ्ग, भक्तपुर, कास्की र बाँकेमा सञ्चालित बालसुधार गृहहरू सरकारी संयन्त्रबाटै प्रभावकारी रूपमा सञ्चालन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तीन महिनाभित्र आवश्यक व्यवस्था मिलाउने। नेपाललाई सडक बालबालिका मुक्त गराउने अभियानलाई सफल बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयको समन्वयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने। | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।**<br>१. मोरङ्ग, भक्तपुर, कास्की र बाँकेमा सञ्चालित बालसुधार गृहहरू सरकारी संयन्त्रबाटै प्रभावकारी रूपमा सञ्चालन गर्ने विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव, भक्तपूर जिल्लाको प्र.जि.अ, कारागार व्यवस्थापन विभागका महानिर्देशक, अर्थ मन्त्रालयका प्रतिनिधी र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि समेतको बैठक बसि<br>• नुवाकोटको सदरमुकाम बिदुरमा रहेको साबिकको कारागारको भवन बालसुधार गृह सञ्चालनको प्रयोजनको लागि उपलब्ध |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | गराईदिन गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागलाई पुनः अनुरोध गरिएको,<br>**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।**<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय बाल अधिकार परिषदबाट नेपाललाई सडक बालबालिका मुक्त गराउन सडकमा बस्ने बालबालिका विशेष संरक्षण एकीकृत कार्यविधि, २०८१ को मस्यौदा तयार भई सरोकारवालाहरूसँग छलफल भइरहेको,<br>• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सञ्चालनमा ल्याएको एकीकृत अनलाइन अनुगमन प्रणालीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्रतिवेदन गरे अनुसारः<br>✓ सबै सडक बालबालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण तथा व्यवस्थापन गर्ने लक्ष्यअनुरूप हालसम्म शतप्रतिशत प्रगति भएको,<br>परिवार तथा आफन्त नभएका बेवारिसे तथा असहाय सबै |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | बालबालिकाको बालसुधार गृहमा पुनर्स्थापना गर्ने लक्ष्यअनुरूप ४४ प्रतिशत प्रगति भएको, त्यसैगरी हराएकामध्ये फेला परेका परिवार तथा आफन्त भएका सबै बालबालिकाको पुनर्मिलन गराउने लक्ष्यअनुरूप ८१.०९ प्रतिशत प्रगति भएको। |
| ६ | सरकारी भवनको संरचना, गुणस्तर, आन्तरिक सजावट, कार्यकक्षको डिजाइन लगायतमा विषयगत निकायको आवश्यकता अनुरूप एकरूपता कायम हुने गरी राष्ट्रिय मापदण्ड तयार गर्न र सरकारी भवनहरूको एकीकृत अभिलेख राखी सार्वजनिक सम्पत्तिको नियमित मर्मत सम्भार तथा संरक्षणको लागि शहरी विकास मन्त्रालयले अर्थ मन्त्रालय र सम्बन्धित सरोकारवालासँगको समन्वयमा आवश्यक व्यवस्था मिलाउने। | **शहरी विकास मन्त्रालय।**<br>• सरकारी भवनको आन्तरिक सजावटको मापदण्ड तयार भएको। आगामी आ.व.मा स्वदेशी सामग्री उत्पादनको उपयोग गर्नेगरी आन्तरिक सजावटको मापदण्डको परिमार्जन गर्ने कार्य रहेको।<br>• सरकारी भवनको कार्यकक्ष डिजाइनको मापदण्ड यसअघिनै मन्त्रालयबाट तयार भई कार्यान्वयनमा रहेको ।<br>• सरकारी भवनहरूको एकीकृत अभिलेख राखी सार्वजनिक सम्पत्तिको नियमित मर्मत सम्भार तथा संरक्षणको लागि वार्षिक कार्यक्रममा समावेश गरी Building Management Information System मा इन्ट्री गर्ने कार्य भईरहेको । |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| ७ | स्थानीय तह एवम् प्रदेशको वित्तीय क्षमता अनुसार समपुरक अनुदानमा लगानीको हिस्सा वित्तीय क्षमतामैत्री हुने गरी  र सामाजिक-आर्थिक समता अभिवृद्धिमा योगदान दिनेगरी अन्तर-सरकारी वित्त व्यवस्थापन  ऐन, २०७४ दफा १०(५) अनुसार राष्ट्रिय योजना आयोगले  राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग र सम्बन्धित निकायसँगको समन्वयमा समपुरक अनुदानसम्बन्धी मौजुदा कार्यविधिमा उपरोक्त विषय सम्बोधन हुनेगरी तीन महिनाभित्र संशोधनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने। | **राष्ट्रिय योजना आयोग**<br>• समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ नेपाल सरकारबाट मिति २०८१/१०/१०मा स्वीकृत भई आ.व. २०८२/८३ को अनुदान रकम विनियोजन सिफारिस समेत भैसकेको। |
| ८. | विशेष अनुदान अन्तर्गत प्रदेश वा स्थानीय तहवाट सञ्चालन भएका आयोजना/कार्यक्रमहरूलाई सन्तुलित विकास गर्न, कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकासमा योगदान दिने गरी अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ (३) अनुसार राष्ट्रिय योजना आयोगले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग र सम्बन्धित निकायसँगको समन्वयमा विशेष अनुदानसम्बन्धी मौजुदा कार्यविधिमा संशोधन गर्न तीन महिनाभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने। | **राष्ट्रिय योजना आयोग।**<br>• विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ नेपाल सरकारबाट मिति २०८१/१०/१० मा स्वीकृत भई आ.व. २०८२/८३ को अनुदान रकम विनियोजन सिफारिस समेत भैसकेको। |
| ९. | चालु सोह्रौं योजना कार्यान्वयन गर्न विषय क्षेत्रगत अन्तरआवद्धता एवम् अग्र तथा पृष्ठ सम्बन्ध कायम हुनेगरी कार्यक्रम/परियोजनाबीच रहने संयुक्त सकारात्मक प्रभाव (Synergy) वा एक-आपसमा सिर्जना हुन सक्ने सम्भावित विरोधाभाष (Trade-off) पहिचान गरी राष्ट्रिय योजना आयोगको समन्वयमा सम्बन्धित मन्त्रालय तथा निकायहरूले तीन | **राष्ट्रिय योजना आयोग।**<br>**वन तथा वातावरण मन्त्रालय।**<br>• कार्यान्वयन कार्ययोजना तयार गरिएको<br>**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।** |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | महिनाभित्र विषय क्षेत्रगत कार्यान्वयन योजना तर्जुमा गर्ने। | • यस कार्यालय र अन्तर्गतका निकायहरूसँग सम्बन्धित १६औ योजनाको कार्यान्वयन कार्ययोजना मिति २०८१/०९/०७ मा राष्ट्रिय योजना आयोगमा पेश गरिएको।<br>**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।**<br>• कार्यान्वयन कार्ययोजना तयार गरी मिति २०८१/०९/०३ मा राष्ट्रिय योजना आयोगमा पठाइ सकिएको।<br>• कार्यान्वयन कार्ययोजना बमोजिम नीति तथा कार्यक्रम, आगामी बजेटमा समावेश गर्न तर्जुमा गरिएको।<br>**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**<br>• १६ औं योजना कार्यान्वयन गर्न उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रका छुट्टा-छुट्टै कार्ययोजनाको अन्तिम मस्यौदा तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको।<br>**रक्षा मन्त्रालय**<br>• चालु सोह्रौं योजना कार्यान्वयन गर्न यस मन्त्रालय र अन्तर्गत निकायहरूसँग सम्बन्धित विषय क्षेत्रको Synergy/Trade-off सहितको कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | गरी राष्ट्रिय योजना आयोगमा प्रेषित गरिएको।<br>**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**<br>• विषय क्षेत्रगत कार्यान्वयन योजना तर्जुमा गरी राष्ट्रिय योजना आयोगमा पेश गरिएको।<br>**खानेपानी मन्त्रालय**<br>• क्षेत्रगत कार्यान्वयन योजना तर्जुमा गरी राष्ट्रिय योजना आयोगमा पेश गरिएको ।<br>**युवा तथा खेलकुद मन्त्रालय**<br>सोह्रौं योजना उल्लेखित युवा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरूको कार्ययोजना तयार गरिएको |
| १० | मन्त्रालय वा निकायहरूले योजनाको प्राथमिकीकरणसहित आयोजना बैकमा योजनाहरू प्रविष्ट गर्ने, आवधिक योजना र आयोजना बैकसँग मेल हुने गरी मध्ययमकालिन खर्च संरचना तर्जुमा गर्ने बिषयलाई मौजुदा मापदण्ड, समय, शर्त तथा प्रकृया अनुसार यस वर्ष देखि सबै मन्त्रालय वा निकायले पूर्ण रूपमा कार्यान्वन गर्ने व्यवस्था मिलाउने। | **सबै मन्त्रालय वा निकाय।**<br>**वन तथा वातावरण मन्त्रालय।**<br>मन्त्रालयका योजनाहरू आयोजना बैंकमा प्रविष्टि गरिएको। मध्ययमकालीन खर्च संरचना तर्जुमा गरी राष्ट्रिय योजना आयोगमा पठाइएको।<br>**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।**<br>यस मन्त्रालय तथा मातहतका निकायहरूबाट सम्पादन हुने कार्यक्रम/योजनाहरूको प्राथमिकीकरण सहित आयोजना बैकमा प्रविष्टी गरिएको तथा |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | आवधिक योजना र आयोजना बैकसँग मेल हुने गरी मध्यमकालिन खर्च संरचना तयार गरी चैत्र मसान्त भित्र प्रणाली मार्फत् राष्ट्रिय योजना आयोगमा forward गरिएको।<br>**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।**<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले योजनाको प्राथमिकीकरण सहित आयोजना बैकमा योजनाहरू प्रविष्ट गर्ने कार्य सम्पन्न गरेको।<br>आवधिक योजना र आयोजना बैकसँग मेल हुने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने विषयलाई मौजुदा मापदण्ड, समय, शर्त तथा प्रकृया अनुसार मन्त्रालयले पूर्ण रूपमा कार्यान्वयन गरेको।<br>**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।**<br>• यस कार्यालय मातहतका निकायहरूलाई राष्ट्रिय आयोजना बैंकमा समावेश गर्नुपर्ने आयोजना तोकिएको समयमा नै Entry गर्न निर्देशन दिइएको।<br>• सो बमोजिम सम्बन्धित निकायहरूबाट राष्ट्रिय आयोजना बैंक (NPBMIS) मा ११ वटा आयोजना प्रविष्ट गरिएको, जसमध्ये ६ वटा आयोजना |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | Verification Stage मा र ५ वटा आयोजना Draft Stage मा रहेका,<br>• उच्च सरकारी वकिल कार्यालय, पाटनको भवन निर्माण सम्बन्धी आयोजना राष्ट्रिय आयोजना बैंक NPBMIS मा समावेश भएकोमा हाल उक्त आयोजना System मा नदेखिएको,<br>• यस कार्यालय र मातहतका निकायहरूको मध्यमकालीन खर्च संरचना (२०८२/८३-८४/८५) सम्बन्धी एकीकृत विवरण तयार गरी MTEFMIS प्रणालीमा प्रविष्ट गरिएको।<br>**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।**<br>• नियमित वार्षिक कार्यक्रम अन्तर्गत नियमित भइरहेको।<br>• MTEF तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको।<br>• आयोजना बैंक तयारी गरी प्रविष्ट गरिएको।<br>• श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।<br>मध्यमकालीन खर्च संरचनालाई समेत ध्यानमा राखी आगामी आ.व.२०८२/८३ को बजेट तथा कार्यक्रम प्रस्तावित गरिएको। |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।**<br>• आयोजना बैकमा प्रविष्ट गर्नुपर्ने कार्यक्रम नरहेको।<br>• मध्यमकालीन खर्च संरचना तयार गरिएको।<br>रक्षा मन्त्रालय।<br>• योजनाको प्राथमिकीकरणसहित आयोजना बैकमा योजनाहरू प्रविष्ट गरिएको।<br>• आवधिक योजना र आयोजना बैकसँग मेल हुने गरी मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा ल्याईएको।<br>**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकारण।**<br>• चालु प्रकृतिका तथा सालबसाली रूपमा गर्ने कार्यक्रमहरूमात्र रहेको, आयोजना बैंकमा कुनै पनि आयोजना प्रविष्टि नभएको।<br>• मध्यमकालीन खर्च संरचना तर्जुमाका निमित्त तोकिएको मापदण्ड, समय, शर्त तथा प्रक्रिया अनुरूपका तथ्यांक तथा विवरणहरू नियमित रूपमा संकलन तथा प्रकाशन भईरहेको।<br>**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**<br>• एकीकृत डाटा व्यवस्थापन केन्द्र |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | (राष्ट्रिय सूचना प्रविधि केन्द्र) ६ वटा, हुलाक प्रशिक्षण केन्द्रको १ वटा र चलचित्र विकास बोर्डको १ वटा गरी जम्मा ८ वटा कार्यक्रम आयोजना बैङ्कमा प्रविष्ट गरिएको।<br>**परराष्ट्र मन्त्रालय।**<br>• मन्त्रालयको योजनाको प्राथमिकीकरण सहित आयोजना बैंकमा योजनाहरू प्रविष्ट गर्ने कार्य सम्पन्न भईसकेको।<br>• आवधिक योजना र आयोजना बैंकसँग मेल हुने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गरी आयोगमा पठाइसकिएको।<br>**अर्थ मन्त्रालय।**<br>• आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमाका लागि विषयगत मन्त्रालयहरूलाई बजेट सीमा र मार्गदर्शन पठाउँदा आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० अनुकुल हुने गरी कार्यक्रम तथा आयोजना प्रस्ताव गर्न, आयोजना प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगको आयोजना बैंकमा प्रविष्ट भएका आयोजनामा मात्र समावेश गर्न, राष्ट्रिय योजना आयोगले तयार गरेको आर्थिक वर्ष २०८२/८३ |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | को बजेट तर्जुमाको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन, बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०८१ मा उल्लेख गरेका सुझाव तथा मार्गदर्शनमा उल्लेखित विषयहरू कार्यान्वयन गरी आयोजना बैंकमा प्रविष्ट गरिएको।<br>**भौतिक पूर्वाधार तथा यातायामत मन्त्रालय**<br>• मन्त्रालय वा निकायहरूले योजनाको प्राथमिकीकरण सहित आयोजना बैंकमा योजनाहरू प्रविष्ट गर्ने गरिएको, आवधिक योजना र आयोजना बैंकसँग मेल हुने गरी मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने विषयमा छलफल भएको।<br>**खानेपानी मन्त्रालय**<br>• आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रममा समावेश भएका आयोजनाहरू आयोजना बैंकमा योजनाहरू प्रविष्ट गरिएको ।<br>• मध्यमकालिन खर्च संरचना तयार गर्दा समेत आयोजना |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | बैंकसँग तादाम्यता हुने गरी व्यवस्थापन गरिएको।<br>**युवा तथा खेलकूद मन्त्रालय**<br>आयोजनाहरूलाई आयोजना बैंकमा प्रविष्ट गरिएको र त्यसलाई अध्यावधिक गर्ने कार्य चालु रहेको। साथै सोह्रौं योजना अनुरूप मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने आयोजना तथा क्रियाकलापहरूको विवरण र सोको लागत अनुमान तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको। |
| ११ | कृषिमा आधारित पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन र रेशम खेती लगायतका उद्योग व्यवसायमा कृषि मिटर तथा महसुल दरमा छुट सुविधा दिने व्यवस्था गर्न उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयले कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी बिद्युत महसुल संकलन विनियमावली २०७८ को ३ (२) (ग) मा तीन महिनाभित्र आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयन गर्ने। | **उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय।**<br>**कृषि मन्त्रालय**<br>• उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालयमा आवश्यक पहलका लागि अनुरोध गरिएको। उर्जा महाशाखा प्रमुखज्यूबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र विद्युत नियमन आयोगका पदाधिकारीको बैठक बसी आवश्यक छलफल गर्न सकिने जानकारी प्राप्त भएको तर बैठक बस्न नसकेको।<br>• राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यूबाट समेत |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | समन्वयका लागि आवश्यक पहल भएको। |
| १२ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरी लागु गरेको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन योजना अनुसार माध्यमिक तहको प्रारम्भिक कक्षा अर्थात कक्षा-९ को रजिष्ट्रेसन शुल्क नलिने प्रबन्ध मिलाउन सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तीन महिनाभित्र कार्यान्वयनको व्यवस्था मिलाउने। | **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।**<br>• कक्षा ९ को रजिष्ट्रेशन र कक्षा १० को आवेदन फारम लगायत हाल विद्यार्थीबाट लिइदै आएको शुल्क छुट सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्डबाट पेश भई आएको विषय निर्णयार्थ पेश हुँदा राजश्व छुट सम्बन्धी विषय नेपाल सरकार अर्थ मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने भएकोले अर्थ मन्त्रालयको सहमती लिएर मात्र निर्णय गर्न उपयुक्त हुने भनि माननीय मन्त्रीस्तरको मिति २०८१/०९/०९ को निर्णयानुसार अर्थ मन्त्रालयमा राय सहमती माग भएको। |
| १३ | विद्यालय शिक्षाको कक्षा १२ उतीर्ण र विश्वविद्यालयबाट विभिन्न विषयमा स्नातक युवाहरूलाई सार्वजनिक निकायबाट सम्पादन हुने सार्वजनिक सेवामा युवा विद्यार्थीको ज्ञान, सीप र क्षमतालाई उपयोग गर्न तथा थप सीप सिक्ने वातावरण प्रदान गर्न इन्टर्नसिप गराउने सम्वन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तीन महिनाभित्र सार्वजनिक सेवामा इन्टर्नसीप सम्बन्धी स्तरीकृत ढाँचा (Standard Format) र कार्यविधि तयार गरी पेश गर्ने। | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।**<br>• सार्वजनिक सेवामा इन्टर्नशीप गराउन प्रशिक्षार्थी परिचालन (इन्टर्न) सम्बन्धी निर्देशिका, २०८१ को मस्यौदा तयार गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाइएको। |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १४ | विकास निर्माण तथा पूर्वाधार विकासलाई व्यवस्थित, दीगो बनाउन, वातावरण तथा विकासका सिद्धान्तहरूलाई एक आपसमा मैत्रीपूर्ण बनाउन, विकासलाई पर्यावरणीय, आर्थिक, सामाजिक विकाससँग सन्तुलन कायम गर्नुपर्ने देखिएकाले मनसुनजन्य विपदको क्षति न्यूनीकरणका लागि भौगोलिक अवस्थिति, पुरातात्विक पक्ष, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याँकन, जलवायु प्रभाव तथा विपद जोखिम विश्लेषण गरेर मात्र सडक, खानेपानी, सिँचाइ, विद्युत, भवन लगायतका पूर्वाधार निर्माण गर्न राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा सबै प्रदेश तथा स्थानीय तहले समेत आवश्यक कानूनी प्रवन्ध गरी कार्यान्वयन गर्ने। | **राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**<br>विकास निर्माण तथा पूर्वाधार विकासलाई व्यवस्थित, दिगो बनाउने लगायतका विषयमा प्राधिकरणबाट सबै सरोकारवालाहरूको सहभागितामा सबैको भूमिका सुनिश्चित गरी हरेक वर्ष मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको।<br>• प्राधिकरणले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयार गरी सबै स्थानीय तहमा स्थानीयकरणको कार्य नियमित रूपमा सञ्चालन गरिरहेको छ। यस कार्यढाँचाले स्थानीय तह एवम् सरोकारवालाहरूमा विपद् जोखिम न्यूनीकरणका हरेक चरणमा गरिने कार्यहरू र जलवायु परिवर्तन अनुकूलनका लागि बनाइने योजनाहरूमा एकरूपता ल्याई विकासका योजनाहरूमा मूलप्रवाहीकरण गर्न सहयोग गर्दछ।<br>• विपद्बाट हुने मानवीय क्षति, भौतिक एवम् सामाजिक पूर्वाधार, साँस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | रूपमा न्यूनीकरण गरी विपद् पूर्वतयारी, प्रतिकार्य एवम् पुनर्निर्माण तथा पुनर्स्थापनाको सुदृढीकरण तथा उत्थानशीलता अभिवृद्धि गर्न सेन्डाई कार्यढाँचा अनुरूपका चारैवटा प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत १८ वटा प्राथमिकता प्राप्त कार्यहरू सहितको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० को प्रभावकारी कार्यान्वयन तथा स्थानीयकरणका कार्यहरू नियमित रूपमा सञ्चालन भईरहेको छ।<br>**खानेपानी मन्त्रालय**<br>• प्राकृतिक विपदबाट हुने क्षतिको तत्काल मर्मत तथा पुनर्स्थापनाका लागि मन्त्रालय अन्तर्गतका निकायहरूमा बजेटको व्यवस्थापन गरिएको । |
| **१५** | विभिन्न मितिमा गएका भूकम्प र २०८१ को मनसुन अवधिमा क्षति भएका तथा जोखिममा रहेका निजी आवास तथा सरकारी भवन, विद्यालय र सडक, खानेपानी, सिँचाइ लगायतका पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा अर्थ मन्त्रालयले आवश्यक पर्ने बजेट व्यवस्थापन गर्ने र सम्बद्ध मन्त्रालय, प्रदेश र स्थानीय | **अर्थ मन्त्रालय।**<br>विभिन्न मितिमा गएका भुकम्प र २०८१ को मनसुन अवधिमा क्षति भएका संरचनाहरूको पुननिर्माण तथा पुनर्स्थापना कार्यका लागि विपद् जोखिम तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा विपद् व्यवस्थापन कोषमा रु. ४ अर्ब २९ |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | तहको समन्वयमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तीन महिनाभित्र विशेष कार्ययोजना र रणनीति तयार गरी प्रभावकारी कार्यान्वयनमा लैजाने। | करोड ३६ लाख थप बजेट निकासा दिइएको, जाजरकोट भूकम्पबाट प्रभावितको पुनर्स्थापनाका लागि आवश्यक जनशक्तिको लागि संरचना निर्माणको दरबन्दी स्वीकृत गर्न सहमति दिएको र २०८१ को मनसुनजन्य विपदबाट क्षति भएका संरचना पुनर्निर्माणको लागि विभिन्न सम्वन्धित मन्त्रालयमार्फत कार्यान्वयन हुने गरी आयोजनाहरूका लागि रु. २ अर्ब २१ करोड ५८ लाख बजेट निकासा गरिएको।<br>**राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण।**<br>विभिन्न मितिमा गएका भूकम्प र २०८१ को मनसुन अवधिमा क्षति भएका तथा जोखिममा रहेका निजी आवास तथा सरकारी भवन, विद्यालय र सडक, खानेपानी, सिँचाई लगायतका पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना कार्यका लागि यस प्राधिकरणको समन्वयमा अर्थ मन्त्रालयले आवश्यक पर्ने बजेट व्यवस्थापन गर्ने सम्बन्धमा सम्बद्ध मन्त्रालय, प्रदेश र स्थानीय तहको समन्वय तथा सहकार्यमा पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चतको पुनर्लाभ (पुनर्निर्माण तथा पुनर्स्थापना) योजना २०८१/०८२-२०८३/०८४ |

| सि.नं | ५३ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | तर्जुमा गरी कार्यान्वयनमा रहेको छ। सोही योजनाका निम्ति हालसम्म अर्थ मन्त्रालयबाट स्रोत सहमति तथा निकासा भएको रकमको विवरण देहाय बमोजिम रहेको छः<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -१ अर्ब ८८ करोड<br>उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय-२८ करोड<br>खानेपानी मन्त्रालय -२४ करोड २१ लाख<br>राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण -३ अर्ब<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय-८ करोड ७७ लाख<br>**खानेपानी मन्त्रालय**<br>३३७ वटा खानेपानी आयोजनाहरू मर्मत तथा पुनर्स्थापनाको लागि चालु आर्थिक वर्षदेखि बजेट व्यवस्थापन गरी कार्य सुरु गरिएको । |

# अनुसूची - ५

## राष्ट्रिय विकास समस्या समाधान समितिको ५४ औं बैठक निर्णयहरुः

## (२०८२ असार २७ गते भएका निर्णयहरू)

१. विकासको दृष्टिकोण, आयोजना कार्यान्वयन, प्राकृतिक स्रोत साधनको सदुपयोग, वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तनका सम्बन्धमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका लगायत समग्र राज्य संयन्त्रको समान दृष्टिकोण कायम गर्न एवम् नीति, निर्णय र कार्यान्वयनलाई सही दिशा दिन राष्ट्रिय योजना आयोगबाट अध्ययन अनुसन्धानमा आधारित विकास बहस प्रारम्भ गर्ने।

२. अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले विषय क्षेत्रगत मन्त्रालयसँग समन्वय गरी राष्ट्रिय आयोजना बैंक, मध्यमकालीन खर्च संरचना र मन्त्रालयगत बजेट सूचना व्यवस्थापन प्रणालीबीच ३ महिनाभित्र अन्तरआवद्धता कायम गर्ने।

३. राष्ट्रिय योजना आयोगले राष्ट्रिय स्रोत अनुमान समितिबाट निर्धारित स्रोत अनुमान तथा खर्च सीमाको आधारमा मध्यमकालीन खर्च संरचना तयार गरी प्रत्येक वर्ष बैशाख १५ गतेभित्र अर्थ मन्त्रालयमा पठाउने।

४. राष्ट्रिय योजना आयोगले प्रदेश सरकारको समन्वयमा प्रदेश र स्थानीय तहमा राष्ट्रिय आयोजना बैंक र मध्यमकालीन खर्च संरचना प्रणाली सुदृढीकरण गर्न आगामी चैत्र मसान्तसम्म क्षमता विकास, समन्वय र सहजीकरणको कार्य सम्पन्न गर्ने।

५. अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा हुने स्तरोन्नतिसम्बन्धी विद्यमान समितिहरूलाई राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालय/निकाय र प्रदेशहरूले क्रियाशील बनाउने तथा सम्पर्क बिन्दु तोकि छुट्टै एकाई स्थापना गर्ने। साथै, स्तरोन्नति सम्बन्धी विषयलाई सम्बन्धित मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी त्रैमासिक रूपमा प्रगति समीक्षा गर्ने र सोको प्रतिवेदन आयोगसमक्ष पेश गर्ने।

६. वन तथा वातावरण मन्त्रालयले देहायका विषय सम्बोधन हुनेगरी वन नियमावलीको संशोधन तथा आवश्यक सहजीकरणका लागि १५ दिनभित्र मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने।

(क) सङ्घ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाको कार्यान्वयन शुरू गर्नु अघि संघको सन्दर्भमा सम्बन्धित मन्त्रालयले, प्रदेशको सन्दर्भमा प्रदेश मन्त्रिपरिषद्ले र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रदेश मन्त्रिपरिषद्ले नै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तोक्न सक्ने व्यवस्था।

(ख) औद्योगिक व्यवसाय ऐन, २०७६ ले राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रूपमा परिभाषित गरेका उद्योगसँग सम्बन्धित आयोजनालाई वन क्षेत्र प्रयोग गर्ने प्रयोजनको लागि सम्बन्धित मन्त्रालयले तोकेको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई सहजीकरण हुने व्यवस्था।

(ग) एम.सि.ए. नेपालको प्रसारण लाइन आयोजना कार्यान्वयनमा वन क्षेत्रको भोगाधिकार लिने प्रक्रियामा विद्यमान समस्या समाधान हुनेगरी आवश्यक व्यवस्था।

७. पूर्वाधार निर्माण सम्बन्धी आयोजनाका लागि आवश्यक पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृति प्रक्रियामा सरलीकरण, निर्माण सामग्री प्राप्तिमा हुने अवरोधको तत्काल सम्बोधन र तेस्रो पक्षबाट हुने क्षतिपूर्ति दाबी लगायतका समस्या समाधान गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा रहने पूर्वाधार विकाससँग सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालय सम्मिलित संयन्त्रले ३ महिनाभित्र सुधारको खाका मन्त्रिपरिषद्मा पेश गर्ने।

८. (क) विद्यालयहरूको अवस्थिति, विद्यार्थी सङ्ख्या, विद्यालयको पहुँच र शिक्षक दरबन्दी अद्यावधिक गरी विद्यालय गाभ्ने, तह घटाउने वा विद्यालयलाई स्रोत केन्द्र बनाउने र स्थानीय तह एवम् प्रदेशलाई आवश्यक अधिकार प्रदान गर्न सक्ने सम्बन्धमा समेत अध्ययन गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तीन महिनाभित्र विद्यालय सञ्चालन प्रणालीको पुनर्संरचना सम्बन्धी कार्ययोजना तयार गर्ने र आगामी शैक्षिक शत्रदेखि लागु गर्ने।

(ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आधारभूत तहमा पनि विद्यार्थी संख्याको आधारमा बढी वा कम देखिएका शिक्षक दरबन्दी व्यवस्थित गर्न दरबन्दी मिलानको आवश्यक व्यवस्था गरी आगामी शैक्षिक शत्रदेखि लागू गर्ने।

९. हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्मा देखिएका व्यवहारिक समस्या समाधान गर्न र वि.सं. २०७९ देखि विधिवत दर्ता भई थाती रहेका सम्बन्धन आवेदनको विषयमा व्यवहारिक एवम् कार्यान्वयनयोग्य विकल्प सहित आवश्यक कानूनी तथा नीतिगत सुधारका उपाय र दीर्घकालीन समाधान गर्न राष्ट्रिय योजना आयोगको नेतृत्वमा सरोकारवाला निकाय सम्मिलित उच्चस्तरीय समिति गठन गरी ३ महिनाभित्र प्रतिवेदन पेश गर्ने। उक्त प्रतिवेदनको आधारमा संरचनात्मक सुधार, प्रक्रियामा पारदर्शिता र वित्तीय क्षमताले धान्ने मापदण्ड शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रिपरिषद्मा पेश गर्ने।

१०. वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धमा राष्ट्रिय योजना आयोगका सदस्य (श्रम तथा रोजगार हेर्ने) को संयोजकत्वमा

सरोकारवाला मन्त्रालय/निकायको समन्वयमा अध्ययन गरी २ महिनाभित्र प्रतिवेदन पेश गर्ने र उक्त प्रतिवेदनको आधारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रिपरिषद्मा सो सम्बन्धी प्रस्ताव पेश गर्ने ।

११. स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको सञ्चालन, पदाधिकारीहरूको नियुक्ति र सेवा सुविधा सम्बन्धी प्रावधानमा एकरूपता र पारदर्शिता कायम गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २ महिनाभित्र एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने ।

१२. अस्पताल तथा स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि, औषधिजन्य सामग्री, औजार र उपकरण खरिद प्रक्रियालाई सरलीकरण गर्न प्रचलित सार्वजनिक खरिद कानूनको संशोधन गर्नुपर्ने देखिएकाले सोको प्रस्ताव स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २ महिनाभित्र मन्त्रिपरिषद्मा पेश गर्ने ।

१३. स्रोतमा पर्ने चापलाई मध्यनजर गरी नेपाल सरकारलाई दीर्घकालीन दायित्व सिर्जना हुने किसिमले सङ्घ, प्रदेश तथा स्थानीय तहमा हुने संगठन संरचना र दरबन्दी सिर्जना गर्ने निर्णय गर्नुपूर्व सङ्घीय अर्थ मन्त्रालयको अनिवार्य रूपमा सहमति लिनुपर्ने व्यवस्था सम्बन्धी प्रस्ताव अर्थ मन्त्रालयले मन्त्रिपरिषद्मा पेश गर्ने ।

१४. सङ्घ, प्रदेश र स्थानीय तहले समान प्रकृतिको कार्य एउटै कार्यालयबाट सम्पादन गर्न मिल्ने गरी समायोजन, हस्तान्तरण, गाभ्ने, खारेज गर्ने विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रतिवेदन तयार गर्ने र उच्चस्तरीय शासकीय सुधार आयोग समक्ष पेश गर्ने ।

१५. स्थलमार्ग भएर नेपाल आउने पर्यटकहरूको आवागमनलाई व्यवस्थित, सहज र प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, सहज प्रक्रिया, एकीकृत अभिलेख व्यवस्थापन र सेवा सहजीकरणमा सम्बन्धित निकायहरूबीच प्रभावकारी सहकार्य, समन्वय र साझा दृष्टिकोण तथा संरचना र कार्यविधि सम्बन्धमा आवश्यक नीतिगत प्रस्ताव गर्न राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा सरोकारवाला निकाय सम्मिलित समितिले ३ महिनाभित्र अध्ययन प्रतिवेदन पेश गर्ने र उक्त प्रतिवेदनको आधारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निर्देशिका र कार्यान्वयन योजना तयार गरी नेपाल पर्यटन बोर्डको सहजीकरणमा प्रमुख सीमा नाकाहरूमा पर्यटन सेवा केन्द्र स्थापना गर्ने।

१६. नेपाल सरकार प्रतिवादी भएको मुद्दामा नेपाल सरकारको तर्फबाट तथ्यमा आधारित बहस पैरवी तथा कानूनी प्रतिरक्षा गर्नको लागि आवश्यक पर्ने विषयवस्तुको जानकारी सहितको कागजपत्र सम्बन्धित कार्यालयबाट न्यायाधिवक्ताको कार्यालयलाई समयमा प्राप्त नहुने विषयको

समाधानको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (कानून) को संयोजकत्वमा सरोकारवाला निकायको प्रतिनिधित्व रहेको समितिले बहस पैरवी तथा कानूनी प्रतिरक्षा सम्बन्धी निर्देशिका ३ महिनाभित्र तयार गरी मन्त्रिपरिषद् समक्ष पेश गर्ने ।

१७. स्थानीय तहले उठाउने करमा दोहोरोपन हटाउन कार्य विस्तृतीकरण प्रतिवेदनलाई समेत आधार मानी सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले एक महिनाभित्र आवश्यक व्यवस्था मिलाउने ।

१८. विदेशस्थित नेपाली दूताबास, कूटनीतिक नियोग वा निकायहरूको घर-जग्गा खरिद, बिक्री र भवन निर्माण सम्बन्धी कामलाई व्यावहारिक र सहज बनाउन राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला निकाय सम्मिलित समितिले ६ महिनाभित्र पेश गरेको प्रतिवेदनका आधारमा परराष्ट्र मन्त्रालयले सो सम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्ने ।

१९. राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकका निर्णयहरूको कार्यान्वयन पक्षको नियमित समीक्षा, अनुगमन र अनुशरण गर्न आयोगका उपाध्यक्षको संयोजकत्वमा संयन्त्र गठन गरी त्रैमासिकरूपमा समीक्षा गर्ने ।

# अनुसूची – ६
## राष्ट्रिय योजना आयोगको बैठकका निर्णयहरू
**(तपशीलमा राष्ट्रिय योजना आयोगको बैठकमा छलफल भएको तर कुनै निर्णय नभएको बैठकको जानकारी समावेश नगरिएको)**

### बैठक मितिः २०८१/०६/१०, बैठक सङ्ख्याः ८ को छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अनुरोध भई आएको मदन भण्डारी राजमार्ग आयोजना (बजेट उपशिर्षक नं ३३७०११०८) अन्तर्गत रोल्पा जिल्लामा पर्ने मदन भण्डारी राजमार्ग (NH०९) को लिवांग-घर्तीगाँउ (२४ कि.मि.) र घर्तीगाँउ-पातिहाल्ने (३८ कि.मि.) सडक खण्डलाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।

### बैठक मितिः २०८१/०६/२२, बैठक सङ्ख्याः ९ को छलफल तथा निर्णयः

१. विकास योजना, दिगो विकास लक्ष्य कार्यान्वयन, अतिकम विकसित मुलुकबाट हुने स्तरोन्नतीको कार्यान्वयन तथा नेपाल मानव विकास प्रतिवेदन तयार गर्ने लगायतका विषयमा संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको प्राविधिक सहायतामा सञ्चालनमा रहेको Accelerating the Implementation of SDGs in Nepal (AISN) को मार्च, २०२४ मा अवधि समाप्त भएको सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि र आयोगका पदाधिकारीबीच भएको छलफल बमोजिम अर्को चरणको परियोजना सञ्चालन गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमलाई अनुरोध गरी पठाउने।
२. अर्को चरणको परियोजना कार्यान्वयन नहुँदासम्मको Transition अवधिको लागि छैठौं नेपाल मानव विकास प्रतिवेदन तयार गर्ने, दिगो विकास लक्ष्य, अतिकम विकसित मुलुकबाट हुने स्तरोन्नती, मध्यमकालीन खर्च संरचना, परियोजना बैंक, सोह्रौ योजनाको कार्यान्वयन कार्ययोजना तयारीका लागि अध्ययन अनुसन्धान, परामर्श, छलफल तथा अन्तर्क्रिया जस्ता विषयमा आवश्यक पर्ने प्राविधिक सहायता उपलब्ध गराउनका लागि अनुरोध गरी पठाउने।

### बैठक मितिः २०८१/०६/३०, बैठक सङ्ख्याः १०को छलफल तथा निर्णयः

१. परराष्ट्र मन्त्रालयको च.नं. GA/FIN/ ३३८७, मिति २०८१/०६/३० को पत्रबाट विद्युतीय राहदानी खरिद कार्य तथा गृह मन्त्रालयको च.नं. १२७, मिति २०८१/०६/३० को पत्रबाट राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणालीको Support & Maintenance सम्बन्धी कार्यको वहुवर्षीय ठेक्का सहमतिको लागि लेखी आएको सन्दर्भमा उक्त कार्य अति आवश्यक

र नागरिकको प्रत्यक्ष सरोकारको विषय भएको तर उक्त कार्यको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० का सबै शर्तहरू पुरा नहुने देखिएको व्यहोरा लेखी पठाउन र उक्त कार्यको बहुवर्षीय ठेक्का सहमतिको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८० मा संशोधनका लागि अर्थ मन्त्रालयमा देहायको परामर्श पठाउने निर्णय गरियो।

**तपसिलः**

दफा ७ पछि देहायको दफा ७ क. थप गर्नेः

दफा ७क. शर्त लागू नहुनेः यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि सालवसाली वा चालु प्रकृतिका बहुवर्षीय ठेक्का लगाउनु पर्ने राष्ट्रिय परिचयपत्र, राहदानी जस्ता नागरिक सरोकारका अति आवश्यक प्रकृतिका कार्यहरूमा यो मापदण्डमा उल्लेखित शर्तले बाधा पारेको मानिने छैन।

## बैठक मितिः २०८१/०७/०५, बैठक सङ्ख्याः ११को छलफल तथा निर्णयः

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त “वाणिज्य नीति, २०८१” को मस्यौदामा छलफल हुँदा आयोग बैठकमा उठेका विषयवस्तु समेत समावेश गरी राय प्रतिकृया पठाउने।
२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त “राष्ट्रिय संस्कृति नीति, २०८१” को मस्यौदामा छलफल हुँदा आयोग बैठकमा उठेका विषयवस्तु समेत समावेश गरी राय प्रतिकृया पठाउने।
३. आयोगको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका ३ (तीन) वटा आयोजनाहरूको आन्तरिक मूल्याङ्कन गर्नेः
   क. तराई मधेश सम्वृद्धि कार्यक्रम,
   ख. दिवा खाजा कार्यक्रम
   ग. युवा स्वरोजगार कार्यक्रम

## बैठक मितिः २०८१/०७/०८, बैठक सङ्ख्याः १२को छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट आर्थिक वर्ष २०८१/८२ को हकमा आयोजनाको बहुबर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० बमोजिम प्राप्त मदन भण्डारी राजमार्गको ब.उ.शि.नं.३३७०११०८ अन्तर्गत घोराही-तुल्सीपुर (२१.५८ कि.मि.) सडक खण्डलाई ४ लेनमा विस्तार तथा स्तरोन्नति कार्य गर्नको लागि रू. ३ अर्ब ९९ करोड ४९ लाख बराबरको स्रोत सुनिश्चितताको लागि लेखी आएकोमा आयोजनाको

बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८० को दफा ३ को उपदफा २ बमोजिम स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. वा.त.व्य.शा./२०८०/८१, च.नं. १४५, मिति २०८०/१२/१३ को पत्रबाट पथरी शनिश्चरे नगरपालिका, मोरङको प्रशासनिक भवन निर्माणको लागि ०.४ हेक्टर राष्ट्रिय वनक्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्ने प्रयोजनार्थ उक्त आयोजनाको लागि वनक्षेत्रको भोगाधिकारको लागि आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० अनुसार राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. वा.त.व्य.शा./२०८१/८२, च.नं. २२, मिति २०८१/४/३२ को पत्रबाट एकीकृत फोहोरमैला प्रशोधन केन्द्रको लागि ३.५ हेक्टर वनक्षेत्र प्रयोग गर्न जग्गा भोगाधिकारको लागि सिफारिश भै आएकोमा उक्त आयोजनाको लागि वनक्षेत्रको भोगाधिकारको लागि आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० अनुसार राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने।

४. खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/८२- २०८६/८७) स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पठाउने।

## बैठक मितिः २०८१/०७/११, बैठक सङ्ख्याः १३ को छलफल तथा निर्णयः

१. परराष्ट्र मन्त्रालयको च.नं. GA/FIN/३८२० मिति २०८१/७/११ को पत्रबाट विद्युतीय राहदानी छपाई आवेदन तथा सोको प्रशोधन तथ्याङ्क व्यवस्थापन लगायत कार्यको लागि बहुवर्षीय ठेक्का सहमतिको लागि लेखी आएकोमा उक्त कार्यको लागि आयोजनाको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१ बमोजिम स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

२. राष्ट्रिय विकास समस्या समाधान समितिको ५३ औं वैठक मिति २०८१/७/२३ गते शुक्रवार सिंहदरवार, काठमाण्डौमा आयोजना गर्ने।

## बैठक मितिः २०८१/०८/०५, बैठक सङ्ख्याः १५को छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.न. १२६ मिति २०८१।०५।२४ को पत्रसाथ प्राप्त प्रस्ताव मदन भण्डारी राजमार्गको ब.उ.शि.नं.३३७०११०८ अन्तर्गत घोराही-तुल्सीपुर (२१.५८ कि.मि.) सडक खण्डलाई ४ लेन विस्तार तथा स्तरोन्नति कार्य गर्न रु.३ अर्ब ९९ करोड ४९ लाख बरावरको बहुबर्षीय ठेक्का स्रोत सहमति सम्वन्धमा आयोगको बैठक संख्या १२ मिति २०८१/०७/०८ को निर्णयानुसार अर्थ मन्त्रालयमा स्रोत

सहमतिका लागि लेखी पठाइएकोमा हाल आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ नेपाल सरकार (मं.प.) बाट स्वीकृत भई मिति २०८१।०७।०८को नेपाल राजपत्रमा प्रकाशन समेत भई कार्यान्वयनमा गइसकेको अवस्थामा सोही आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ बमोजिम आयोगकोड निर्णय पठाउन अर्थ मन्त्रालयको च.नं. ३३५ मिति २०८१।०७।२६ को पत्रबाट लेखि आएकोले उल्लेखित आयोजनाको बहुवर्षीय ठेक्काको स्रोत सहमति सम्वन्धमा अन्य कुनै बिषयहरू परिवर्तन नभएकाले सोही पेश भएका कागजातहरूका आधारमा आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (२) बमोजिम अर्थ मन्त्रालयमा पुन: सिफारिश गरी पठाउने।

२. उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको प.सं. ०८१/८२ (वि. तथा ऊ. नी. शाखा), च.नं ४३१ मिति २०८१/०७/१४ को पत्रबाट प्राप्त **"ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८०"** को प्रतिवेदन सम्बन्धमा सहमति प्रदान गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त राष्ट्रिय आपूर्ति नीति, २०८१ मा छलफल हुँदा महाशाखाबाट प्राप्त सुझाव तथा आयोग बैठकमा उठेका विषयवस्तुहरू समावेश गरी राय पठाउने निर्णय गरियो।

## बैठक मितिः २०८१/०८/०६, बैठक सङ्ख्याः १६ को छलफल तथा निर्णयः

१. खानेपानी मन्त्रालयबाट तोपगाछी खानेपानी तथा सरसफाई आयोजना, झापालाई स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि रू. ५७ करोड ८९ लाख ९८ हजारको श्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउने।

२. खानेपानी मन्त्रालयबाट गरूडा सरसफाई आयोजना, रौतहटलाई स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने लागत रकम रू. ९५ करोड ६१ लाख २१ हजारको श्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउने।

३. खानेपानी मन्त्रालयबाट लम्कीचुहा सहलगानी खानेपानी तथा सरसफाई आयोजना, कैलालीलाई स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने लागत रकम रू. ४९ करोड ८२ लाख ४७ हजार ३९० को श्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउने।

४. खानेपानी मन्त्रालयबाट भैमाल गोठाटार सहलगानी खानेपानी तथा सरसफाई आयोजना, काठमाण्डौंलाई स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने लागत रकम रू ३६ करोड ७३ लाख ७१ हजार ७२० को श्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउने।

५. खानेपानी मन्त्रालयबाट आदर्श साईलीगाड बृहत खानेपानी आयोजना, डोटीलाई स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने लागत रकम रू. २२करोड २७ लाख ४२ हजार ८०० को श्रोत सहमतिका लागि लागि अर्थ मन्त्रालयमा पठाउने।

६. खानेपानी मन्त्रालयबाट अजिरकोट (१-५) बृहत खानेपानी आयोजना, गोरखालाई स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने रू. ४३ करोड १८ लाख १२ हजार ४३० को श्रोत सहमतिका लागि लागि अर्थ मन्त्रालयमा पठाउने।

७. शहरी विकास मन्त्रालयबाट चालु आर्थिक बर्षमा प्राप्त ब.उ.शि.नं. ३४७०११०५, भवन निर्माण संहिता सरकारी भवन निर्माण अन्तर्गत LMBIS कोड ११.१.२.१४८४ नवलपुर नमुना सदरमुकाम सरकारी भवन निर्माण एवं सम्बन्धित पुर्वाधार निर्माण आयोजनाका लागि स्रोत सहमतिको लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि रू. ४ अर्व ९४ करोड ७९ लाख ९० हजार १ सय सत्र दशमलव ५२ पैसा स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउने।

८. गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित राष्ट्रिय परिचय व्यवस्थापन तथा सूचना प्रणालीको मर्मत सम्भार लगायत कार्यको बहुवर्षीय ठेक्का सहमति दिने सन्दर्भमा अर्थ मन्त्रालयको पत्रसंख्या २०८१/८२-३१४-१०-११-३ ख च.नं. २२९ मिति २०८१/८/२ को पत्रबाट "प्रणाली मर्मत संभारको आवश्यकता, क्षेत्र, शर्त, लागत तथा अन्य प्राविधिक विषयहरू प्रचलित कानून तथा स्वीकृत मापदण्डको अधिनमा रही लागत प्रभावी विधिबाट खरिद प्रकृया शुरू गर्ने तथा निर्णय गर्ने जिम्मेवारी र जवाफदेहिता प्रचलित खरिद कानून तथा वित्तीय उत्तरदायित्व कानून बमोजिम सार्वजनिक निकायका पदाधिकारीको हुने व्यवस्था रहेकै हुँदा खरिद कार्यको लागि आवश्यक पर्ने रकम बजेट

तर्जुमा कै क्रममा प्रस्ताव गर्ने गरी आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (३) बमोजिम स्रोत सहमति प्रदान गरिएको" व्यहोरा लेखी आएको विषय बैठकमा प्रस्तुत हुँदा आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का सहमति दिने।

९. विद्युतीय राहदानी खरिद गर्न बहुवर्षीय ठेक्का सम्बन्धी परराष्ट्र मन्त्रालयको अनुरोध सन्दर्भमा अर्थ मन्त्रालयको मिति २०८१।०७।३० पत्र संख्या २०८१।८२-३२६-११-३ क, च.नं. २२२ को स्रोत सहमति सम्बन्धी पत्रमा उल्लेख भएबमोजिम राहदानी खरिदको आवश्यकता, क्षेत्र, शर्त, लागत तथा अन्य प्राविधिक विषयहरू प्रचलित कानून तथा स्वीकृत मापदण्डको अधीनमा रही लागत प्रभावकारी विधिबाट खरिद प्रक्रिया शुरु गर्ने तथा निर्णय गर्ने जिम्मेवारी र जवाफदेहिता प्रचलित खरिद कानून तथा वित्तीय उत्तरदायित्व कानून बमोजिम सार्वजनिक निकायका पदाधिकारीको हुने व्यवस्था रहेकै हुदाँ खरिद कार्यको लागि आवश्यक पर्ने रकम बजेट तर्जुमाको क्रममा प्रस्ताव गर्ने गरी आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३ को उपदफा (३) बमोजिम स्रोत सहमति उपलब्ध गराउने विषय लेखी आएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३ को उपदफा (४) बमोजिम सहमति प्रदान गर्ने।

## बैठक मितिः २०८१/०८/१०, बैठक सङ्ख्याः १७ को छलफल तथा निर्णयः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उच्च सरकारी वकील कार्यालय पाटन, ललितपुरको नयाँ कार्यालय भवन निर्माण आयोजनालाई स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागत रकम रू. ३६ करोड को स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा पठाउने।

२. महिला, बालबालिका तथा ज्येष्ठ नगारिक मन्त्रालयबाट तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका वडा नं. ५, सत्रसय फाँट, ढकालटारमा निर्माण हुँदै गरेको बाल सुधार गृह भवन निर्माण कार्यक्रमका लागि स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (२) अनुसार उक्त बाल सुधार गृह भवन निर्माण कार्यक्रमको कुल लागत रु. ४१,००,०९,५००।- (अक्षरुपी एकचालिस करोड नौ हजार पाँच सय मात्र) को स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

**बैठक मितिः २०८१/०८/१३, बैठक सङ्ख्याः १८ को छलफल तथा निर्णयः**

१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट सिक्टा सिँचाइ आयोजना (ब.उ.शि.नं. ३०८०३११६) (डुन्डुवा शाखा नहर र खजुरा तथा मानपुर उप शाखा) निर्माण कार्यको स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा (३) को उपदफा (२) अनुसार रु. ३ अर्ब ३५ करोड ८३ लाख ९३ हजारको बहुवर्षीय ठेक्का स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट बबई सिँचाइ आयोजना ब.उ.शि.नं. ३०८०३११२० अन्तर्गत विभिन्न नहर तथा संरचनाहरूको निर्माण कार्यको स्रोत सहमतिको लागि लेखी आएकोमा लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा (३) को उपदफा (२) अनुसार रु ४ अर्ब २४ करोड ४९ लाख ४१ हजार बराबरको बहुवर्षीय ठेक्का स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट चालु आर्थिक बर्षमा प्राप्त ब.उ.शि.नं. ३३७०१११६ अन्तर्गत भेरी कोरिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजना अन्तर्गत तल्लुबगर-त्रिपुराकोट (चुगाड) सडक खण्ड ४२ कि.मि. को स्तरोन्नति कार्यको स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (२) अनुसार रु. ४ अर्व २० करोड**को** बहुबर्षीय ठेक्काको स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

४. खानेपानी मन्त्रालयबाट शहीदभूमि वृहत खानेपानी आयोजना, धनकुटालाई स्रोत सहमतिका लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने रकम रू ७० करोड ९० लाख ७० हजारको स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

५. खानेपानी मन्त्रालयबाट खाँदवारी ढल निर्माण तथा प्रशोधन आयोजना, संङ्खुवासभालाई स्रोत सहमतिका लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०८१ को दफा ३(२) अनुसार उक्त आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने रकम रू ७० करोड ४७ लाख ६४ हजारको स्रोत सहमतिको लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

**बैठक मितिः २०८१/०८/१६, बैठक सङ्ख्याः १९ को छलफल तथा निर्णयः**

१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको मिति २०८१।०६।२२ को (सचिवस्तरीय निर्णयानुसार) प्रगन्ना तथा बड्कापथ सिँचाई आयोजना ब.उ.शि.नं. ३०८०३११५ का लागि रु. १ अर्ब ६८ करोड ८२ लाख २८ हजार बराबरको बहुवर्षीय ठेक्का सहमतिका लागि अनुरोध भई आएकोमा चालु आ.व. २०८१/८२ मा उक्त आयोजनालाई रू २५ करोड ७२ लाख ४७ हजार विनियोजन भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ वमोजिम १ अर्व २ करोड ८९ लाख ८८ हजार वरावरको स्रोत सहमतिको लागि सो मापदण्डको दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको मिति २०८१।०५।११ को पत्र मार्फत बुढीगंगा जलविद्युत आयोजना (ब.उ.शि.नं. ३०८०११०६) का लागि चालु आर्थिक वर्ष २०८१/८२ मा रु ३ अर्ब २८ करोड ७१ लाख विनियोजन भएको उक्त आयोजनाकोलागि रु १३ अर्व ८ करोड ७१ लाख रकम बरावरको बहुवर्षीय ठेक्का श्रोत सहमतिका लागि (मिति २०८१।०५।०९ को सचिवस्तरीय निर्णयानुसार) अनुरोध भई आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ६(५) बमोजिम सहलगानीको आयोजनाको सम्बन्धमा नेपाल सरकारले व्यहोर्ने रू ७ अर्व ६५ करोड ९५ लाख वरावरको स्रोत सहमतिको लागि मापदण्डको दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त मदन भण्डारी राजमार्गको ब.उ.शि.नं.३३७०११०८ अन्तर्गत घोराही-तुल्सीपुर(२१.५८ कि.मि.)सडक खण्डलाई ४ लेन विस्तार तथा स्तरोन्नति कार्य गर्न रु. ३ अर्ब ९९ करोड ४९ लाख बरावरको बहुबर्षीय ठेक्का स्रोत सहमति सम्वन्धमा आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ दफा ३ को उपदफा (२) बमोजिम अर्थ मन्त्रालयमा सिफारिश गरी पठाइएकोमा अर्थ मन्त्रालयको मिति २०८१/८/११ को माननीय उप-प्रधान तथा अर्थ मन्त्रीस्तरीय निर्णयबाट ब.उ.शि.नं.३३७०११०८ बाटै खर्च कार्यान्वयन हुने गरी स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ दफा ३ को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

**बैठक मितिः २०८१/०८/२३, बैठक सङ्ख्याः २१को छलफल तथा निर्णयः**

१. खानेपानी मन्त्रालयको मिति २०८१।०५।११ को (सचिवस्तर) निर्णयबाट नेपाल सरकार र उपभोक्ता समूहको सहलगानीमा सञ्चालन हुने सुखड दरख सहलगानी खानेपानी तथा

सरसफाई आयोजना, कैलालीको लागि श्रोत सहमतिका लागि खानेपानी मन्त्रालयबाट लेखिआएकोमा आयोजनाको कूल लागत रकमको नेपाल सरकारले व्यहोर्नुपर्ने ७० प्रतिशतले हुनआउने रकम रू. ४७ करोड ७१ लाख ९५ हजारको श्रोत सहमतिका लागि "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" को दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा पठाउने।

२. खानेपानी मन्त्रालयको मिति २०८१।०५।११ को (सचिवस्तर) निर्णयबाट नेपाल सरकार र उपभोक्ता समूहको सहलगानीमा सञ्चालन हुने सुरूङ्गा सहलगानी खानेपानी तथा सरसफाई आयोजना, झापाको श्रोत सहमतिका लागि खानेपानी मन्त्रालयबाट लेखिआएकोमा आयोजनाको कूल लागत रकमको नेपाल सरकारले व्यहोर्नुपर्ने ७० प्रतिशतले हुनआउने रकम रू. ५१ करोड ७१ लाख ९६ हजारको श्रोत सहमतिका लागि "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" को दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा पठाउने।

३. खानेपानी मन्त्रालयको मिति २०८१।०५।११ को (सचिवस्तर) निर्णयबाट नेपाल सरकार र उपभोक्ताको लागत साझेदारीमा सञ्चालन हुने पथरी खानेपानी आयोजना, शनिश्चरे मोरङ्को श्रोत सहमतिका लागि खानेपानी मन्त्रालयबाट लेखिआएकोमा आयोजनाको कूल लागत रकमको नेपाल सरकारले व्यहोर्नुपर्ने ९० प्रतिशतले हुनआउने रकम रु. ७५ करोड ०६ लाख ९८ हजारको श्रोत सहमतिका लागि "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" को दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा पठाउने।

४. खानेपानी मन्त्रालयको मिति २०८१।०५।११ को (सचिवस्तर) निर्णयबाट नेपल सरकार र उपभोक्ताको लागत साझेदारीमा सञ्चालन हुने निजगढ बृहत खानेपानी आयोजना, बाराको श्रोत सहमतिका लागि खानेपानी मन्त्रालयबाट लेखिआएकोमा आयोजनाको कूल लागत रकमको नेपाल सरकारले व्यहोर्नुपर्ने ९० प्रतिशतले हुनआउने रकम रू. ५४ करोड ६८ लाख ५१ हजारको श्रोत सहमतिका लागि "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" को दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा पठाउने।

५. खानेपानी मन्त्रालयको मिति २०८१।०५।२४ को (सचिवस्तर) निर्णयानुसार खानेपानी मन्त्रालयबाट गोरखाबजार ढल निर्माण तथा प्रशोधन आयोजना, गोरखाको श्रोत सहमतिका लागि लेखिआएकोमा आयोजनाको कूल लागत रकमको शतप्रतिशतले हुनआउने नेपाल सरकारले व्यहोर्नुपर्ने रकम रू. ९१ करोड ४८ लाख ७४ हजारको श्रोत सहमतिका लागि "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" को दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा पठाउने।

**बैठक मितिः २०८१/०८/२८, बैठक सङ्ख्याः २३ को छलफल तथा निर्णयः**

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट चालु आर्थिक बर्षमा प्राप्त ब.उ.शि.नं. ३३७०११११६ अन्तर्गत भेरी कोरिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजना अन्तर्गत तल्लुबगर-त्रिपुराकोट (चुगाड) सडक खण्ड ४२ कि.मि. को स्तरोन्नति कार्यको स्रोत सहमतिको लागि लेखी आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (२) अनुसार रु. ४ अर्ब २० करोडको बहुबर्षीय ठेक्काको स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

**बैठक मितिः २०८१/०९/०५, बैठक सङ्ख्याः २४ को छलफल तथा निर्णयः**

१. सोह्रौं योजनाको अङ्ग्रेजी अनुवादको मस्यौदा परिमार्जन सहित स्वीकृत गरी प्रकाशन गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रबाट उच्च सरकारी वकील कार्यालय पाटन, ललितपुरको नयाँ कार्यालय भवन निर्माण गर्न रु.३६ करोड वरावरको बहुवर्षीय ठेक्का सहमतिको लागि लागि आएकोमा अर्थ मन्त्रालयको २०८१/०९/०२ को पत्रमार्फत चालु आ.व. २०८१/८२ मा विनियोजित बजेट सहित जम्मा रु ३६ करोड बराबरको स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(४) बमोजिम उच्च सरकारी वकील कार्यालय पाटन, ललितपुरको नयाँ कार्यालय भवन निर्माण आयोजनाको बहुबर्षीय ठेक्का सहमति प्रदान गर्ने।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट गुर्भाकोट नगरपालिका वडा नं. ३ स्थित श्री कालिका मा.वि. नादे धारापानी, सुर्खेतमा भवन निर्माणको लागि ६ रोपनी (०.३०५ हेक्टर) जग्गा भोगाधिकार प्रयोजनार्थ अनुरोध भै आएकोमा उक्त आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।

४. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्रबाट प्राप्त "श्रम आप्रवासन नीतिको २०८१" को मस्यौदामा राय पठाउने विषयमा छलफल हुँदा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका पदाधिकारी र आयोगका पदाधिकारीकोवीच छलफल गरी उक्त मस्यौदालाई टुङ्गोमा पुर्याउने।

**बैठक मितिः २०८१/०९/११, बैठक सङ्ख्याः २५ कोछलफल तथा निर्णयः**

१. अन्तरसरकारी वित्त व्यवस्थाप ऐन, २०७४ को दफा १० र ११ बमोजिम समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को मस्यौदा स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

## बैठक मितिः २०८१/०९/१८, बैठक सङ्ख्याः २६ को छलफल तथा निर्णयः

१. आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणको लागि विद्यमान व्यवस्थामा आवश्यक परिमार्जन र सुधारका लागि गठित समितिले पेश गरेको प्रतिवेदन परिमार्जन सहित स्वीकृत गर्ने।

२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रबाट प्राप्त राष्ट्रिय परिवार योजना कार्यक्रमको कार्ययोजना (२०८१/८२-२०८७/८८) को मस्यौदामा राय पठाउने विषयमा छलफल हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पदाधिकारी र आयोगका पदाधिकारीहरूबीच छलफल गरी मस्यौदालाई टुङ्गोमा पुर्याउने।

## बैठक मितिः २०८१/०९/२५, बैठक सङ्ख्याः २७ को छलफल तथा निर्णयः

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पत्रबाट ब.उ.शी.नं. ३४०००१०३ बाल सुधार गृह भवन निर्माण कार्यक्रमका लागि ४१ करोड ९ हजार ५ सय वरावरको स्रोत सहमतिको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(२) अनुसार पठाईएकोमा अर्थ मन्त्रालयको च.नं. ६१४ मिति २०८१/९/१४ को पत्रबाट सोही मापदण्डको दफा ३(३) अनुसार स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(४) अनुसार बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

२. शहरी विकास मन्त्रालयको पत्रबाट ब.उ.शी.नं. ३४७०१११७, श्रीमहल भवन पुनर्निर्माण गर्ने कार्यको लागि रू ८९ करोड रकम बरावरको स्रोत सहमतिको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(२) अनुसार पठाईएकोमा अर्थ मन्त्रालयको च. नं. ६४१ मिति २०८१/९/१८ को पत्रबाट सोही मापदण्डको दफा ३(३) अनुसार स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(४) अनुसार बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०८१।०४।२९ को सचिवस्तरीय निर्णय अनुसार कालिकोट जिल्ला महावै गाँउपालिका वडा नं. ७ स्थित कोटखौलमा निर्माण गरिने प्रशासकीय भवन निर्माणको लागि ०.६६१३ हेक्टर जग्गा भोगाधिकारको लागि अनुरोध भै आएकोमा आयोग बैठकमा छलफल हुँदा आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने।

## बैठक मितिः २०८१/१०/०२, बैठक सङ्ख्याः २८ को छलफल तथा निर्णयः

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १००, मिति २०८१/०९/१४ को पत्रबाट रेसुङ्गा नगरपालिका अन्तर्गतको शिवशक्ति सामुदायिक वन र रेसुङ्गा सामुदायिक वन क्षेत्र भित्र पर्ने गर्जुरामा सङ्घीय सरकार र रेसुङ्गा नगरपालिकाको संयुक्त लगानीमा निर्माण सम्पन्न भई हाल सञ्चलानमा रहेको रेसुङ्गा पार्क र सोही क्षेत्रमा लुम्बिनी प्रदेशको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत हुने साहसिक खेल जिपलाइन तथा स्काई साईक्लिङ्ग निर्माण प्रयोजनार्थ शिवशक्ति र रेसुङ्गा सामुदायिक वन क्षेत्र भित्रको करिव ०.६१ हेक्टर जग्गा भोगाधिकार प्रयोजनार्थ यस आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गरिदिनुहुन भनी अनुरोध भई आएकोमा आयोग बैठकमा छलफल हुँदा उक्त आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।

२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १६७, मिति २०८१/०१/२७ को पत्रबाट बर्दघाट नगरपालिकाको लागि सेनेटरी ल्याण्ड फिल साइट निर्माण आयोजनाको लागि पारिजात सामुदायिक वन क्षेत्र भित्रको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको करिव ४.८३ हेक्टर जग्गा भोगाधिकार प्रयोजनार्थ राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गरिदिनु हुन भनी अनुरोध भई आएकोमा आयोग बैठकमा छलफल हुँदा उक्त आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।

## बैठक मितिः २०८१/१०/१०, बैठक सङ्ख्याः २९ को छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट कार्यान्वयन हुने विभिन्न आयोजनाहरूको बहुबर्षीय स्रोत सहमतिका लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा (३) को उपदफा (२) बमोजिम आयोगको मिति २०८१/०८/२८ को निर्णय भई अर्थ मन्त्रालयमा स्रोत सहमतिको लागि सिफारिस गरिएकोमा अर्थ मन्त्रालयको प.सं. ०८१/८२-३३७-४(घ), च.नं. ७१२, मिति २०८१/0९/२८ को पत्रानुसार मिति २०८१/०९/२४ र २०८१/०९/२६ को (मा. उपप्रधान तथा अर्थ मन्त्रीस्तर) को निर्णयानुसार देहायका आयोजनाहरूको कूल रकम रु.२० अर्ब ३२ करोड २३ लाख बराबरको स्रोत सहमति प्रदान गरिएको पत्रसहित विवरण प्राप्त भएकोमा आयोग बैठकमा छलफल हुँदा देहायका आयोजनाहरूलाई आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(४) अनुसार बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

| क्र.सं. | ब.उ.शि.नं. | आयोजना/ कार्यालय | आयोजनाको नाम | चालु आ.व.मा विनियोजित रकम | स्रोत सहमति माग रकम | स्रोत सहमति प्रदान भएको रकम(चालु आ.ब.को शुरू विनियोजित बजेट समेत) |
|---|---|---|---|---|---|---|
| १. | ३३७०११०८ | मदन भण्डारी राजमार्ग योजना कार्यालय, गुल्मी | रिडी –भेडुवा –तम्घास सडक खण्ड गुल्मी (१४.६८ कि.मि.) | आयोजना अन्तर्गत पाँचवटा सडक खण्डको ३ अर्व ५३ करोड ७० लाख विनियोजन | रु. १ अर्ब ५३ करोड ७३ लाख | १५ करोड |
| २. | ३३७०११०८ | मदन भण्डारी राजमार्ग योजना कार्यालय, झापा | झण्डा–सर्दुखोला सडक खण्ड सुनसरी (७.५९ कि.मि.) | | रु. ६१ करोड ९४ लाख | ६१ करोड ९४ लाख |
| ३. | ३३७०११२८ | हुलाकी राजमार्ग पुलसमेत | हुलाकी राजमार्ग पुलहरू मात्र | रु. ३ अर्व २१ करोड २७ लाख | रु. ३ अर्व ९४ करोड ४ लाख | १ अर्व ५० करोड |
| ४. | ३३७०११०४ | कान्ति राजमार्ग सडक योजना ललितपुर | कान्ति राजमार्ग अन्तर्गत विभिन्न चेनेजको कालोपत्रे तथा स्तरोन्नती (४ कि.मि.) | रु. २० करोड | रु. ७१ करोड ८८ लाख | ५० करोड |
| ५. | ३३७०११२१ | डुम्रे-बेसिशहर-चामे मनाङ | डुम्रे-बेसिशहर-चामे मनाङ सडक स्तरोन्नती | रु. ४९ करोड ९० लाख २० हजार | रु. १ अर्व ४५ करोड | १ अर्ब |

| क्र.सं. | ब.उ.शि.नं. | आयोजना/ कार्यालय | आयोजनाको नाम | चालु आ.व.मा विनियोजित रकम | स्रोत सहमति माग रकम | स्रोत सहमति प्रदान भएको रकम(चालु आ.ब.को शुरू विनियोजित बजेट समेत) |
|---|---|---|---|---|---|---|
| | | सडक योजना, लमजुङ | | | | |
| ६. | ३३७०१११८ | उत्तर-दक्षिण (कालीगण्डकी) लोकमार्ग आयोजना, पाल्पा | कालिगण्डकी कोरिडोरको फलेवास-अर्मादी सडक खण्ड स्तरोन्ती | रु. ९९ करोड ९५ लाख २० हजार | रु. १ अर्व ६० करोड २८ लाख | १ अर्ब ५० करोड |
| ७. | ३३७०१११९ | किलो छेपेटार भालुस्वारा वारपाक सडक योजना, गोरखा | बेनीघाट-आरुघाट-लार्के भञ्याङ सडक कालोपत्रे तथा स्तरोन्नती | रु. ३० करोड | रु. ६४ करोड | ६० करोड |
| ८. | ३३७०११७४ | मुलघाट दोभान ओलाङचुङगोला सडक योजना, ताप्लेजुङ | तमोर कोरिडोरको थिवा-(१५१+५००)ओलाङचुङ गोला (२९९४+०००) सडक खण्ड स्तरोन्ती | रु. ५७ करोड ६० लाख | रु. २ अर्व १२ करोड ५० लाख १९ हजार | १ अर्ब ६ करोड |

| क्र.सं. | ब.उ.शि.नं. | आयोजना/ कार्यालय | आयोजनाको नाम | चालु आ.व.मा विनियोजित रकम | स्रोत सहमति माग रकम | स्रोत सहमति प्रदान भएको रकम(चालु आ.ब.को शुरू विनियोजित बजेट समेत) |
|---|---|---|---|---|---|---|
| ९. | ३३७०११७४ | तमोर कोरिडोरको चतरा-मुलघाट सुभाङखोला सडक योजना मुलघाट, सुनसरी | तमोर कोरिडोरको चतरा-मुलघाट- सुभाङ खोला सडक स्तरोन्नती (चेनेज ४+००० देखि २२+६००) | रु. ५१ करोड | रु. ५२ करोड ३६ लाख ४६ हजार | २० करोड |
| १०. | ३३७०११६० | धनगढी खुटिया-दिपायल-चैनपुर-उरैभञ्याङ सडक योजना, विपिनगर | खुटिया-दिपायल-चैनपुर-उरैभञ्याङ सडक खण्ड स्तरोन्नती | रु. ४३ करोड | रु. १ अर्ब २९ करोड | १ अर्ब |
| ११. | ३३७०११७७ | सडक डिभिजन, घोराही, दाङ | राप्ती लोकमार्गको हर्नेटी-राम्री सडक खण्ड दाङ्ग र सल्यान (१२.८ कि.मि.) | रु. २० करोड | रु. ८० करोड | ६० करोड |
| १२. | ३३७०१११३ | शहिद मार्ग, सडक योजना, रोल्पा | घर्तिगाँउ –दुईखोली सडक खण्ड स्तरोन्नती, रोल्पा | आयोजना अन्तर्गत ४ सडक खण्डको | ६९ करोड | ५५ करोड |

| क्र.सं. | ब.उ.शि.नं. | आयोजना/ कार्यालय | आयोजनाको नाम | चालु आ.व.मा विनियोजित रकम | स्रोत सहमति माग रकम | स्रोत सहमति प्रदान भएको रकम(चालु आ.ब.को शुरू विनियोजित बजेट समेत) |
|---|---|---|---|---|---|---|
| | | | | १अर्ब २३ करोड ६२ लाख | | |
| १३. | ३३७०११२६ | सेती राजमार्ग टिकापुर लोडे चैनपुर ताक्लाकोट सडक योजना, अछाम | सेती राजमार्ग टिकापुर लोडे चैनपुर ताक्लाकोट सडक खण्ड स्तरोन्नती | रु. ४६ करोड | रु. ७९ करोड ६५ लाख | ४० करोड |
| १४. | ३३७०११०६ | सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजना | फल्लेघर-देउराली-टोरपाटन सडक खण्ड बागलुङ्ग | आयोजना अन्तर्गत ३ वटा सडक खण्डको ४४ करोड ८५ लाख | रु. ८२ करोड ५६ लाख ६५ हजार | ३० करोड |
| १५. | ३३७०११०६ | सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजना | अर्खबाङ-गंगरे टोरपाटन सडक खण्ड, गुल्मी | | रु. ५० करोड ३५ लाख २८ हजार | ३० करोड |

| क्र.सं. | ब.उ.शि.नं. | आयोजना/ कार्यालय | आयोजनाको नाम | चालु आ.व.मा विनियोजित रकम | स्रोत सहमति माग रकम | स्रोत सहमति प्रदान भएको रकम(चालु आ.ब.को शुरू विनियोजित बजेट समेत) |
|---|---|---|---|---|---|---|
| १६. | ३३७०११०६ | सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक आयोजना | पटौती-बलेबाङ सडक खण्ड, अर्घाखाँची | | रु. १ अर्ब ४२ करोड ४ लाख १० हजार | ३० करोड |
| १७. | ३३७०१११८ | हिल्सा सिमीकोट आयोजना, हुम्ला | हिल्सा सिमिकोट सडकको तुमकोट-इलिङ्ग र हेप्का- सिमिकोट सडक खण्ड हुम्ला | रु. ३४ करोड ९९ लाख | रु. ६० करोड २६ लाख ८१ हजार | ३० करोड |
| १८. | ३३७०१११८ | कर्णाली कोरिडोर दक्षिण खण्ड खुलालु-सलिसल्ला सडक योजना, कालीकोट | कर्णाली कोरिडोर अन्तर्गत खुलालु-सलिसल्ला सडक खण्ड स्तरोन्ती | रु.१ अर्व १२ करोड ४८ हजार | रु.४ अर्व २३ करोड | ४ अर्ब २३ करोड |
| १९. | ३३७०११३२ | सडक डिभिजन, नेपालगञ्ज, बाँके | कम्पोनेन्ट नं. ८४८ बबई नदी पुल गुलरिय न.पा. वडा नं. ४ र | रु. १ करोड | रु.१ अर्व १ करोड २९ लाख | १ अर्ब १ करोड २९ लाख |

| क्र.सं. | ब.उ.शि.नं. | आयोजना/ कार्यालय | आयोजनाको नाम | चालु आ.व.मा विनियोजित रकम | स्रोत सहमति माग रकम | स्रोत सहमति प्रदान भएको रकम(चालु आ.ब.को शुरू विनियोजित बजेट समेत) |
|---|---|---|---|---|---|---|
| | | | बारबर्दिया न.पा. वडा नं. ११ जोड्नेपु बर्दिया | | | |
| २०. | ३३७०१११६ | भेरी कोरिडोर (जाजरकोट-दुनै-मरिम-तिञ्जे-धो) सडक योजना, दुनै, डोल्पा | तल्लुबगर त्रिपुराकोट चुगाड सडक खण्ड ४२ कि.मि. स्तरोन्नति | १ अर्ब ४ करोड ५ लाख | ४ अर्ब २० करोड | ४ अर्ब २० करोड |

२. खानेपानी मन्त्रालयबाट कार्यान्वयन हुने विभिन्न आयोजनाहरूको बहुबर्षीय स्रोत सहमतिका लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को उपदफा (२) बमोजिम अर्थ मन्त्रालयमा स्रोत सहमतिको लागि सिफारिस गरिएकोमा अर्थ मन्त्रालयको च.नं. ७०५, ७०६, ७०४, ७१४, ७१०, ७०३, ७०९, र ७११ को पत्रानुसार मिति २०८१/०९/२४ को (मा. उपप्रधान तथा अर्थ मन्त्रीस्तर) को निर्णयानुसार देहायका आयोजनाहरूको कूल रकम रु.२ अर्ब ५६ करोड बराबरको स्रोत सहमति प्रदान गरिएको पत्रसहित विवरण प्राप्त भएकोमा आयोग बैठकमा छलफल हुँदा देहायका आयोजनाहरूलाई आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ को दफा ३(४) अनुसार बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

| क्र.स. | आयोजनाको विवरण | चालू आ.ब.को विनियोजन | स्रोत सहमति माग गरेको (रु हजार) | अर्थ मन्त्रालयबाट प्राप्त सहमति (चालु समेत ३ वर्षको लागि) |
|---|---|---|---|---|
| १ | तोपगाछी खानेपानी आयोजना, कमल गा.पा. झापा | १० करोड | ५७,८९,९८ | ३५ करोड |
| २ | आदर्श साईलीगाड बृहत् खानेपानी आयोजना, डोटी | ५ करोड | २२,२७,४२ | १८ करोड |
| ३ | सुरूङ्गा खानेपानी आयोजना, कन्काई न.पा. झापा | १ करोड ८ लाख | ५१,७१,९६ | १८ करोड |
| ४ | भैमाल गोठाटार सहलगानी खानेपानी तथा सरसफाई आयोजना, काठमाण्डौं | ४ करोड ७२ लाख ५०हजार | ३६,७३,७१ | ३० करोड |
| ५ | लम्कीचुहा सहलगानी खानेपानी तथा सरसफाई आयोजना, कैलाली | ६ करोड २१ लाख | ४९,८२,४७ | ३० करोड |
| ६ | पथरी खानेपानी आयोजना, पथरी शनिश्चरे न.पा. मोरङ्ग | २० लाख | ७५,०६,९८ | ३५ करोड |
| ७ | निजगढ खानेपानी आयोजना, बारा | ९० लाख | ५४,६८,५१ | ३० करोड |
| ८ | शहीदभूमि बृहत् खानेपानी आयोजना, धनकुटा | ६ करोड ३०लाख | ७०,९०,७० | ३५ करोड |
| ९ | खाँदबारी ढल निर्माण तथा प्रशोधन आयोजना, सङ्खुवासभा | ७ करोड | ७०,४७,६४ | २५ करोड |

२. उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय अन्तर्गत कार्यान्वयन हुने आगामी आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकम "आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ६ को उपदफा (३) बमोजिम मन्त्रालय/निकायलाई तत् तत् आर्थिक वर्षका लागि प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा व्यवस्थापन गर्ने गरी बजेटमा प्रस्ताव गर्ने शर्तमा प्रचलित ऐन कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पुरा गरी कानून र मापदण्डको पूर्ण परिपालनाको जवाफदेहिता सम्बन्धित लेखा उत्तरदायी अधिकृतमा रहने गरी देहाय बमोजिम श्रोत सहमति प्रदान गर्न निर्णय हुनुपर्ने।

| सि.नं. | आयोजना | चालु आ.व.मा विनियोजित रकम | स्रोत सहमति रकम माग रकम | स्रोत सहमति प्राप्त रकम |
|---|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना (डुन्डुवा शाखा नहर र खजुरा तथा मानपुर उप शाखा) | रु. १ अर्ब ५५ करोड ९८ लाख ३३ हजार | रु. ३ अर्ब ३५ करोड ८३ लाख ९३ हजार | रु. ३ अर्ब ३५ करोड |
| २ | बबई सिँचाई आयोजना अन्तर्गत विभिन्न नहर तथा संरचनाहरूको निर्माण | रु १ अर्ब ७६ करोड २४ लाख | रु ४ अर्ब २४ करोड ४९ लाख ४१ हजार | रु ३ अर्ब ३० करोड |
| ३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजनाको मरिन नदी नियन्त्रण र इलेक्ट्रोमेकानिकल जडान कार्य | रु ३ अर्ब ९ करोड ९८ लाख ३४ हजार | रु. ४ अर्ब ४५ करोड ९३ लाख ९ हजार | रु. ३ अर्ब ४५ करोड |
| ४ | प्रगन्ना तथा बड्कापथ सिँचाई आयोजना | रु २५ करोड ७२ लाख ४७ हजार | रु. १ अर्ब ६८ करोड ८२ लाख २८ हजार<br>रु. १ अर्ब ०२ करोड ८९ लाख ८८ हजार | रु १ अर्ब ०२ करोड |

३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतबाट कार्यान्वयन हुने गरी मकवानपुर, पर्सा, र तनहुँ जिल्लाको सबै भाग तथा चितवन र नवलपरासी (पूर्व) को केही भाग

गरी करिब ४ हजार वर्ग कि.मि. LiDAR प्रविधिबाट सर्वेक्षण गर्न र आ.व. २०८२।८३ तथा २०८३।८४ को लागि स्रोत सुनिश्चितताका लागि आयोगको मिति २०८१।८।२१ को निर्णय अनुसार अर्थ मन्त्रालयमा सहमति माग गरी पठाइएकोमा अर्थ मन्त्रालयको मिति २०८१।९।२८ को पत्रबाट चालू आ.व. समेतका लागि रू. २३ करोड ७९ लाख ९४ हजारको सहमती प्राप्त भएकोले सो आयोजनालाई आयोजनाको बहु बर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(४) बमोजिम बहुबर्षीय ठेक्का सहमति प्रदान गर्ने।

४. राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा मन्त्रालय तथा निकायहरूले प्रविष्ट गरेका आयोजनाहरूको विवरण अद्यावधिक तथा व्यवस्थापन गर्नका लागि पेश भएको “राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा प्रविष्ट आयोजनाहरूको विवरण अद्यावधिक तथा व्यवस्थापनका लागि आधार (Criteria)” स्वीकृत गर्ने।

५. प्रदेशस्तरमा गरिने कार्यक्रम (सोह्रौ योजना, मध्यमकालीन खर्च संरचना, आयोजना वैक, समपुरक/विशेष अनुदान, दिगो विकास लक्ष्य तथा LDC Graduation) का सम्बन्धमा विभिन्न विकास साझेदारहरूसँग छलफल गरी उक्त कार्यहरू साझेदारहरूको समन्वय र सहकार्यमा गर्ने निर्णय गरियो।

६. अर्थ मन्त्रालयबाट प्राप्त “विकास सहायता परिचालन नीति, २०८१” को मस्यौदामा छलफल हुँदा आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी राय पठाउने।

७. समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को सम्बन्धमा आयोगमा जानकारी भयो। उल्लिखित कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिम आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश र स्थानीय तहबाट आयोजना वा कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना २०८१ माघ १६ देखि २०८१ फाल्गुण १५ सम्मको समयसीमा हुने गरी प्रकाशनका लागि स्वीकृत गर्ने।

## बैठक मितिः २०८१/१०/२४, बैठक सङ्ख्याः ३० को छलफल तथा निर्णयः

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट कास्की जिल्लाको मादी गाउँपालिका वडा नं.१ र २ मा ६.४१६ कि.मि लम्बाइ भएको सिक्लेश अन्नपुर्ण केवलकार आयोजना निर्माणका लागि वन क्षेत्रको जग्गा भोगाधिकारका लागि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा समावेश गरिदिन सचिवस्तरीय निर्णयबाट अनुरोध भई आएकोमा छलफल हुँदा निजी क्षेत्रबाट सञ्चालन हुने उक्त आयोजना औद्योगिक व्यवसाय ऐन, २०७६ द्वारा व्यवस्थित हुने र उक्त ऐनले केवलकारलाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगमा वर्गिकरण गरेकोले सोही ऐनको व्यवस्था अनुसार “सिक्लेश अन्नपूर्ण केवलकार आयोजना” को राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना

सम्बन्धी कार्यवाही सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाटै अघि बढाउन लेखी पठाउने।

२. पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त "पर्यटन नीति, २०८१" मा राय पठाउने विषयमा छलफल हुँदा उक्त नीतिमा सुझाव पठाउन सरोकारवालासँग पुनः छलफल गरी राय पठाउने।

३. राष्ट्रिय योजना आयोगबाट परिमार्जन सहित प्रकाशन गर्न लागिएको "प्रमुख आर्थिक परिसूचकहरूको प्रयोग विधि सम्बन्धी हाते पुस्तक" का सन्दर्भमा छलफल हुँदा सम्बन्धित विषय विशेषज्ञहरूसँग छलफल गरी प्राप्त राय सुझावका आधारमा परिमार्जन सहित प्रकाशन गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८१/१०/२३ गते प्रकाशित सुशासन सम्बन्धी विज्ञप्तिवारे अवगत गरियो।

५. १६औं योजना र हरित तथा जलवायुमैत्री विकास सम्बन्धी कार्यशालाको निष्कर्षमा छलफल भयो, उक्त निर्ष्कर्षलाई आयोगको वेभसाइट मार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

६. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्बन्धी मापदण्ड, २०८१ का बुँदा अवगत भयो।

७. अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा ३६ अनुसार "अनुगमन तथा मूल्याङ्कन निर्देशिकाको मस्यौदा निर्माणको लागि माननीय सदस्य गंगादत्त अवस्थीको संयोजकत्वमा देहायको कार्यदल गठन गर्ने निर्णय गरियो।

   १. माननीय सदस्य श्री गंगादत्त अवस्थी - संयोजक

   २. सहसचिव, अनुगमन तथा मुल्याङ्कन महाशाखा - सदस्य

   ३. कार्यक्रम निर्देशक, अनुगमन शाखा - सदस्य सचिव

   उक्त कार्यदलले आवश्यकता अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि र विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

८. राष्ट्रिय योजना आयोगका सदस्यको रूपमा रही विकास, योजना तर्जुमामा संलग्न हुनु भएका पूर्व सदस्य डा. प्रभु बुढाथोकीको मिति २०८१/१०/२३ मा भएको निधनले राष्ट्रिय योजना आयोग स्तब्ध भएको छ। यस दुखद् घढीमा दिगंवत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछौ। साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना गर्दछौं।

### बैठक मितिः २०८१/११/०१, बैठक सङ्ख्याः ३१ को छलफल तथा निर्णयः

१. Review of Nepal's Sustainable Development Goals: Need Assessment, Costing and Financing Strategy लाई आवश्यक भाषागत परिमार्जन सहित स्वीकृत गरी प्रकाशन गर्ने।

### बैठक मितिः २०८१/११/०६, बैठक सङ्ख्याः ३२ को छलफल तथा निर्णयः

१. आगामी तीन आर्थिक वर्ष (२०८२/८३-२०८४/८५) को बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यकालिन खर्च संरचना खाका र राष्ट्रिय गौरबको आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चतता बमोजिमको आवश्यक रकम समेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धि मार्गदर्शन स्वीकृत गर्ने र २०८१ साल फागुन ७ (सात) गतेभित्र माननीय अर्थमन्त्री समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

### बैठक मितिः २०८१/११/११, बैठक सङ्ख्याः ३३ को छलफल तथा निर्णयः

१. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा (३) बमोजिम आयोगले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि समपूरक तथा विशेष अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन गरिने आयोजना/कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्ने समय सीमा मिति २०८१/११/१५ सम्म निर्धारण गरिएकोमा उल्लिखित कार्यविधि अनुसार विद्युतीय प्रणालीमा समेत परिवर्तन भएको र प्रदेश सरकार तथा स्थानीय तहहरूबाट अवधि थप गर्न अनुरोध समेत भई आएकोले उक्त विद्युतीय प्रणाली (https://csgrants.gov.np) मा आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्ने समय सीमा यहि २०८१ फाल्गुण मसान्त अर्थात मिति २०८१/११/२९ सम्म थप गर्ने।

२. नेपाल सरकारद्वारा सन् २०२१ मा जापानको टोकियोमा सम्पन्न "वृद्धिका लागि पोषण सम्मेलनमा (Nutrition for Growth Summit- N4G)" प्रतिवद्धता गरिएका विषयहरूको सन् २०२४ अन्त्य सम्मको प्रगति प्रतिवेदन स्वीकृत गरी उक्त प्रतिवेदनलाई N4G को पोर्टलमा प्रविष्टि गर्न अनुमति प्रदान गर्ने। साथै सन् २०२५ मा फ्रान्सको पेरिसमा आयोजना हुने "वृद्धिका लागि पोषण सम्मेलनमा (Nutrition for Growth Summit)" पेश गर्नु पर्ने प्रतिवद्धता सम्बन्धी दस्तावेज स्वीकृत गर्ने।

### बैठक मितिः २०८१/१२/६, बैठक सङ्ख्याः ३५ को छलफल तथा निर्णयः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त ई-गभर्नेन्स ब्लुप्रिन्ट, लगानी वोर्डको कार्यालयबाट प्राप्त जग्गा प्राप्ति कोष सञ्चालन निर्देशिका, 2081, सार्वजनिक-निजी साझेदारी नीति, २०८१, एवं सम्भाव्यता न्यून परिपूरक कोष स्थापना र सञ्चालन कार्यविधि, २०८१, अर्थ

मन्त्रालयबाट प्राप्त विकास सहायता परिचालन तत्परता मूल्याङ्कन चेकलिष्ट, २०८१, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त राष्ट्रिय आर्टिफिसियल ईन्टेलिजेन्स नीति, २०८१, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८१ र युवा तथा खेलकुद मन्त्रालयबाट प्राप्त युवा नीति, २२०८१ को मस्यौदा माथि छलफल हुँदा सम्बन्धित निकायबाट आयोग समक्ष प्रस्तुति गर्न अनुरोध गरी राय परामर्श पठाउने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४१९१, मिति २०८१/११/२ को पत्रबाट बागमती प्रदेश सरकारको प्रशासनिक भवन तथा आवास निर्माणको लागि करिव ३१.०२ हेक्टर राष्ट्रिय वनक्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्ने प्रयोजनार्थ प्राथमिकता प्राप्त आयोजना निर्धारण सम्बन्धमा आवश्यक कार्यार्थ अनुरोध भई आएकोमा छलफल हुँदा वातावरणीय प्रभाव मूल्याङ्कनको परिधि भित्र रही आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम बागमती प्रदेश सरकारको प्रशासनिक तथा आवास निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा तोक्ने।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.नं.५२४, मिति २०८१/१०/१४ को पत्रबाट मदन भण्डारी राजमार्ग योजना कार्यालय, झापाको कार्यक्षेत्र भित्र पर्ने बजेट उपशिर्षक नं ३३७०११०८ (मदन भण्डारी राजमार्ग आयोजना, बाहुनडाँगी देखि रूपाल सम्म) अन्तर्गत झण्डा चोक- सर्दुखोला सडक खण्ड (बाग खोला र बगुवा खोलासमेत) निर्माण आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न अनुरोध भई आएकोमा छलफल हुँदा वातावरणीय प्रभाव मूल्याङ्कनको परिधि भित्र रही आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा तोक्ने।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.नं.५२३, मिति २०८१/१०/१४ पत्रबाट मदन भण्डारी राजमार्ग योजना कार्यालय, सुर्खेतको कार्यक्षेत्र भित्र पर्ने बजेट उपशिर्षक नं ३३७०११०८ (मदन भन्डारी राजमार्ग आयोजना, बाहुनडाँगी देखि रूपाल सम्म) अन्तर्गत पातिहाल्ने बागचौर सडक खण्ड निर्माण आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न अनुरोध भई आएकोमा छलफल हुँदा मदन भण्डारी राजमार्ग अन्तर्गत पातिहाल्ने बागचौर सडक खण्ड आयोजनालाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा तोक्ने।

५. खानेपानी मन्त्रालयको च.नं. १३० मिति २०८१/९/२८ को पत्रबाट भेरी पम्पिङ्ग उप-आयोजनाको निर्माण, सञ्चालन तथा मर्मतका लागि उप-आयोजनाको intake तथा water treatment plant सम्म पुग्ने पहुँच सडक निर्माण गर्नु आवश्यक रहेको, यसको लागि राष्ट्रिय

तथा सामुदायिक वनक्षेत्रको प्रयोग गर्नुपर्ने भएकाले भेरी पम्पिङ् उप-आयोजनाको एक कम्पोनेन्टको रूपमा रहेको सो पहुँचमार्ग निर्माणलाई समेत राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न अनुरोध भईआएकोमा छलफल हुँदा वातावणीय प्रभाव मूल्याङ्कनको परिधि भित्र रही उक्त आयोजनाको उक्त कम्पोनेन्टलाई राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रूपमा तोक्ने।

६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम सम्बन्धमा विषयगत मन्त्रालय/निकायले पेश गर्ने प्रतिवेदनको ढाँचा, कार्यक्रम तथा बजेट छलफलको विषयक्षेत्रगत प्रतिवेदनको ढाँचा र आगामी तीन आर्थिक वर्ष (२०८२/८३-२०८४/८५) को मध्यमकालीन खर्च संरचना तथा आ.व. २०८२/८३ को बजेट तर्जुमा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत छलफल सम्बन्धी चेकलिष्ट तथा समयतालिका स्वीकृत गर्ने।

७. राष्ट्रिय योजना आयोगको कार्यविधि र आयोगको बैठक सञ्चालन कार्यविधि एवं आयोगबाट सम्पादन गरिने कामहरूका लागि Standard Operating Process-SOP तर्जुमा गर्ने।

८. राष्ट्रिय योजना आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न प्रशासन महाशाखाका सहसचिवको नेतृत्वमा समिति गठन गर्ने।

९. राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन र व्यवस्थापन) मापदण्ड, २०८१ अनुसार पूर्वाधार महाशाखालाई राष्ट्रिय आयोजना बैंकको सचिवालय तोक्ने।

१०. आयोगको नियमित बैठकमा प्रस्तुत गर्नु पर्ने प्रस्ताव आयोगको बैठक वस्नु भन्दा तीन दिन (७२) घण्टा अगाडि प्रशासन महाशाखामा आई पुग्ने व्यवस्था सबै महाशाखाले गर्ने।

## बैठक मितिः २०८१/१२/३१, बैठक संख्याः ३८ को छलफल तथा निर्णयहरूः

१. आर्थिक वर्ष २०८२/८३ का लागि सङ्घीय समपूरक अनुदान मार्फत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम सम्बन्धी विद्युतीय प्रणालीमा (https://csgrants.gov.np) पेश भएका आयोजना वा कार्यक्रमका सम्बन्धमा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ७ को उपदफा (४) अनुसार गठित सिफारिस समिति र विशेष अनुदान मार्फत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम सम्बन्धी विद्युतीय प्रणालीमा (https://csgrants.gov.np) पेश भएका आयोजना वा कार्यक्रमका सम्बन्धमा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ को उपदफा (६) अनुसार गठित सिफारिस समितिलाई दिईएको थप कार्यादेश बमोजिम समितिले तयार गरी पेश गरेको विश्लेषण सहितको प्रतिवेदन प्रस्तुत भई छलफल भयो। सिफारिस समितिले थप कार्यादेश बमोजिम पेश गरेको विश्लेषण सहितको प्रतिवेदन अनुसार समपूरक तथा विशेष आयोजना वा

कार्यक्रम ज्यादै न्यून सिफारिस हुने हुँदा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-२ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-४ मा उल्लेखित शर्त पूर्णरूपमा पुरा नभई पेश भएका आयोजना वा कार्यक्रमहरूको समपूरक तथा विशेष अनुदानको आवश्यकता तथा औचित्यतालाई समेत ध्यानमा राखी तत्तत् कार्यविधिहरू संशोधनका लागि आवश्यक व्यवस्था हुन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।

२. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ का निम्नलिखित बुँदाहरु आवश्यक कारवाहीको लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने।

**समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा संशोधन**

१. दफा ७ को उपदफा (२) मा संशोधनः ....को सट्टा "समितिले आयोजना वा कार्यक्रम सिफारिस गर्दा उपदफा (१) आधारका अतिरिक्त प्रस्ताव भई आएका आयोजना वा कार्यक्रम मध्ये क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिई नयाँ आयोजना वा कार्यक्रम छनौट गरी योजना आयोगमा सिफारिस गर्नु पर्नेछ" भन्ने वाक्याशंले प्रतिस्थापन गर्ने।

२. दफा ७ को उपदफा (५) मा संशोधनः "सहितको जानकारी चैत्र मसान्तसम्मको सट्टा बैशाख मसान्तभित्र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ" भन्ने वाक्याशंले प्रतिस्थापन गर्ने।

३. दफा ७ को उपदफा (५) पछि नयाँ उपदफा (५.क) थपः समपूरक अनुदान आयोजना वा कार्यक्रम छनौट तथा सिफारिस समितिले आर्थिक बर्ष २०८२/८३ का लागि छनौट सिफारिस गरेका आयोजना वा कार्यक्रम बाहेक तोकिएको समय सीमा भित्र समपूरक अनुदान सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएका अन्य आयोजना वा कार्यक्रमको हकमा अनुसूची-२ बमोजिमका कागजातहरु पूर्ण रुपमा पेश नभएतापनि प्रदेश तथा स्थानीय तहले ठेक्का प्रकृयामा जानुपूर्व कागजात पेश गर्ने शर्तमा प्रदेश मन्त्रिपरिषद्को निर्णय र प्राथमिकताक्रम वा स्थानीय कार्यपालिकाको निर्णय तथा प्राथमिकताक्रम र विनियोजित स्रोत समेतलाई आधार लिई योजना आयोगले आयोजना वा कार्यक्रम छनौट गर्न सक्नेछ।

४. दफा ७ को उपदफा (५.क) पछि नयाँ उपदफा (५.ख) थपः उपदफा (५.ग) बमोजिम योजना आयोगले छनौट गरेका आयोजना वा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमविआईएस) मा प्रविष्टि गर्नुपर्नेछ। यसरी प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित प्रदेश वा स्थानीय तहले तोकिएका कागजातहरु पेश नगर्दासम्म रोक्का हुनेछ।

५. दफा ७ को उपदफा (५.ख) पछि नयाँ उपदफा (५.ग) थप: उपदफा (५.ख) बमोजिम प्रदेश तथा स्थानीय तहको आयोजना वा कार्यक्रमको वजेट अख्तियारी वा निकासा रोक्का वा फुकुवा गर्ने अधिकार योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले गर्नेछ।

६. दफा ४ को उपदफा (१०) पछि (१०.क) थप: प्रदेश तथा स्थानीय तहले आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा प्रस्तावसँग सम्बन्धित अनुसूची-२ बमोजिमको शर्त पुरा भएको प्रमाणित गर्ने फाराम तथा उल्लेखित कागजात र अनलाईन प्रणालीमा प्रविष्टि भएका कागजातमा फरक परेमा वा अर्को कागजात प्रविष्टि गरेमा सम्बन्धित प्रदेश र स्थानीय तह जिम्मेवार हुनु पर्नेछ।

## विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा संशोधन

१. दफा ५ को उपदफा (४) मा संशोधन: ....को सट्टा "समितिले आयोजना वा कार्यक्रम सिफारिस गर्दा उपदफा (१) आधारका अतिरिक्त प्रस्ताव भई आएका आयोजना वा कार्यक्रम मध्ये क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिई नयाँ आयोजना वा कार्यक्रम छनौट गरी योजना आयोगमा सिफारिस गर्नु पर्नेछ" भन्ने वाक्याशंले प्रतिस्थापन गर्ने।

२. दफा ५ को उपदफा (७) मा संशोधन: .....सहितको जानकारी चैत्र मसान्तसम्मको सट्टा "बैशाख मसान्तभित्र" भन्ने बाक्याशंले प्रतिस्थापन गर्ने।

३. दफा ५ को उपदफा (७) पछि उपदफा (७.क) थप: विशेष अनुदान आयोजना वा कार्यक्रम छनौट तथा सिफारिस समितिले आर्थिक बर्ष २०८२/८३ का लागि छनौट सिफारिस गरेका आयोजना वा कार्यक्रम बाहेक तोकिएको समय सीमा भित्र समपुरक अनुदान सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएका अन्य आयोजना वा कार्यक्रमको हकमा अनुसूची-४ बमोजिमका कागजातहरु पूर्ण रुपमा पेश नभएतापनि प्रदेश तथा स्थानीय तहले ठेक्का प्रकृयामा जानुपूर्व कागजात पेश गर्ने शर्तमा प्रदेश मन्त्रिपरिषद्को निर्णय र प्राथमिकताक्रम वा स्थानीय कार्यपालिकाको निर्णय तथा प्राथमिकताक्रम र विनियोजित स्रोत समेतलाई आधार लिई योजना आयोगले आयोजना वा कार्यक्रम छनौट गर्न सक्नेछ।

४. दफा ५ को उपदफा (७.क) पछि उपदफा (७.ख) थप: उपदफा (५.क) बमोजिम योजना आयोगले छनौट गरेका आयोजना वा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमविआईएस) मा प्रविष्टि गर्नुपर्नेछ। यसरी प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित प्रदेश वा स्थानीय तहले तोकिएका कागजातहरु पेश नगर्दासम्म रोक्का हुनेछ।

५. दफा ५ को उपदफा (७.ख) पछि उपदफा (७.ग) थप: उपदफा (५.ख) बमोजिम प्रदेश तथा स्थानीय तहको आयोजना वा कार्यक्रमको वजेट अख्तियारी वा निकासा रोक्का वा फुकुवा योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले गर्नेछ।

६. दफा ४ को उपदफा (८) पछि (८.क) थप: प्रदेश तथा स्थानीय तहले आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा प्रस्तावसँग सम्बन्धित अनुसूची-४ बमोजिमको शर्त पुरा भएको प्रमाणित गर्ने फाराम तथा उल्लेखित कागजात र अनलाईन प्रणालीमा प्रविष्टि भएका कागजातमा फरक परेमा वा अर्को कागजात प्रविष्टि गरेमा सम्बन्धित प्रदेश र स्थानीय तह जिम्मेवार हुनु पर्नेछ।

३. राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा ४ को उपदफा (५) बमोजिम आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने नयाँ आयोजना तथा मापदण्डको दफा १६ बमोजिम यस मापदण्ड लागू हुनुभन्दा अगावै सञ्चालनमा रहेका क्रमागत आयोजनाहरू आयोजना बैंकमा प्रविष्टि गर्ने म्याद २०८१ चैत्र मसान्तभित्र रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने नयाँ आयोजना, सम्बन्धित सङ्घीय मन्त्रालय वा निकायले साविकमा सञ्चालनमा रहेका क्रमागत आयोजना, अध्ययनका आयोजना तथा विशेष परिस्थितिका आयोजनाहरू राष्ट्रिय आयोजना बैंक प्रणाली (NPBMIS) मा प्रविष्टि गर्ने समयावधि २०८२ जेठ १३ गतेसम्म थप गर्ने।

**बैठक मितिः २०८२/१/१९, बैठक संख्याः ४१को छलफल तथा निर्णयहरूः**

१. अर्थ मन्त्रालयबाट आ.व.२०८२/८३ को लागि प्रदेश तथा स्थानीय तहतर्फ समपूरक तथा विशेष अनुदानको लागि छुट्टाछुट्टै बजेट सीमा प्राप्त भई आएकोमा दुवै अनुदानको एकमुष्ठ बजेट सीमा निर्धारण गर्न अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने।

२. समपूरक अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ को दफा ७ को उपदफा (४) र विशेष अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ को दफा ५ को उपदफा (६) अनुसार गठित सिफारिस समितिलाई दिइएको थप कार्यादेश बमोजिम तत्तत् समितिहरूबाट विश्लेषण सहिति प्राप्त प्रतिवेदनको अध्ययन गरी रायसहित आयोगको बैठकमा पेश गर्न माननीय सदस्य डा. रमेश प्रसाद सिंहको संयोजकत्वमा माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठ र माननीय सदस्य डा.जयबहादुर टन्डन रहने गरी आयोजनाको पुनरावलोकन तथा सिफारिस समिति गठन गर्ने।

**बैठक मितिः २०८२/१/२०, बैठक संख्याः ४२ को छलफल तथा निर्णयहरूः**

१. समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ७ को उपदफा (४) बमोजिम गठित सिफारिस समितिले थप कार्यादेश बमोजिम मिति २०८१ चैत्र ३० गते

आयोगमा पेश गरेको विश्लवेषण सहितिको प्रतिवेदन र पुनरावलोकन तथा सिफारिस समितिले पुनरावलोकनसहित २०८२ बैशाख २० गते पेश गरेको प्रतिवेदन समेतका आधारमा देहाय बमोजिम आयोजना वा कार्यक्रमगत शर्त तोकी उल्लिखित कार्यविधिको दफा ७ को उपदफा (५) अनुसार देहाय बमोजिम आयोजना वा कार्यक्रम छनोट गरी सोको विवरण सहितको जानकारी अर्थ मन्त्रालयमा पठाउने।

**अ. आयोजना वा कार्यक्रमगत शर्त**

क. आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएका समपूरक अनुदान अन्तर्गत प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन हुने नयाँ आयोजना वा कार्यक्रमका हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम ठेक्का व्यवस्थापनका कार्य गर्नुपर्नेछ।

ख. समपूरक अनुदानका नयाँ आयोजना वा कार्यक्रमको हकमा समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन), २०८२ को दफा १७ बमोजिम २०८२ मंसीर मसान्तभित्र ठेक्का सूचना आव्हान गरिसक्नु पर्नेछ।

ग. आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत भएका ३ वर्षे, आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत भएका २ वर्षे र आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत भएका ३ वर्षे क्रमागत आयोजना वा कार्यक्रममध्ये बहुवर्षीय ठेक्का भई कार्यान्वयन भइरहेका आयोजनाको हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम तथा सालबसाली ठेक्का भई कार्यान्वयन भईरहेका स्थानीय तहका क्रमागत आयोजनाको हकमा आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत अनुदानको रकम नयाँ ठेक्का आव्हान गरी कार्यान्वयन गर्नु पर्नेछ।

घ. समपूरक अनुदान स्वीकृत भई प्रदेश र स्थानीय तहबाट उपभोक्ता समितिबाट कार्यान्वयन भइरहेका क्रमागत आयोजनाको हकमा समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन), २०८२ को दफा १२ को उपदफा (२) बमोजिम आर्थिक वर्ष २०८२/८३ मा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम खरिद प्रकिया अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

ङ. प्रदेश तथा स्थानीय तहले आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएका भएका नयाँ आयोजना वा कार्यक्रमको हकमा अनुसूची - ४ बमोजिम (शर्त पूरा भएको प्रमाणित गर्ने फाराम) ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत लागत अनुमान/विस्तृत अध्ययन प्रतिवेदन (DPR/DER) र वातावरणीय अध्ययन प्रतिवेदन (BES/IEE/EIA)

लगायतका कागजातहरू ठेक्का प्रकृयामा जानुपूर्व समपूरक अनुदान सम्बन्धी विद्युतीय प्रणाली (www.csgrants.gov.np) मा अनिवार्य प्रविष्टि गर्नुपर्नेछ।

च. समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ७ को उपदफा (७) र (८) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा (LMBIS) मा प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित प्रदेश वा स्थानीय तहले पेश गर्न बाँकी कागजातहरू पेश गरेपछि फुकुवा हुने गरी हाललाई रोक्का हुनेछ।

छ. स्थानीय तहका स्वीकृत समपूरक अनुदानका अधुरा आयोजनाहरू आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्ने सुनिश्चितताका आधारमा मात्र निकासा गर्नुपर्नेछ।

**आ. छनोट गरिएका आयोजना वा कार्यक्रमको विवरण**

क. आर्थिक वर्ष २०८२/८३ का लागि समपूरक अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट माग/प्रस्ताव भएका नयाँ, क्रमागत तथा अधुरा आयोजना वा कार्यक्रमको सम्बन्धमा समपूरक अनुदानका लागि प्रदेशतर्फ रू. ६ अर्ब २६ करोड ८२ लाख र स्थानीय तहतर्फ रू. ७ अर्ब ७ करोड ७० लाख गरी कूल रकम रू. १३ अर्ब ३४ करोड ५२ लाखको बजेट सीमा अनुसार कूल ९८२ आयोजना वा कार्यक्रममा रू. १३ अर्ब ३४ करोड ५२ लाख रकम विनियोजन सहित समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा ७ को उपदफा (५) बमोजिम अर्थ मन्त्रालयमा विवरण सहित जानकारी पठाउने र छनोट भएका आयोजना वा कार्यक्रमको विवरण दफा ८ को उपदफा (१) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टि गर्ने।

ख. आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेशबाट बजेट माग भएका २८ आयोजना वा कार्यक्रम मध्ये २६ वटा क्रमागत आयोजना वा कार्यक्रमका लागि रू. १ अर्ब ९१ करोड ५६ लाख विनियोजन सिफारिस गर्ने।

ग. आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेशबाट प्रस्ताव प्राप्त भएका ४३ आयोजना वा कार्यक्रम मध्ये पुनरावलोकन समितिले सिफारिस गरेको ४३ आयोजना वा कार्यक्रम छनोट भई सोका लागि रू. १ अर्ब ३६ करोड ५० लाख विनियोजन सिफारिस गर्ने।

घ. आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय तहबाट बजेट माग भएका २२७ आयोजना वा कार्यक्रम मध्ये आयोजना वा कार्यक्रम सिफारिस समितिले सिफारिस गरेको १९८ आयोजना वा कार्यक्रम र पुनरावलोकन तथा सिफारिस समितिले सिफारिस गरेको थप

२९ वटा गरी कुल २२७ वटा क्रमागत आयोजना वा कार्यक्रमका लागि रू. ३ अर्ब ५८ करोड १६ लाख विनियोजन सिफारिस गर्ने।

ङ. आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय तहबाट प्रस्ताव प्राप्त भएका १५४९ आयोजना वा कार्यक्रम मध्ये पुनरावलोकन तथा सिफारिस समितिले सिफारिस गरेको ६७८ वटा नयाँ आयोजना वा कार्यक्रम छनोट गरी सोका लागि रू. ६अर्ब ३४ करोड ३६ लाख विनियोजन सिफारिस गर्ने।

२. विशेष अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ को दफा ७ को उपदफा (४) बमोजिम गठित सिफारिस समितिले थप कार्यदिश बमोजिम मिति २०८१ चैत्र ३० गते आयोगमा पेश गरेको विश्लेषण सहितको प्रतिवेदन र पुनरावलोकन तथा सिफारिस समितिले पुनरावलोकनसहित २०८२ बैशाख २० गते पेश गरेको प्रतिवेदन समेतका आधारमा देहाय बमोजिम आयोजना वा कार्यक्रमगत शर्त तोकी उल्लिखित कार्यविधिको दफा ५ को उपदफा (७) अनुसार देहाय बमोजिम आयोजना वा कार्यक्रम छनोट गरी सोको विवरण सहितको जानकारी अर्थ मन्त्रालयमा पठाउने।

**अ. आयोजना वा कार्यक्रमगत शर्त**

क. आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएका विशेष अनुदानका सबै आयोजना वा कार्यक्रम र पूर्वाधार निर्माणसँग सम्बन्धित प्रदेश र स्थानीय तहका नयाँ आयोजनाको हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम ठेक्का व्यवस्थापनका कार्य गर्नुपर्नेछ।

ख. स्वीकृत भएका विशेष अनुदानका सबै आयोजना वा कार्यक्रम र पूर्वाधार निर्माणसँग सम्बन्धित प्रदेश र स्थानीय तहका नयाँ आयोजनाको हकमा विशेष अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ को दफा १६ बमोजिम २०८२ मंसीर मसान्तभित्र ठेक्का सूचना आव्हान गरिसक्नु पर्नेछ।

ग. आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत भएका ३ वर्षे, आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत भएका २ वर्षे र आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत भएका ३ वर्षे क्रमागत आयोजना वा कार्यक्रममध्ये बहुवर्षीय ठेक्का भई कार्यान्वयन भइरहेका आयोजनाको हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम तथा सालबसाली ठेक्का भई कार्यान्वयन भईरहेका स्थानीय तहका क्रमागत आयोजनाको हकमा आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत अनुदानको रकम नयाँ ठेक्का आव्हान गरी कार्यान्वयन गर्नु पर्नेछ।

घ. प्रदेश तथा स्थानीय तहबाट विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने सालवसाली सम्पन्न हुने प्रकृतिका नयाँ आयोजना वा कार्यक्रमको हकमा आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न हुने गरी प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम नयाँ खरिद प्रकृया अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

ङ. विशेष अनुदान स्वीकृत भई प्रदेश र स्थानीय तहबाट उपभोक्ता समितिबाट कार्यान्वयन भइरहेका आयोजनाको हकमा आर्थिक वर्ष २०८२/८३ मा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम खरिद प्रकृया अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

च. प्रदेश तथा स्थानीय तहले आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएका भएका नयाँ आयोजना/कार्यक्रमको हकमा अनुसूची-३ बमोजिमको कार्यक्रम सञ्चालन प्रस्ताव, अनुसूची-४ बमोजिम (शर्त पूरा भएको प्रमाणित गर्ने फाराम) ड्रइङ, डिजाइन, सपेशिफिकेसन सहितको विस्तृत लागत अनुमान/विस्तृत अध्ययन प्रतिवेदन (DPR/DER) र वातावरणीय अध्ययन प्रतिवेदन (BES/IEE/EIA) लगायतका कागजातहरू ठेक्का प्रकृयामा जानुपूर्व विशेष अनुदान सम्बन्धी विद्युतीय प्रणाली (www.csgrants.gov.np) मा अनिवार्य प्रविष्टि गर्नुपर्नेछ।

छ. विशेष अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ को दफा ५ को उपदफा (९) र (१०) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा (LMBIS) मा प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित प्रदेश वा स्थानीय तहले पेश गर्न बाँकी कागजातहरू पेश गरेपछि फुकुवा हुने गरी हाललाई रोक्का हुनेछ।

ज. स्थानीय तहका स्वीकृत विशेष अनुदानका अधुरा आयोजना आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्ने सुनिश्चितताका आधारमा मात्र निकासा गर्नुपर्नेछ।

**आ. छनोट गरिएका आयोजना वा कार्यक्रमको विवरण**

क. आर्थिक वर्ष २०८२/८३ का लागि विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट माग/प्रस्ताव भएका नयाँ, क्रमागत तथा अधुरा आयोजना वा कार्यक्रमको सम्बन्धमा विशेष अनुदानका लागि प्रदेशतर्फ रू. ४ अर्ब ४४ करोड ८४ लाख र स्थानीय तहतर्फ रू. ८ अर्ब ५९ करोड ३५ लाख गरी कूल रकम रू. १३ अर्ब ४ करोड १९ लाखको बजेट सिलिङ अनुसार कूल ८७१ आयोजना वा कार्यक्रममा रू. १३ अर्ब ४ करोड १९ लाखको रकम विनियोजन सहित आयोजना वा कार्यक्रम छनोट गरी विशेष अनुदान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२ को दफा ५ को उपदफा (७) बमोजिम अर्थ मन्त्रालयमा विवरण सहित जानकारी पठाउने र छनोट भएका आयोजना

वा कार्यक्रमको विवरण दफा ६ को उपदफा (१) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्टि गर्ने।

ख. आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेशबाट बजेट माग भएका २३ आयोजना वा कार्यक्रम मध्ये १८ वटा क्रमागत आयोजना वा कार्यक्रमका लागि रू.१ अर्ब ३० करोड २९ लाख विनियोजन सिफारिस गर्ने।

ग. आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेशबाट प्रस्ताव प्राप्त भएका ४६ आयोजना वा कार्यक्रम मध्ये आयोजना वा कार्यक्रम सिफारिस समितिले सिफारिस गरेको १९ आयोजना वा कार्यक्रम र पुनरावलोकन समितिले सिफारिस गरेको २२ आयोजना वा कार्यक्रम गरी कुल जम्मा ४१ वटा नयाँ आयोजना वा कार्यक्रम छनोट भइ सोका लागि रू.१ अर्ब ९६ करोड ३० लाख विनियोजन सिफारिस गर्ने।

घ. आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय तहबाट बजेट माग भएका १८९ आयोजना वा कार्यक्रम मध्ये आयोजना वा कार्यक्रम सिफारिस समितिले सिफारिस गरेको १८३ आयोजना वा कार्यक्रम र पुनरावलोकन समितिले समेत सोही बमोजिम सिफारिस गरेको १८३ वटा क्रमागत आयोजना वा कार्यक्रमका लागि रू. ३ अर्ब ४५ करोड ५९ लाख विनियोजन सिफारिस गर्ने।

ङ. आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय तहबाट प्रस्ताव प्राप्त भएका १५२७ आयोजना वा कार्यक्रम मध्ये पुनरावलोकन समितिले सिफारिस गरेको ५९९ वटा नयाँ आयोजना वा कार्यक्रम छनोट गरी सोका लागि रू. ५ अर्ब ९० करोड ४२ लाख विनियोजन सिफारिस गर्ने।

३. सङ्घीय संसदमा प्रस्तुत गरिने आगामी आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयकमा निम्न लिखित विषयलाई समावेश गर्न अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।

क. निर्णय नं. १ को (अ) को (च)

ख. निर्णय नं. २ को (अ) को (छ)

ग. एकै आर्थिक वर्षमा अध्ययन सम्पन्न गरी कार्यान्वयन गर्न सकिने आयोजनाहरूलाई कार्यान्वयनमा लैजान बाधा पर्नेछैन भन्ने वाक्यांश।

## बैठक मितिः २०८२/१/२३, बैठक संख्याः४३ कोछलफल तथा निर्णयहरूः

१. वन तथा वातावरण मन्त्रालयको च.नं. ३११, मिति २०८१/१२/२६ को प्राप्त पत्रानुसार प्रस्तावित तेश्रो राष्ट्रिय निर्धारित योगदान मस्यौदा (NDC३.०) लाई राय सुझावका लागि लेखी आएकोमा उक्त मस्यौदामा सम्बद्ध पक्षबाट भएको प्रस्तुत र आयोगको बैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी आयोगको राय सुझाव पठाउने।

## बैठक मितिः २०८२/२/९, बैठक संख्याः ४४ को छलफल तथा निर्णयहरूः

१. राष्ट्रिय स्रोत अनुमान समितिको बैठकबाट २०८१ माघ ३० मा निर्धारण भएको स्रोत अनुमान तथा खर्च सीमा भित्र रही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम तयार गरिएको आगामी मध्यमकालीन खर्च संरचना (आ.व. २०८२/८३-२०८४/८५) तथा वार्षिक विकास कार्यक्रम (आ.व.२०८२/८३) को मस्यौदा बारे बैठकमा प्रस्तुति एवम् जानकारी भयो।

२. आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादम्यता ल्याउन मध्यमकालीन खर्च संरचना (आ.व. २०८२/८३-२०८४/८५) को मस्यौदालाई अर्थ मन्त्रालयको मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भए अनुसारको आगामी आ.व. २०८२/८३ को प्रस्तावित कुल रकम, बजेट उपशीर्षक नं. तथा सो अनुसारको कार्यक्रम तथा आयोजनाको नाम तथा बजेट रकम, वित्तीय हस्तान्तरण रकम, नतिजा सूचक तथा लक्ष्य लगायतका मध्यमकालीन खर्च संरचनासँग सम्बन्धित विवरण अर्थ मन्त्रालयबाट प्राप्त भएबमोजिम आवश्यक परिमार्जन गरी आयोगको पूर्ण बैठकमा पेश गर्ने। यसको लागि आर्थिक व्यवस्थापन महाशाखाले मध्यमकालीन खर्च संरचना व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरी मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई आवश्यक परिमार्जन तथा सम्पादन गर्ने।

३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं. सु.प्र.का./१८९५, मिति २०८१/११/१३ को को प्राप्त पत्रानुसार मन्त्रालयले तयार गरेको राष्ट्रिय आर्टिफिसियल ईन्टेलिजेन्स नीति, २०८१ को मस्यौदालाई राय/प्रतिक्रियाका लागि लेखी आएकोमा उक्त मस्यौदामा सम्बद्ध पक्षबाट भएको प्रस्तुत र आयोगको बैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी आयोगको राय/प्रतिक्रिया पठाउने।

४. युवा तथा खेलकुद मन्त्रालयको च.नं. ५५२, मिति २०८१/११/१३ को को प्राप्त पत्रानुसार राष्ट्रिय युवा नीति, २०८१ को मस्यौदालाई राय/सुझावका लागि लेखी आएकोमा उक्त मस्यौदामा सम्बद्ध पक्षबाट भएको प्रस्तुत र आयोगको बैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी आयोगको राय/सुझाव पठाउने।

## बैठक मितिः २०८२/२/१३, बैठक संख्याः ४५ को छलफल तथा निर्णयहरूः

१. राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ (संशोधन सहित) को दफा १९ बमोजिम सिफारिस समितिबाट पेश गरिएको आयोजनाको विवरण वारे जानकारी भयो।

२. आयोगको मिति २०८१ चैत्र ३१ गतेको निर्णयानुसार आयोजनाहरू राष्ट्रिय आयोजना बैंक प्रणाली (NPBMIS) मा प्रविष्टि गर्ने समयावधि २०८२ जेठ १३ गतेसम्म थप गरिएकोमा सो प्रविष्टि गर्ने प्रणाली मिति २०८२ साल जेठ १३ गते अपह्रान्न १७:०० बजे बन्द गर्ने।

## बैठक मितिः २०८२/२/१४, बैठक संख्याः ४६ को छलफल तथा निर्णयहरूः

१. राष्ट्रिय आयोजना बैंङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १९ बमोजिम आयोजना छनौटको लागि पेश भएका एक अर्ब भन्दा बढी लागतका ४० आयोजनाको विवरण बैठकमा प्रस्तुत भई जानकारी भयो। समितिबाट प्रस्तुत भएका उक्त ४० आयोजनाहरू राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा प्रविष्टि गर्ने प्रयोजनको लागि मापदण्डको दफा १७ को उपदफा (५) बमोजिम छनौट गर्ने र प्रणालीमा प्रमाणित गर्नका लागि आयोजना बैंक सचिवालयलाई निर्देशन दिने।

२. राष्ट्रिय आयोजना बैंङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १७ बमोजिम आयोजना बैंकमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट पेश भएका रु एक अर्ब भन्दा कम लागतका आयोजनाको सन्दर्भमा आयोजना बैंक हेर्ने सम्बन्धित माननीय सदस्य मार्फत बैठकमा जानकारी भयो।

३. पेश भएका रु. एक अर्ब भन्दा कम लागतका नयाँ र क्रमागत दुवै गरी १६६ र अध्ययनका लागत नखुलेका ६४ आयोजनाहरू सम्बन्धित मन्त्रालय तथा निकायलाई पेश हुनुपर्ने आवश्यक कागजात पेश गर्न लगाई पेश भए पश्चात आयोजना बैंक हेर्ने सम्बन्धित माननीय सदस्यबाट स्वीकृत गराई आयोजना बैंक सचिवालयले प्रणालीमा प्रमाणित गर्ने।

## राष्ट्रिय योजना आयोगको पूर्ण बैठक

## २०८२/०२/१५

## छलफल एवम् निर्णय

१. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ को उपदफा (१) बमोजिम नेपाल सरकारले राजस्व र व्ययको अनुमान साथ सोही ऐनको दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना संसदमा प्रस्तुत गर्नुपर्ने एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा (१३) को खण्ड (ख) बमोजिम अर्थ मन्त्रालयले राजस्व र व्ययको अनुमान साथ मध्यमकालीन खर्च संरचना समावेश गर्नुपर्ने व्यवस्था बमोजिम सोही ऐनको दफा (६) अनुसार राष्ट्रिय योजना आयोगले तयार गरेको त्रिवर्षीय मध्यमकालीन

खर्च संरचना (आ.व. २०८२/८३-२०८४/८५) तथा आ.व. २०८२/८३ को वार्षिक विकास कार्यक्रम स्वीकृत गर्ने।

२. बजेट तर्जुमा प्रक्रियालाई थप प्रभावकारी बनाउन सार्वजनिक वित्त व्यवस्थापन सुधारको औजारको रूपमा रहेको मध्यमकालीन खर्च संरचनालाई अर्थ मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय स्रोत अनुमान समितिबाट निर्धारित स्रोत अनुमान तथा खर्च सीमाको आधारमा तयार गरी आगामी आर्थिक वर्षदेखि आय र व्ययको अनुमान तयार हुनु अगावै अन्तिम रूप दिई अर्थ मन्त्रालयमा पठाउन आवश्यक तयारी गर्ने।

**बैठक मितिः २०८२/२/२५, बैठक संख्याः ४८ को छलफल तथा निर्णयहरूः**

१. राष्ट्रिय आयोजना बैक (कार्य सञ्चालन तथा ब्यवस्थापन) मापदण्ड, २०८१ को दफा १८ अनुसारका ठूला आयोजनाको परीक्षण एवम् छनौट सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सम्बन्धमा देहाय बमोजिमको थप ब्यवस्था मापदण्डको अनुसूची ३ हुने गरी स्वीकृत गर्ने।

**अनुसूची ३**

आयोजना बैक (कार्य सञ्चालन तथा ब्यवस्थापन) मापदण्ड, २०८१ को दफा १८ सँग सम्बन्धित ठुला आयोजनाको परिक्षण एवम् छनौट सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सम्बन्धी थप ब्यवस्था सम्बन्धित मन्त्रालयले आयोजना बैक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १८ बमोजिमका ठुला पूर्वाधार आयोजनाहरू राष्ट्रिय आयोजना बैंक प्रणालीमा प्रविष्टि गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

ठुला आयोजना प्रविष्टि गर्दा पेश गर्नुपर्ने कागजात: (१) सम्बन्धित मन्त्रालय वा निकायले ठुला पूर्वाधार आयोजना प्रविष्टि गर्दा देहायका कागजातहरू अनिवार्य पेश गर्नु पर्नेछ।

क) आयोजनाको पूर्व सम्भाव्यता अध्ययन वा सम्भाव्यता अध्ययन प्रतिवेदन

ख) पूर्वाधार आयोजनाको हकमा विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत ईन्जिनियरिङ्ग डिजाईन वा गैर पूर्वाधार आयोजनाको हकमा स्वीकृत परियोजना प्रस्ताव (प्रतिवेदनमा आयोजनाको सर्वे, ईन्जिनियरिङ्ग डिजाईन, प्राविधिक पुनरावलोकन र विश्लेषण, बजेटरी प्रभाव, संस्थागत र व्यवस्थापकीय प्रबन्ध तथा दिगोपना समेत खुलाउनु पर्नेछ)

ग) प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन

घ) आयोजना कार्यान्वयन कार्ययोजना

ङ) आयोजनाको वार्षिक खरीद योजना

च) आयोजनाको लागि जग्गा अधिग्रहण वा वस्ती स्थान्तरण गर्नुपर्ने भए सोको स्वीकृत कार्ययोजना

(२) सम्बन्धित मन्त्रालय वा निकायले प्रकरण (१) बमोजिमका कागजातहरू मापदण्डको अनुसूची-२ बमोजिमको फाराम अनुसार मन्त्रालय सचिवस्तरबाट प्रमाणित गरी राष्ट्रिय आयोजना बैंकको विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

१. ठुला आयोजनाको पहिचान: सम्बन्धित मन्त्रालय वा निकायले ठुला आयोजनाहरूको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय पक्ष विश्लेषण गरी पहिचान समेत गर्नु पर्नेछ।

२. आयोजना प्रस्तावको परिक्षण: (१) आयोजना बैकमा प्रविष्टिका लागि सम्बन्धित मन्त्रालय वा निकायबाट पेश भएका ठुला आयोजनाको प्रस्तावको परीक्षण सिफारिश समितिले माथी प्रकरण (१) र मापदण्डको अनुसूची-२ बमोजिमको चेकलिष्टको आधारमा गर्नेछ।

२. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. २५२, मिति २०८१/१०/७ को प्राप्त पत्रानुसार Improvement of Healthcare Services including Cancer Care by Consturcting Binayatara Cancer Hospital २०० beds Hospital in Janakpurdham, Madhesh Province नामक परियोजना प्रस्तावमा समावेश गरिएका क्रियाकलापहरूका सम्बन्धमा राय/सुझावका लागि लेखी आएकोमा उक्त परियोजना प्रस्तावका क्रियाकलापहरूमा सम्बद्ध पक्षबाट भएको प्रस्तुत र आयोगको बैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी आयोगको राय/सुझाव पठाउने।

३. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. १०४, मिति २०८१/१०/९ को प्राप्त पत्रानुसार मानव बेचबिखन विरुद्धको राष्ट्रिय नीति, २०८१ को मस्यौदालाई राय/सुझावका लागि लेखी आएकोमा उक्त मस्यौदामा सम्बद्ध पक्षबाट भएको प्रस्तुत र आयोगको बैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी आयोगको राय/सुझाव पठाउने।

४. स्वाथ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १३२, मिति २०८२/२/६ को प्राप्त पत्रानुसार राष्ट्रिय जनसंख्या नीति, २०८२ को मस्यौदालाई राय/सुझावका लागि लेखी आएकोमा उक्त मस्यौदामा सम्बद्ध पक्षबाट भएको प्रस्तुत र आयोगको बैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी आयोगको राय/सुझाव पठाउने।

## बैठक मितिः २०८२/२/२९, बैठक संख्याः ४९ को छलफल तथा निर्णयहरूः

१. राष्ट्रिय योजना आयोगको आयोजनामा हुने ५४ औं राष्ट्रिय विकास समस्या समिति (National Development Action Committee – NDAC) बैठक सम्बन्धमा सवै मन्त्रालयहरूसँग आर्थिक वर्ष २०८१/८२ को जेष्ठ मसान्तसम्मको लक्ष्य र प्रगतिको

समिक्षा सहित विषय क्षेत्र/मन्त्रालय हेर्ने माननीय उपाध्यक्षज्यू/सदस्यज्यूको संयोजकत्वमा पूर्व तयारी बैठक गर्ने।

## बैठक मितिः २०८२/३/१२, बैठक संख्याः ५० को छलफल तथा निर्णयहरूः

१. यस आयोगको आयोजनामा हुने ५४ औं राष्ट्रिय विकास समस्या समिति (National Development Action Committee – NDAC) को बैठक मिति २०८२/३/२७ गते गर्ने। उक्त बैठकको सम्बन्धमा आवश्यक तयारी आयोगबाट गर्ने।

## बैठक मितिः २०८२/३/१३, बैठक संख्याः ५१ को छलफल तथा निर्णयहरूः

१. मिति २०८२/३/२७ गते हुन गइरहेको ५४ औं राष्ट्रिय विकास समस्या समिति (National Development Action Committee - NDAC) को बैठकका सम्बन्धमा छलफल भयो। उक्त बैठकमा प्रस्तुत गर्ने प्रस्तावहरू आयोगका माननीय उपाध्यक्षज्यू र माननीय सदस्यज्यूहरूसँग समन्वय गरी महाशाखाहरूले तयार गर्ने।

## बैठक मितिः २०८२/३/१९, बैठक संख्याः ५२ को छलफल तथा निर्णयहरूः

१. अर्थ मन्त्रालयको च.नं.९०८, मिति २०८२/३/१७ को प्राप्त पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (संशोधन सहित) को दफा ६५ को उपदफा ३ बमोजिम अर्थ मन्त्रालयले तयार गरेको आयोजनाको बहुवर्षीय खरिदको लागि स्रोत सहमति प्रदान गर्ने सम्बन्धी मापदण्ड,२०८२ को मस्यौदालाई राय/सुझावका लागि लेखी आएकोमा उक्त मस्यौदामा आयोगको बैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी आयोगको राय/सुझाव पठाउने।

## बैठक मितिः २०८२/३/२६, बैठक संख्याः ५४ को छलफल तथा निर्णयहरूः

१. मिति २०८२/३/२७ गते हुन गइरहेको ५४ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा आयोगबाट प्रस्तुत हुने प्रस्तावहरू माथि आयोगका पदेन सदस्यहरू समेतको उपस्थितिमा छलफल भयो। आयोगको बैठकमा छलफल हुँदा पेश भएका उक्त प्रस्तावहरूलाई आवश्यक परिमार्जन गरी ५४ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुत गर्ने।

# अनुसूची – ७

## सोह्रौं योजनाको परिमाणात्मक लक्ष्य, उपलब्धी

### सुशासनका राष्ट्रिय लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | आ.व. २०८५/८६ को लक्ष्य | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | विधिको शासक सूचकाङ्क | सूचकाङ्क | ०.८० | ०.५२ | ०.५४ |
| २ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ६५ | ५२.० | ५५.० |
| ३ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ४३ | -०.५१ | -०.४५ |
| ४ | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०० | ०.५१२ | ०.५३१ |
| ५ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ८५ | ६०.० | ७०.० |
| ६ | अदालतमा दर्ता भएका मुद्दाको फछ्र्यौट | प्रतिशत | ७५ | ६४.० | ६७.० |
| ७ | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ९० | ८०.४ | ८२.० |
| ८ | बेरूजु (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ५.० | ११.० | ९.५ |
| ९ | राष्ट्रिय परिचय-पत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ९० | ८.६७ | ३०.० |
| १० | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | १०० | ७४.० | ८१.० |

## सामाजिक न्यायका राष्ट्रिय लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८५/८६ को लक्ष्य | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०० | ०.४३७ | ०.४८६ |
| २. | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.२८० | ०.३ | ०.२९१ |
| ३. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२२ | ०.२४ | २.२३५ |
| ४. | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.० | १.३ | १.२७ |
| ५. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६० | ३८.३ | ३८.० |
| ६. | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९६७ | ०.८८५ | ०.८९९ |
| ७. | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.२२५ | ०.४८७ | ०.४६२ |
| ८. | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १:१.२ | १.७ | १.६ |
| ९. | बाध्यकारी श्रमको दर (१५ वर्ष वा सोभन्दा माथि) | प्रतिहजार | ० | १.२ | १.० |
| १०. | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | ३५.० | २३.८ | २६.० |

**समृद्धिका राष्ट्रिय लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८५/८६ को लक्ष्य | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर | प्रतिशत | ७.३ | ३.३६ | ३.९९ |
| २. | प्रतिव्यक्ति आय | अमेरिकी डलर | २४१३ | १४६७ | १५१७ |
| ३. | गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १२.० | २०.२७ | २०.२७ |
| ४. | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ५.० | ५.४ | ५.३ |
| ५. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६५० | ०.६०५ | ०.६२२ |
| ६. | मानव सम्पत्ति सूचकाङ्क (HAI) | सूचकाङ्क | ७८.० | ७७.५८ | ७८.२५ |
| ७. | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (EVI) | सूचकाङ्क | २४.० | २८.९६ | २७.६५ |
| ८. | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ८५.० | ७६.२ | ७७.५ |
| ९. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७३.० | ७१.० | ७१.० |
| १०. | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ९० | ७७.० | ६५.० |
| ११. | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | ४५ | २५.८ | २८.८ |
| १२. | बेरोजगारी दर | प्रतिशत | ५.० | १२.६ | १२.६ |
| १३ | श्रम उत्पादकत्व | रु. हजारमा | २७५ | २४५.० | २६०.० |
| १४ | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हेक्टर | ३.७ | ३.३ | ३.४ |
| १५ | बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ८५.० | ६३.० | ६९.० |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८५/८६ को लक्ष्य | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| १६ | सडक घनत्व | कि.मि. प्रति व.कि.मि. | ०.७७ | ०.६३ | ०.६५ |
| १७ | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | ११,७६९ | ३२४३.० | ३९६०.० |
| १८ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ७०० | ३५० | ४२० |
| १९ | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | १०० | ९७.० | ९७.१ |
| २० | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९०.० | ६९.२ | ७४.० |

*स्रोतः मध्यमकालीन खर्च संरचना, २०८२*

# अनुसूची - ८

## मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८२/८३-२०८४/८५)

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकारको अलावा सबै प्रदेश तथा स्थानीय तहको वार्षिक बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप आ.व.२०८२/८३ को लागि नेपाल सरकारको वार्षिक आय-व्ययको विवरण तर्जुमासँगै आ.व.२०८२/८३ देखि २०८४/८५ सम्म तीन आर्थिक वर्ष अवधिलाई समेटेर सोह्रौं योजना तथा दिगो विकास लक्ष्यसँग वस्तुगत रूपमा सामञ्जस्यता कायम गर्ने गरी कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको निश्चित मापदण्ड अवलम्बन गरिएको छ ।

**मध्यमकालीन आर्थिक तथा वित्त खाका**

सोह्रौं योजनामा उल्लेखित आर्थिक वृद्धिदरको लक्ष्य र अर्थतन्त्रको पछिल्लो अवस्थाका आधारमा आ.व. २०८२/८३ र त्यसपछिका दुई आर्थिक वर्षको आर्थिक वृद्धिदर लगायतका समष्टिगत अर्थतन्त्र एवम् क्षेत्रगत परिसूचकका लक्षित मान हासिल गर्न सहयोग पुग्ने गरी समष्टिगत आर्थिक तथा वित्त खाका तयार गरिएको छ । यो खाका तर्जुमा गर्दा उच्च आर्थिक वृद्धि; सार्वजनिक वित्तको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन; निजी तथा सहकारी क्षेत्रको लगानी; उत्पादन र रोजगारीमा प्रोत्साहनसहित समष्टिगत आर्थिक स्थायित्व र समतामूलक वितरण प्रणाली कायम गर्न जोड दिइएको छ ।

आर्थिक वर्ष २०६७/६८ मा १५ खर्ब ५९ अर्ब रहेको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) को १५ वर्ष अवधिमा झण्डै पाँच गुणाले बढेर आ.व. २०८१/८२ मा ६१ खर्ब ७ अर्ब पुगेको छ । यस अवधिमा कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर सबै भन्दा धेरै आ.व. २०७३/७४ मा ८.९८ प्रतिशत पुगेको थियो भने सबै भन्दा कम आ.व. २०७६/७७ मा -२.३७ प्रतिशतमा सिमीत भई औषत ४.३० प्रतिशत रहन गयो । विगत १५ वर्षमा नेपालीको प्रतिव्यक्ति आय ८१८ अमेरिकी डलरबाट वढेर १५१७ अमेरिकी डलर पुगेको छ । कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचनामा समेत उल्लेख्य परिवर्तन आएको छ । प्राथमिक क्षेत्रको हिस्सा एक तिहाईबाट घटेर एक चौथाइको हाराहारी कायम भएको छ । द्धितीय क्षेत्रको हिस्सा पनि क्रमिक रूपमा घटेर पछिल्लो समय कुल गार्हस्थ्य उत्पादनको १२.४ प्रतिशत कायम भएको छ भने सेवा क्षेत्रको अंश विस्तार हुँदै गएर ६२ प्रतिशत पुगेको छ । पछिल्लो समय आर्थिक वृद्धिमा विद्युत तथा ग्यास, निर्माण, आवास तथा भोजन सेवा, थोक तथा खुद्रा व्यापार, सार्वजनिक प्रशासन तथा रक्षा जस्ता क्षेत्रहरूको योगदान उल्लेख्य रहेको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत र उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । यस वर्ष अर्थतन्त्रका सबै क्षेत्रहरूको वृद्धिदर सकारात्मक देखिएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा ऋणात्मक रहेका उत्पादनमूलक उद्योग र निर्माण क्षेत्रमा चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिदेख उत्साहजनक वृद्धि देखिएको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा अन्तिम उपभोग खर्च कुल गार्हस्थ्य उत्पादनको ९३.४५ प्रतिशत हुने प्रारम्भिक अनुमान छ । कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.५५ प्रतिशत र कुल राष्ट्रिय बचत ३६.२४ प्रतिशत कायम हुने अनुमान छ।

आगामी तीन आर्थिक वर्षको अवधिमा आर्थिक वृद्धिदर औषत ७.१ प्रतिशत र उपभोक्ता मुद्रास्फिति ५.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

# तालिका नं. ८.१ : सार्वजनिक स्रोतको मध्यमकालीन लक्ष्य

| क्र.सं | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.३६ | ३.९९ | ६.०० | ७.६० | ७.९० |
| १.१ | प्राथमिक क्षेत्र | प्रतिशत | ३.३५ | ३.२५ | ३.७० | ४.०० | ३.९० |
| १.२ | द्वितीय क्षेत्र | प्रतिशत | -०.०३ | ४.६५ | ९.८ | ११.७० | ११.५० |
| १.३ | तृतीय क्षेत्र | प्रतिशत | ४.३५ | ४.२१ | ६.१० | ८.०० | ८.५० |
| २ | उपभोक्ता मुद्रास्फिति | प्रतिशत | ५.४ | ५.३ | ५.५ | ६.० | ६.० |
| ३ | कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | रु. अर्बमा | ५७०९.१ | ६१०७.२ | ६८२९.७ | ७७८९.९ | ८९०९.४ |
| ४ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४६७ | १५१७ | १६६० | १८५९ | २०८७ |
| ५ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च | प्रतिशत | ९३.७८ | ९३.४५ | ९३.०५ | ९२.५५ | ९२.१० |
| ६ | कुल गार्हस्थ्य बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ६.२२ | ६.५५ | ६.९५ | ७.४५ | ७.९० |

| क्र.सं | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ७ | कुल राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ३५.३९ | ३६.२४ | ३६.७५ | ३७.४० | ३८.९५ |
| ८ | कुल स्थिर पुँजी निर्माण (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | २४.३३ | २४.०७ | २४.८५ | २५.६५ | २६.५० |
| ९ | कुल लगानी (प्रचलित मूल्यमा) | रु. करोड | १७३५५३ | १७१३१० | १८८८२० | २३३६६१ | २६५८८६ |

*स्रोत: राष्ट्रिय स्रोत अनुमान समिति, २०८१*

## सरकारी वित्त

सरकारी वित्ततर्फ विगत एक दशकको अवस्था विश्लेषण गर्दा सरकारी खर्चमा भएको अधिक वृद्धिका कारण न्युन वित्त परिचालनको परिमाण उल्लेख्य वृद्धि भएको देखिन्छ। विगत दश वर्षमा राजस्वको वार्षिक औषत वृद्धिदर १४ प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनसँग राजस्वको अनुपात सो अवधिमा औषत १८.४ प्रतिशत रह्यो। सार्वजनिक खर्चतर्फ यस अवधिमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको वार्षिक औषत वृद्धिदर क्रमश: १२.१ प्रतिशत, ११.१ प्रतिशत र १५.१ प्रतिशत सहित कुल खर्च औषतमा १२.५ प्रतिशतले वढेको देखिन्छ। पछिल्लो समय पुँजीगत खर्च भन्दा चालु खर्चको परिमाण झण्डै चार गुणाले अधिक रहेको छ। साँवा भुक्तानीको कारण वित्तीय व्यवस्थातर्फको खर्च समेत वृद्धि हुँदै गएर चालु आर्थिक वर्ष २०८१/८२ मा पहिलो पटक पुँजीगत विनियोजन तथा खर्च भन्दा अधिक रहन गयो। विगत १० वर्षमा सार्वजनिक ऋण वार्षिक औषतमा १६.१ प्रतिशतले वृद्धि भई कुल भुक्तानी गर्न बाँकी ऋण आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनको ४२.६ प्रतिशत कायम भएको छ। यस वर्षसम्ममा भुक्तानी गर्न बाँकी आन्तरिक ऋण र बाह्य ऋण कुल गार्हस्थ्य उत्पादनको क्रमश: २०.७ प्रतिशत र २२.० प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल रु. ३ खर्ब ५८ अर्ब २ करोड आन्तरिक

तथा वैदेशिक ऋण प्राप्त गरी रु. ३ खर्ब ५ अर्ब ३८ करोड ऋण सेवा खर्च (साँवा तथा ब्याज भुक्तानी) गर्दा ५२ अर्ब ८२ करोड मात्र खुद ऋण परिचालन भएको देखिन्छ।

**तालिका नं. ८.२: सार्वजनिक वितको मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | कुल राजस्वको वार्षिक वृद्धिदर | प्रतिशत | ७.१ | १८.९ | १६.९ | ९.५ | १४.५ |
| २ | कर राजस्व (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १६.२ | २०.३ | १९.४ | १८.६ | १८.६ |
| ३ | कुल सङ्घीय खर्च (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | २४.७ | २९.१८ | २८.८ | ३३.२ | ३३.० |
| ४ | कुल खर्चमा पुँजीगत खर्चको अनुपात | प्रतिशत | १८.१ | १७.७ | २०.८ | २२.५ | २४.९ |
| ५ | वार्षिक विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८०.४ | ८२.० | ८४.० | ८६.० | ८८.० |
| ६ | वार्षिक पुँजीगत विनियोजन र खर्चको अनुपात | प्रतिशत | ६३.५ | ७०.० | ७५.० | ७८.० | ८२.० |
| ७ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा भुक्तानी गर्न बाँकी ऋण | प्रतिशत | ४२.७ | ४२.० | ४१.२ | ४०.७ | ३९.८ |
| ८ | प्रतिव्यक्ति सार्वजनिक ऋण | रु. हजार | ८१.६ | ८७.२ | ९४.२ | १०५.४ | ११७.६ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ९ | कुल राजस्वको अनुपातमा आन्तरिक ऋण परिचालन (वार्षिक) | प्रतिशत | २९.६ | २६.० | २४.५ | २५.१ | २५.१ |
| १० | कुल स्थिर पुँजी निर्माणको अनुपातमा वैदेशिक ऋण (वार्षिक) | प्रतिशत | १८.४ | १५.९ | १९.० | २१.५ | २३.२ |
| ११ | कुल सङ्घीय राजस्वको अनुपातमा वित्त हस्तान्तरण | प्रतिशत | ३५.५ | ३०.८ | ३१.८ | ३२.७ | ३२.६ |
| १२ | कुल विनियोजनमा वित्त हस्तान्तरणको हिस्सा | प्रतिशत | २२.८ | २२.० | २१.३ | १८.३ | १८.३ |

## मध्यमकालीन नतिजा खाका

सोह्रौं योजनाले लिएका राष्ट्रिय लक्ष्य र विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका तयार गरिएको छ। विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त विवरण तथा विभिन्न स्रोतबाट उपलव्ध तथ्याङ्कको आधारमा आ.व. २०८०/८१ को यथार्थ र आ.व. २०८१/८२ को संशोधित उपलब्धि उल्लेख गरिएको छ। आगामी आ.व. २०८२/८३ का अनुमान तथा त्यसपछिका दुईवटा आर्थिक वर्षको लक्ष्य विषयगत मन्त्रालय तथा निकायहरूले उपलव्ध गराएको तथ्यांक तथा सोह्रौं योजनामा उल्लेख भएका मानसँग सामन्जस्य हुनेगरी प्रक्षेपण गरिएको छ। सुशासन, सामाजिक न्याय र समृद्धिका लक्ष्य तथा गन्तव्य सूचक ८.३, ८.४ र ८.५ तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका नं. ८.३: सुशासनका मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | विधिको शासक सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.५४ | ०.५५ | ०.५६ | ०.५८ |
| २ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५२.० | ५५.० | ५८.० | ६०.० | ६३.० |
| ३ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | -०.५१ | -०.४५ | -०.२५ | -०.१५ | ०.२५ |
| ४ | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१२ | ०.५३१ | ०.५५२ | ०.५७ | ०.५८७ |
| ५ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६०.० | ७०.० | ७५.० | ७६.० | ७८.० |
| ६ | अदालतमा दर्ता भएका मुद्दाको फछ्र्यौट | प्रतिशत | ६४.० | ६७.० | ६८.५ | ७१.० | ७३.५ |
| ७ | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८०.४ | ८२.० | ८४.० | ८६.० | ८८.० |
| ८ | बेरूजु (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ११.० | ९.५ | ८.० | ७.० | ६.० |
| ९ | राष्ट्रिय परिचय-पत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ८.६७ | ३०.० | ५०.० | ७५.० | १००.० |
| १० | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४.० | ८१.० | ८८.० | ९३.० | ९७.० |

## तालिका नं. ८.४: सामाजिक न्यायका मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४३७ | ०.४८६ | ०.५२५ | ०.५५७ | ०.५७६ |
| २ | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३ | ०.२९१ | ०.२८८ | ०.२८५ | ०.२८२ |
| ३ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | २.२३५ | ०.२३ | ०.२३१ | ०.२२३ |
| ४ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १.२७ | १.२५ | १.२३ | १.२१ |
| ५ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३८.३ | ३८.० | ४०.० | ४०.० | ४०.० |
| ६ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.८९९ | ०.९०९ | ०.९१ | ०.९२ |
| ७ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४८७ | ०.४६२ | ०.४५१ | ०.४४ | ०.३१२ |
| ८ | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १.७ | १.६ | १.५ | १.४ | १.३ |
| ९ | बाध्यकारी श्रमको दर (१५ वर्ष वा सोभन्दा माथि) | प्रतिहजार | १.२ | १.० | ०.७ | ०.५ | ०.३ |
| १० | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | २६.० | २८.५ | ३१.० | ३३.५ |

## तालिका नं. ८.५: समृद्धिका मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.३६ | ३.९९ | ६.० | ७.६ | ७.९ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४६७ | १५१७ | १६६० | १८५९ | २०८७ |
| ३ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.२७ | २०.२७ | १७.५ | १५.० | १३.० |
| ४ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ५.४ | ५.३ | ५.५ | ६.० | ६.० |
| ५ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०५ | ०.६२२ | ०.६३५ | ०.६४८ | ०.६५७ |
| ६ | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७७.५८ | ७८.२५ | ७८.७५ | ७९.४ | ८०.२१ |
| ७ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २८.९६ | २७.६५ | २७.१ | २६.४ | २५.५ |
| ८ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ७७.५ | ७९.० | ८२.१ | ८३.७ |
| ९ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.० | ७१.० | ७२.० | ७२.० | ७३.० |
| १० | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७.० | ६५.० | ८१.० | ८३.० | ८६.० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ११ | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | २८.८ | ३४.२ | ३८.८ | ४२.२ |
| १२ | बेरोजगारी दर | प्रतिशत | १२.६ | १२.६ | ११.१ | ९.७ | ८.१ |
| १३ | श्रम उत्पादकत्व | रु.हजारमा | २४५.० | २६०.० | २७०.० | २८०.० | २९०.० |
| १४ | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हेक्टर | ३.३ | ३.४ | ३.५ | ३.६ | ३.७ |
| १५ | सडक घनत्व | कि.मि. प्रति व.कि.मि. | ०.६३ | ०.६५ | ०.६८ | ०.७१ | ०.७५ |
| १६ | बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३.० | ६९.० | ७३.० | ७९.० | ८२.० |
| १७ | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | ३२४३.० | ३९६०.० | ४९०२.७६ | ५९११.८१ | ७१०२.६६ |
| १८ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३५० | ४२० | ४७० | ५१० | ५६० |
| १९ | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९७.० | ९७.१ | ९७.५ | ९८.० | ९८.५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २० | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ६९.२ | ७४.० | ७८.० | ८३.० | ८७.० |

## मध्यमकालीन बजेट खाका

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन आर्थिक वर्षका लागि माथि उल्लेखित आर्थिक तथा वित्त खाकामा तय गरिएका लक्ष्य हासिल गर्न आवश्यक पर्ने कुल खर्च र सोको पूर्ति गर्ने स्रोतको अनुमान गरेको छ । समितिबाट स्वीकृत गरिएको स्रोत र खर्चको त्रिवर्षीय वृद्धिदर र कुल गार्हस्थ्य उत्पादनसँग अनुपातको अनुमान देहायअनुसार उल्लेख गरिएको छ ।

### क) त्रिवर्षीय स्रोतको अनुमान (राष्ट्रिय स्रोत अनुमान समितिबाट निर्धारित)

सरकारी वित्तको स्रोततर्फ राजस्व, वैदेशिक अनुदान, वैदेशिक ऋण र आन्तरिक ऋणबाट प्राप्त हुने रकम समावेश गरिएको छ । विषयगत मन्त्रालय/निकायको लागि खर्च अनुमान र सोको पूर्ति गर्ने स्रोततर्फ नेपाल सरकार, वैदेशिक अनुदान र वैदेशिक ऋणगरी तीनवटा शीर्षकमा मात्र रकम उल्लेख गरिएको छ । नेपाल सरकार शीर्षकमा राजस्व र आन्तरिक ऋणबाट प्राप्त हुने रकम जोड गरेर उल्लेख गरिएको छ । आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले परिचालन गर्ने राजस्व १६.९ प्रतिशत, वैदेशिक सहायता ३८.४ प्रतिशत र आन्तरिक ऋण ११.८ ले वढ्ने अनुमान गरिएको छ । उल्लेखित स्रोतसहित नेपाल सरकारको कुल स्रोत १८.५ प्रतिशतले बढ्ने अनुमान छ । आयव्ययको अनुमान संसदमा पेश हुनु अगावै राष्ट्रिय स्रोत अनुमान समितिबाट निर्धारित आकडा भएकाले यी मानहरू बजेट बक्तव्यमा उल्लेखित मान भन्दा केहि फरक हुन सक्नेछन् ।

## तालिका ८.६ स्रोतको त्रिवर्षीय विनियोजन र प्रक्षेपणको वृद्धिदर (प्रतिशत)

| क्र.सं. | विवरण | २०८०/८१ को उपलब्धि | २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| १ | नेपाल सरकारले सङ्कलन गर्ने कुल राजस्व | ७.१ | १७.२ | १६.९ | ९.५ | १४.५ |
| १.१ | कर राजस्व | ९.१ | १९.६ | १७.५ | ९.२ | १४.४ |
| १.२ | गैरकर राजस्व | २४.६ | १४.६ | १९.० | ११.३ | १५.४ |
| २ | प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व | ३.६ | ११.७ | १७.५ | ९.२ | १४.४ |
| ३ | नेपाल सरकारले परिचालन गर्ने राजस्व | ७.६ | १७.९ | १६.८ | ९.६ | १४.५ |
| ४ | वैदेशिक सहायता | –२.६ | ४६.८ | ३८.४ | ९.८ | १३.७ |
| ४.१ | वैदेशिक अनुदान | ०.७ | ५४.६ | ५०.० | –१२.५ | ६.० |
| ४.२ | वैदेशिक ऋण | –३.३ | ४५.३ | ३६.० | १४.९ | १५.० |
| ५ | आन्तरिक ऋण | –८.४ | ४०.७ | ११.८ | १०.६ | १४.४ |
| ६ | नेपाल सरकारको कुल स्रोत | ३.३ | २५.० | १८.५ | ९.८ | १४.३ |

आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारले परिचालन गर्ने राजस्व कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २१.७ प्रतिशत, वैदेशिक सहायता ४.२ प्रतिशत र आन्तरिक ऋण ५.४ प्रतिशत रहने अनुमान गरिएको छ । समग्रमा नेपाल सरकारको कुल स्रोत कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २८.९ प्रतिशत रहने अनुमान छ ।

**ख) त्रिवर्षीय खर्चको अनुमान (राष्ट्रिय स्रोत अनुमान समितिबाट निर्धारित)**

नेपाल सरकारको कुल खर्चतर्फ चालु खर्च, पुँजीगत खर्च, वित्तीय व्यवस्था र वित्त हस्तान्तरणको रूपमा हुने विनियोजनको अनुमान तथा प्रक्षेपण गरिएको छ । सहजताका लागि विषयगत मन्त्रालय/निकायको हकमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था गरी तीनवटा शीर्षकमा मात्र रकम उल्लेख गरिएको छ । आर्थिक वर्ष २०८२/८३ मा चालु खर्च, पुँजीगत खर्च, वित्तीय व्यवस्था र वित्तीय हस्तान्तरण क्रमशः ११.० प्रतिशत, २८.५ प्रतिशत, १.३ प्रतिशत र १६.६ प्रतिशत सहित कुल खर्च १३.२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपित वृद्धिदर तलको तालिका ८.७ मा उल्लेख गरिएको छ ।

**तालिका ८.७ बजेटको त्रिवर्षीय विनियोजन र प्रक्षेपणको वृद्धिदर (प्रतिशत)**

| क्र.सं. | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| १ | चालु खर्च | ३.२ | ७.८ | ११.० | ७.६ | ८.४ |
| २ | पुँजीगत खर्च | -१८.३ | ५६.२ | २८.५ | ३२.० | ३०.० |
| ३ | वित्तीय व्यवस्था | ३५.६ | ३७.५ | १.३ | ८.४ | ६.२ |
| ३.१ | *साँवा भुक्तानी* | ४९.२ | ३३.६ | २.५ | ८.४ | ५.० |
| ३.२ | *लगानी* | -८.७ | ५९.० | -४.१ | ८.५ | १२.० |

| क्र.सं. | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| ४ | वित्त हस्तान्तरण | -१४.६ | ८.५ | १६.६ | ९.८ | १४.३ |
| **५** | **कुल** | **-०.९** | **२०.२** | **१३.२** | **१३.१** | **१४.३** |

आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा चालु खर्च, पुँजीगत खर्च, वित्तीय व्यवस्था र वित्तीय हस्तान्तरण क्रमशः १०.७ प्रतिशत, ५.६ प्रतिशत, ५.४ प्रतिशत र ६.३ प्रतिशत सहित कुल खर्च २८.१ प्रतिशत रहने अनुमान छ ।

**ग) त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण**

त्रिवर्षीय बजेट खाका निर्माण गर्दा समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन सोच, दिगो विकास लक्ष्यको मार्गचित्र, सोह्रौं योजना (आ.व.२०८२/८३-२०८४/८५) मा उल्लिखित सोच, उद्देश्य, समष्टिगत रणनीति तथा रूपान्तरणका क्षेत्र, सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त तथा प्राथमिकतालाई मुख्य आधार लिइएको छ। यसको अतिरिक्त समष्टिगत आर्थिक स्थायित्व तथा सार्वजनिक स्रोतको विनियोजन कुशलता र अनुमानयोग्यतालाई आधार लिइएको छ। हरेक क्षेत्रमा सुशासन कायम गरी वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, उच्च आर्थिक वृद्धि, जनताको जीवनस्तरमा सुधार तथा विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने विषयलाई जोड दिइएको छ। समष्टिगत नतिजा खाकामा उल्लेखित लक्ष्यका साथै विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्च अनुमान गरिएको छ।

सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना सम्बन्धी मापदण्ड बमोजिम सङ्घीय सरकारले सञ्चालन गर्ने आयोजनाको खाका तयार गरी सोको लागि आवश्यक पर्ने खर्च रकमको प्रक्षेपण गरिएको छ। राष्ट्रिय गौरवका आयोजना, प्रमुख कार्यक्रम र बहुवर्षीय ठेक्कामा गएका अन्य आयोजनाका लागि आवश्यक रकम सुनिश्चित (एयरमार्क) हुने गरी विषय क्षेत्रगत बजेट खाका निर्माण गरिएको छ। आपसी अन्तरसम्बन्ध रहेका कार्यक्रम तथा आयोजनाबाट सिर्जना हुने समन्वयात्मक अतिरिक्त लाभ प्राप्त गर्न एवम् विरोधाभाष न्युन गर्न सहयोग पुग्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन तथा प्रक्षेपण गरिएको छ। क्रमागत कार्यक्रम तथा आयोजनाको कार्यान्वयन

अवस्था र आगामी वर्षहरूका लागि सोह्रौं योजनाको कार्यान्वयन योजनाका आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । कार्यान्वयनको अवस्था, आयोजना अवधि, सिर्जित दायित्व तथा खर्च हुन सक्ने अवस्था अनुसार क्रमागत कार्यक्रम तथा आयोजनाको पुनःप्राथमिकीकरण गरी विनियोजनको प्राथमिकता निर्धारणमा जोड दिइएको छ । क्रमागत कार्यक्रम तथा आयोजनाको विश्लेषण तथा पुनरावलोकन गरी उच्च प्राथमिकताका कार्यक्रम तथा आयोजनाको कार्यान्वयनलाई तिब्रता दिने र रुग्ण एवम् न्युन प्राथमिकताका कार्यक्रम तथा आयोजनालाई अवस्थाअनुसार न्युन विनियोजन वा स्थगन गर्नेगरी बजेट अनुमान गरिएको छ ।

मध्यमकालीन स्रोत अनुमान गर्दा अन्तर्राष्ट्रिय परिवेश, राजस्व परिचालनको विगतको प्रवृत्ति, आगामी आर्थिक वर्षको सम्भावित परिदृष्य, वैदेशिक स्रोत परिचालनमा हुँदै आएको क्रमिक न्यूनता र आन्तरिक तथा बाह्य ऋण भुक्तानीको चाप एवम् आयात व्यवस्थापन तथा मूल्य स्थिरता कायम गर्दा पर्नसक्ने मौद्रिक नीतिको असर, स्रोतको प्राथमिकीकरण र पुनःप्राथमिकीकरणको आवश्यकता लगायतका पक्षलाई विशेष ध्यान दिइएको छ । संघबाट संकलन भएको मूल्य अभिवृद्धि कर, आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क र रोयल्टीतर्फको राजस्वको परिमाणलाई मध्यनजर गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा रहेको प्रावधान बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने रकम घटाएर मात्र सङ्घीय राजस्वको अनुमान तयार गरिएको छ । वैदेशिक सहायता अनुमान गर्दा दातृ राष्ट्र वा संस्थासँग भएको सम्झौता वा प्रतिबद्धतालाई आधार लिइएको छ । नेपाल सरकारले लिन सक्ने आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको निर्धारित सीमाभित्र राखिएको छ ।

**तालिका ८.८ त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रू. लाखमा)**

| क्र. सं. | विवरण | २०८०/८१को यथार्थ | २०८१/८२को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ को अनुमान | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण |
| बजेट अनुमान | | | | | | |
| १ | चालु खर्च | ५८९७०३० | ६४८३६०८ | ७६३१५५० | ७८७४०६७ | ८५३११५९ |
| २ | पुँजीगत खर्च | १९२०२७४ | २९३९०३६ | ४०७८८८० | ४७९३५२५ | ५९८९५६४ |

| क्र. सं. | विवरण | २०८०/८१को यथार्थ | २०८१/८२को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ को अनुमान | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण |
| ३ | वित्तीय व्यवस्था | २७२२४७७ | ३५८५२६२ | ३७५२४२० | ३९०१३८१ | ४१७१४८५ |
| ४ | वित्त हस्तान्तरण | ३३९४२३६ | ३६१५७४६ | ४१७८२५० | ४७१६७८१ | ५३९१२८१ |
| | जम्मा | १३९३४०१७ | १६६२३६५२ | १९६४११०० | २१२८५७५४ | २४०८३४८९ |
| | **स्रोत अनुमान** | | | | | |
| १ | नेपाल सरकार | ११९०३८०४ | १४६८८७१० | १६७७०००० | १८१२७६७८ | २०४७८७२२ |
| २ | वैदेशिक अनुदान | २३२८८८ | २३८९४६ | ५३४४६९ | ४७०८७२ | ५००४०० |
| ३ | वैदेशिक ऋण | ११९०५८१ | १६९५९९६ | २३३६६३१ | २६८७२०३ | ३१०४३६७ |
| | जम्मा | १३३२७२७३ | १६६२३६५२ | १९६४११०० | २१२८५७५३ | २४०८३४८९ |
| | बजेट सन्तुलन बचत (-), न्यून (+) | ६०६७४४ | ० | ० | ० | ० |

*पुनश्चः *प्रदेश र स्थानीय तहमा हुने वित्त हस्तान्तरणको रकममा सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्वको परिमाण समावेश गरिएको छ।*

***सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व तथा प्रदेश र स्थानीय तहका अधिकार क्षेत्रभित्र परिचालन हुने राजस्व रकम समावेश गरिएको छैन।*

*नोट: आर्थिक वर्ष २०८०/८१ को यथार्थ र आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमानमा सम्पन्न तथा खारेज भएका आयोजना/कार्यक्रमको रकम समावेश गरिएको छैन।*

माथि उल्लिखित आधारमा आगामी तीन वर्षको कुल विनियोजन तथा प्रक्षेपण रु. ६५ खर्ब १ अर्ब रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु. ३८ खर्ब ३२ अर्ब, पुँजीगत खर्च रु. १४ खर्ब ८६ अर्ब र वित्तीय व्यवस्थातर्फ रु. ११ खर्ब ८२ अर्ब विनियोजन गर्नुपर्ने अनुमान गरिएको छ। स्रोत परिचालनतर्फ अर्थतन्त्रको अवस्था तथा खर्च आवश्यकताको आधारमा नेपाल सरकारको वित्तीय दायरालाई समेत मध्यनजर गरी स्रोत अनुमान तथा प्रक्षेपण गरिएको छ। यसअनुसार नेपाल सरकार (राजस्व र आन्तरिक ऋण) बाट रु. ५५ खर्ब ३७ अर्ब र वैदेशिक सहायताबाट रु. ९ खर्ब ६३ अर्ब व्यहोरिने अनुमान छ।

बजेट अनुमान तथा प्रक्षेपणका आधारमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा नेपाल सरकारको बजेटको तुलना तालिका ८.९ मा प्रस्तुत गरिएको छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बजेटको आकार सामान्य रूपमा बढ्न गए तापनि आन्तरिक ऋण बान्छित सीमाभित्रै रहने अनुमान गरिएको छ।

**तालिका ८.९: बजेटको त्रिवर्षीय विनियोजन र प्रक्षेपणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात (प्रतिशत)**

| क्र.सं. | विवरण | २०८०/८१को यथार्थ | २०८१/८२को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ को अनुमान | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण |
| **बजेट अनुमान** | | | | | | |
| १ | चालु खर्च | १४.० | १६.० | १७.० | १६.० | १५.० |
| २ | पुँजीगत खर्च | ६.० | ५.० | ६.० | ६.० | ७.० |
| ३ | वित्तीय व्यवस्था | ६.० | ५.० | ५.० | ५.० | ५.० |
| **स्रोत अनुमान** | | | | | | |
| १ | नेपाल सरकार | २४.० | २३.० | २४.० | २३.० | २३.० |

| क्र.सं. | विवरण | २०८०/८१को यथार्थ | २०८१/८२को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ को अनुमान | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण |
| २ | वैदेशिक अनुदान | ०.० | १.० | १.० | १.० | १.० |
| ३ | वैदेशिक ऋण | १.० | २.० | ३.० | ३.० | ३.० |

### घ) अन्तरसरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण

संवैधानिक व्यवस्था एवम् प्रचलित कानुन अनुसार नेपाल सरकारले प्रदेश र स्थानीय तहमा चार किसिमका अनुदानमार्फत वित्त हस्तान्तरण गर्दै आएको छ। आगामी आर्थिक वर्षका लागि वित्त हस्तान्तरण वापत प्रदेश र स्थानीय तहमा जाने रकमको अनुमान तथा प्रक्षेपण गर्दा विगत वर्षहरूमा भएको हस्तान्तरणको प्रवृत्ति तथा आगामी आर्थिक वर्षहरूको खर्च आवश्यकतालाई आधार मानिएको छ । वित्त हस्तान्तरणका लागि आ.व. २०८२/८३ मा रु. ४ खर्ब १३ अर्ब विनियोजन भएको तथा आ.व. २०८३/८४ मा रु. ४ खर्ब ७१ अर्ब र आ.व. २०८४/८५ मा रु. ५ खर्ब ३९ अर्ब प्रक्षेपण गरिएको छ। यस अनुसार आ.व. २०८२/८३ को विनियोजन र तत् पश्चातका दुई वर्षको प्रक्षेपण तालिका ८.१० मा प्रस्तुत गरिएको छ। प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ८.११ मा प्रस्तुत गरिएको छ।

**तालिका ८.१०: कुल वित्तीय हस्तान्तरणको त्रिवर्षीय व्यय अनुमान तथा प्रक्षेपण (रू.लाखमा)**

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | कुल हस्तान्तरण |
|---|---|---|---|---|---|
| आ.व २०८२/८३ को प्रक्षेपण | १४९६२८० | २४१८०९९ | १३३४५२ | १३०४१९ | ४१७८२५० |
| आ.व.२०८३/८४ को प्रक्षेपण | १७०७२५६ | २७०८४४८ | १५२२६९ | १४८८०८ | ४७१६७८१ |

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | कुल हस्तान्तरण |
|---|---|---|---|---|---|
| आ.व.२०८४/८५ को प्रक्षेपण | १९५१३९३ | ३०९५७५७ | १७४०४४ | १७००८७ | ५३९१२८१ |

**तालिका ८.११: प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको त्रिवर्षीय व्यय अनुमान तथा प्रक्षेपण (रू. लाखमा)**

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक विशेष अनुदान | विशेष अनुदान | कुल हस्तान्तरण |
|---|---|---|---|---|---|
| **प्रदेश** | | | | | |
| आ.व. २०८२/८३ को विनियोजन | ६०६६०० | ३०३५३९ | ३२८०६ | ३२६५९ | ९७५६०४ |
| आ.व. २०८३/८४ को प्रक्षेपण | ६९२१३१ | २९८२०१ | ७१५२० | ५०७५६ | १११२६०८ |
| आ.व.२०८४/८५ को प्रक्षेपण | ७९११०५ | ३४०८४४ | ८१७४८ | ५८०१४ | १२७१७१२ |
| **स्थानीय तह** | | | | | |
| आ.व. २०८२/८३ को विनियोजन | ८८९६८० | २११४५६० | १००६४६ | ९७७६० | ३२०२६४६ |
| आ.व. २०८३/८४ को प्रक्षेपण | १०१५१२५ | २४१०२४७ | ८०७४९ | ९८०५२ | ३६०४१७३ |
| आ.व. २०८४/८५ को प्रक्षेपण | ११६०२८८ | २७५४९१३ | ९२२९६ | ११२०७३ | ४११९५६९ |

# अनुसूची - ९

## आर्थिक वर्ष २०८२/८३ को विकास कार्यक्रम तथा बजेटको बाँडफाँट

आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन हुने साधारण खर्च तथा विकास आयोजना र कार्यक्रमका लागि बजेट एवम् प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने अनुदानको बाँडफाँट देहाय अनुसार रहेको छ।

**क. साधारण तथा विकास कार्यक्रम विनियोजित बजेट**

आ.व. २०८२/८३ को लागि प्रस्तावित बजेटको साधारण खर्च, विकास कार्यक्रम तथा वित्तीय हस्तान्तरण वर्गीकरण अनुसारको विनियोजित रकम तालिका ९.१ मा उल्लेख गरिएको छ।

**तालिका ९.१: साधारण र विकास बजेट रकम (रू. लाखमा)**

| क.सं. | खर्च | २०८०/८१ को यथार्थ | | २०८१/८२ को संशोधित अनुमान | | २०८२/८३ को विनियोजन | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | साधारण | १११५८४७३ | ८०.१ | १२५५८३८५ | ७५.५ | १४४९८७०५ | ७३.८ |
| २ | विकास कार्यक्रम | २७७५५४४ | १९.९ | ४०६५२६७ | २४.५ | ५१४२३९५ | २६.२ |
| | जम्मा | १३९३४०१७ | १००.० | १६६२३६५२ | १००.० | १९६४११०० | १००.० |

**ख. खर्चका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

आ.व. २०८२/८३ को लागि प्रस्तावित विकास कार्यमा विनियोजित बजेटको चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको लागि रकमको बाँडफाँट सम्बन्धी विवरण तालिका ९.२ मा उल्लेख गरिएको छ। विकास कार्यक्रममा साधारण खर्च तथा प्रदेश र स्थानीय तहलाई प्रदान

गरिएको वित्तीय समानीकरण तथा सशर्त अनुदान समावेश गरिएको छैन। विकास कार्यक्रमको विषय क्षेत्रगत विवरण अनुसूची ९.२ तथा संरचनात्मक रूपान्तरणका क्षेत्र, प्राथमिकता क्रम, दिगो विकास लक्ष्य संकेत, लैङ्गिक संकेत र जलवायु संकेतका आधारमा विस्तृत विवरण अनुसूची ९.२ देखि ९.७ सम्म प्रस्तुत गरिएको छ।

**तालिका ९.२: चालु, पुँजीगत र वित्तीय व्यवस्थाको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट (रू. लाखमा)**

| क्र.सं. | खर्च | बजेट | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | चालु खर्च | १२०२६२७ | २३.३९ |
| २ | पुँजीगत खर्च | ३२१२१२१ | ६२.४६ |
| ३ | वित्तीय व्यवस्था | ७२७६४७ | १४.१५ |
| | जम्मा | **५१४२३९५** | **१००.००** |

**ग. संरचनात्मक रूपान्तरणका क्षेत्रको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

सोह्रौं योजनाका संरचनात्मक रूपान्तरणका क्षेत्रको आधारमा आ.व. २०८२/८३ का लागि विनियोजित बजेटको विवरण तालिका ९.३ मा उल्लेख गरिएको छ। संरचनात्मक रूपान्तरणका क्षेत्रको आधारमा बजेट अनुमान तयार गर्दा प्रदेश र स्थानीय तहमा प्रदान गरिएको समपूरक अनुदान तथा विशेष अनुदानलाई समावेश गरिएको छैन।

## तालिका ९.३ः संरचनात्मक रूपान्तरणका क्षेत्रको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट (रू. लाखमा)

| संकेत | संरचनात्मक रूपान्तरणको क्षेत्र | कार्यक्रम/ आयोजना संख्या | बजेट | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| २ | समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि | ५ | ३८५५६१ | ७.५० |
| ३ | उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | ७० | ८४४१८० | १६.४२ |
| ४ | उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा | ७ | ७६८१८ | १.४९ |
| ५ | स्वस्थ, शिक्षित र सिपयुक्त मानव पुँजी निर्माण | ३७ | ६२८६९२ | १२.२३ |
| ६ | गुणस्तरीय पूर्वाधार एवम् एकीकृत यातायात व्यवस्था प्रणाली | १११ | १९९८७५३ | ३८.८७ |
| ७ | आधुनिक, दिगो र व्यवस्थित शहरीकरण तथा बस्ती विकास | ५७ | १०३७७८८ | २०.१८ |
| ८ | लैङ्गिक समानता, सामाजिक न्याय र समावेशी रुपान्तरण | ११ | १६३४१ | ०.३२ |
| १० | गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण | ४ | ५५६९ | ०.११ |
| १२ | शासकीय सुधार तथा सुशासन प्रवर्द्धन | १० | ६११२० | १.१९ |
| १३ | जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र | १५ | ८७५७३ | १.७० |
| | **जम्मा** | **३२७** | **५१४२३९५** | **१००.००** |

### घ. प्राथमिकता क्रमका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

प्राथमिकताको आधारमा आ.व. २०८२/८३ का लागि विनियोजित बजेट तालिका ९.४ मा उल्लेख गरिएको छ।

**तालिका ९.४: प्राथमिकता क्रमका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट (रू. लाखमा)**

| क्र.सं. | प्राथमिकता क्रम संकेत | कार्यक्रम/ आयोजना संख्या | बजेट | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १ | पहिलो | २३५ | ४१५४३६४ | ८०.७९ |
| २ | दोस्रो | ९२ | ९८८०३१ | १९.२१ |
| | **जम्मा** | **३२७** | **५१४२३९५** | **१००.००** |

**ङ. दिगो विकास लक्ष्य संकेतका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

दिगो विकास लक्ष्य संकेतका आधारमा आ.व. २०८२/८३ का लागि विनियोजित बजेट तालिका ९.५ मा दिइएको छ।

**तालिका ९.५: दिगो विकास लक्ष्य संकेतका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट (रू. लाखमा)**

| संकेत नं | दिगो विकास लक्ष्य संकेत | कार्यक्रम/ आयोजना संख्या | बजेट | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ९ | २०५३१ | ०.४० |
| २ | शून्य भोकमरी | ५ | ७५१९ | ०.१५ |
| ३ | स्वस्थ जीवन | ४३ | ९३०७८७ | १८.१० |
| ४ | गुणस्तरीय शिक्षा | २ | ४२७८९ | ०.८३ |
| ५ | स्वच्छ पानी तथा सरसफाई | १० | ५०८७२ | ०.९९ |
| ६ | आधुनिक उर्जामा पहुँच | १० | ४३७३३ | ०.८५ |
| ७ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ८ | ४०८४९ | ०.७९ |
| ८ | उधोग, नवीन खोज र पूर्वाधार | १ | ७३५६ | ०.१४ |
| ९ | असामनता र न्यूनीकरण | ५० | ७२५९४० | १४.१२ |
| १० | जलवायु परिवर्तन अनुकूलन | २९ | ४५८४७६ | ८.९२ |

| संकेत नं | दिगो विकास लक्ष्य संकेत | कार्यक्रम/ आयोजना संख्या | बजेट | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| ११ | दिगो शहर र वस्ती | ५ | ६२४५५ | १.२१ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ७ | १२७५८ | ०.२५ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | २३ | २९५२२० | ५.७४ |
| १५ | भू-सतह स्रोतको उपयोग | ३१ | ५५९४२५ | १०.८८ |
| १६ | शान्ति, न्याय र सबल संस्था | १७ | ६३८७५६ | १२.४२ |
| १७ | दिगो विकासका लागि साझेदारी | ७७ | १२४४९२९ | २४.२१ |
| | **जम्मा** | **३२७** | **५१४२३९५** | **१००.००** |

**च. लैङ्गिक संकेतका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

लैङ्गिक संकेतका आधारमा आ.व. २०८२/८३ का लागि विनियोजित बजेट तालिका ९.६ मा उल्लेख गरिएको छ।

**तालिका ९.६: लैंगिक संकेतका आधारमा विकास कार्यक्रमको विनियोजित रकम (रू. लाखमा)**

| संकेत नं | लैंगिक संकेत | कार्यक्रम/ आयोजना संख्या | बजेट | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ८४ | १०५६३३३ | २०.५४ |
| २ | अप्रत्यक्ष लाभ | ९६ | १४६०४८० | २८.४० |
| ३ | तटस्थ | १४७ | २६२५५८२ | ५१.०६ |
| | जम्मा | **३२७** | **५१४२३९५** | **१००.००** |

**छ. जलवायु संकेतका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट**

जलवायु संकेतका आधारमा आ.व. २०८२/८३ का लागि विनियोजित बजेट तालिका ९.७ मा उल्लेख गरिएको छ।

## तालिका ९.७: जलवायु संकेतका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट (रू. लाखमा)

| संकेत नं | जलवायु संकेत | कार्यक्रम/ आयोजना संख्या | बजेट | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष | ७५ | ८१२८९६ | १५.८१ |
| २ | अप्रत्यक्ष | ९४ | १६०९१८९ | ३१.२९ |
| ४ | तटस्थ | १५८ | २७२०३१० | ५२.९० |
| | जम्मा | **३२७** | **५१४२३९५** | १००.०० |

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल ।
टेलिफोन नं. : ९७७-१-४२११००४, ४२१११३२
इमेल. : npc@npc.gov.np
वेवसाइट. : www.npc.gov.np